# राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्यको रणनीतिक ढाँचा

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर
२०७९, कार्तिक

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

मा. तप बहादुर मगर

**सदस्यहरू**

मा. सूर्यप्रसाद शर्मा ढुंङ्गेल

मा. मिहिर ठाकुर

मा. मनोज दुवाडी

मा. लिली थापा

**का. मु. सचिव**

मुरारिप्रसाद खरेल

**प्रकाशक :**
राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर ।
पो.ब.नं.९१८२, काठमाडौं, नेपाल

| | |
|---|---|
| प्रकाशन मिति | : २०७९, कार्तिक |
| प्रकाशन प्रति | : १००० |
| प्रकाशन नं. | : २९१/२०७९ (केन्द्रीय कार्यालय) |
| सर्वाधिकार | : राष्ट्रिय मानव अधिकार आयोग |
| मुद्रण सहयोग | : रणनीतिक योजना सहयोग परियोजना |
| मुद्रण | : मास्टरपिस विथ इम्याजिनेशन (९८५१०३१२५९) |


---

आयोगको पूर्व–स्वीकृतिविना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनैपनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई आवश्यक अंशहरु मात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## मन्तव्य

राष्ट्रिय संस्थाको हैसियतमा राष्ट्रिय मानव अधिकार आयोग स्थापनाकालदेखि नै मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्धन र मानव अधिकार संस्कृति विकासको लागि क्रियाशील रहिआएको स्वतन्त्र र स्वायत्त संस्था हो । नेपालको संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम यस आयोगले आफ्ना कर्तव्य निर्वाह गर्दै आएको छ ।

मानव अधिकारको संरक्षण, सम्बर्धन र त्यसको प्रभावकारी कार्यन्वयनको सुनिश्चितताको लागि आयोगले संस्थागत रुपमा काम थालनी गरेको २२ बर्ष पुरा भइसकेको छ । राष्ट्रिय मानव अधिकार आयोगले संवैधानिक तथा कानुनी काम, कर्तव्य निर्वाह गर्नेक्रममा सन् २००१ देखि विभिन्न आवधिक रणनीतिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । हालसम्म आयोगको पाँचौं रणनीतिक योजना कार्यान्वयन भइसकेको छ र छैटौं रणनीतिक योजना कार्यान्वयन चरणमा रहेको छ ।

मानव अधिकार संरक्षण, सम्बर्धन र यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्न तथा प्रभावकारिता अभिबृद्धि गर्न राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्यको महत्व हुने कुरा विगत देखि नै यस आयोगले महसुस गर्दै आएको छ । आयोगहरूबिचको आपसी समन्वय र सहकार्यलाई सुदृढ एवम् प्रभावकारी बनाउन ठोस रणनीति आवश्यक रहेकोले राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो छैटौं रणनीतिक योजना (सन् २०२१-२०२६) मा समेत समन्वय र सहकार्यको विषयलाई प्रथामिकतामा राखेको छ ।

संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्यका प्राथमिकता क्षेत्र पहिल्याई रणनीतिक ढाँचा तयार गर्ने क्रममा यस आयोगले विज्ञ टोली मार्फत एक अध्ययन गरेको थियो । उक्त अध्ययन प्रतिवेदन तर्जूमाको क्रममा मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरू, पूर्वपदाधिकारीहरु र सम्बन्धित सरोकारवालाहरूसँग गरिएका वृहत परामर्श, छलफल तथा अन्तरक्रियाहरूबाट प्राप्त पृष्ठपोषण समावेश गरी **राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्य सम्बन्धी रणनीतिक ढाँचा** तयार भएको छ । यो कार्य आफैंमा उपलब्धिमूलक रहेको र यसबाट सबै आयोगहरूमार्फत मानव अधिकारका विविध सवालहरुको सम्बोधन गर्न सहयोगी रहने कुरामा आयोग विश्वस्त रहेको छ । आयोगहरूबिचको समन्वय सहकार्यलाई संस्थागत गर्दै, दिगो र फलदायी बनाउने यस

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

रणनीतिक ढाँचाको उद्देश्य रहेको छ । यस रणनीतिक ढाँचाको प्रभावकारी कार्यन्वयनले समन्वयात्मक तवरबाट सबै आयोगहरूको कार्यसम्पादन हुने तथा मुलुकको मानव अधिकार अवस्थामा सुधार भई मानव संस्कृति निर्माणमा टेवा पुग्ने समेत मैले विश्वास लिएको छु ।

अन्त्यमा, यस रणनीतिक ढाँचा तयार गर्नमा सहयोग, सल्लाह र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूका माननीय अध्यक्षहरू श्री कमला पराजुली, श्री देवराज विश्वकर्मा, डा.रामकृष्ण तिमिल्सिना, श्री राम बहादुर थापा मगर, डा. विजय कुमार दत्त, श्री विष्णु प्रसाद चौधरी, श्री समिम मियाँ अन्सारी लगायत यस आयोगका पूर्व-पदाधिकारीहरू र माननीय सदस्यहरू, मानव अधिकार सम्बन्धी संवैधानिक आयोगका माननीय सदस्यहरू तथा सचिवहरू प्रति धन्यवाद व्यक्त गर्दछु । साथै यस प्रतिवेदन सम्बन्धमा अध्ययन गर्नुहुने विज्ञ टोली, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने सम्बन्धित सरोकारवालाहरू र प्रकाशनमा संयोजन गर्नुहुने आयोगका का.मु.सचिव श्री मुरारिप्रसाद खरेल, सहसचिवहरू श्री दीपकजङ्गध्वज कार्की र श्री सम्झना शर्मा, उपसचिव श्री माया देवी शर्मासहित आयोगको रणनीतिक योजना सहयोग परियोजनाका कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

तप बहादुर मगर

अध्यक्ष

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
**केन्द्रीय कार्यालय (Central Office)**
**हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)**


## भूमिका

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्नु राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख कर्तव्य रहेको छ । उक्त कर्तव्य पुरा गर्ने क्रममा सबै सरोकारवालाहरूबिच सहयोग, समन्वय र सहकार्यको महत्वलाई आत्मसात गरी आफ्नो रणनीति र कार्यक्रमहरूमा उक्त विषयलाई समावेश गर्दै आएको छ । आयोगले नागरिक समाजसँग समन्वय र सहकार्य गर्न २०६९ सालमा निर्देशिका समेत तर्जुमा गरी मानव अधिकार अवस्थाको अनुगमन, वकालत, बहस तथा पैरवी लगायतका कार्यहरू निरन्तर गर्दै आइरहेको छ ।

नेपालको संविधानमा व्यवस्था भएका मानव अधिकार सम्वन्धी संवैधानिक आयोगहरूको समन्वयात्मक भूमिकाले मानव अधिकारका विविध सवालहरूको सम्वोधनमा थप सघाउ भई मुलुकमा मानव अधिकारको संस्कृती निमार्णमा सहयोग पुग्ने हुँदा राष्ट्रिय मानव अधिकार आयोगले त्यस्ता विषयगत आयोगहरूसँगको सहकार्यलाई अझै व्यवस्थित एवम् प्रभावकारी बनाउने उद्देश्यले विज्ञ समुहमार्फत रणनीतिक ढाँचा सहितको अध्ययनगरी आयोगलाई प्रतिवेदन बुझाएको थियो ।

उक्त अध्ययन प्रतिवेदन उपर मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूका पदाधिकारीहरू,सचिव एवं कर्मचारीहरू, मानव अधिकारकर्मीहरू तथा आयोगका कर्मचारीहरूसँग समेत विभिन्न चरणमा भौतिक उपस्थिति तथा भर्चूवल प्रविधिमार्फत छलफल गरिएको थियो । विज्ञ समुहले दिएको प्रतिवेदन तथा छलफलबाट प्राप्त सुझावहरूको संकलन तथा पृष्ठपोषण गरी आयोगले **राष्ट्रिय मानवअधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरू बिच समन्वय र सहकार्यको रणनीतिक ढाँचा** तयार गरेको छ । यस ढाँचाको कार्यान्वयनले आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरू बिच मानवअधिकार संरक्षण तथा सम्वर्द्धनको कार्यमा प्रभावकारिता अभिबृद्धि हुने अपेक्षा गरिएको छ ।

यस रणनीतिक ढाँचा प्रतिवेदन तयार गरिदिनु हुने विज्ञ समुहका संयोजक श्री राजुप्रसाद चापागाईं तथा सदस्यहरू श्री सरज राज थापा, श्री श्याम विश्वकर्मा र श्री विनिता विश्वकर्मालाई विशेष धन्यवाद दिन चाहान्छु । उक्त प्रतिवेदन उपर सुझाव प्रदान गर्ने सबै आयोगका कर्मचारीहरू तथा सरोकारवालाहरू साथै प्रकाशनका लागि यस रुपमा ल्याउन आवश्यक समन्वय, संयोजन तथा सम्पादन गर्ने राष्ट्रिय मानव अधिकार आयोगका सहसचिवहरू श्री दिपकजङ्गध्वज कार्की, श्री सम्झना शर्मा र उपसचिव श्री मायादेवी शर्मा तथा यस कार्यमा सहयोग पुर्‍याउने आयोगको सबै कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहान्छु । यस रणनीतिक ढाँचालाई प्रकाशन गर्न सहयोग गर्नुहुने राष्ट्रिय मानव अधिकार आयोग, रणनीतिक योजना सहयोग परियोजनाका कर्मचारीहरूलाई धन्यवाद दिन चाहान्छु ।

मुरारिप्रसाद खरेल
का.मु. सचिव


**फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल**
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org

# विषयसूची

**परिच्छेद – १**

**पृष्ठभूमि** ...... ११

**परिच्छेद – २**

**समन्वय र सहकार्य सम्बन्धी रणनीतिक ढाँचा** ...... १४

२.१ रणनीतिक ढाँचाको आवश्यकता, उद्देश्य, विधि र प्रक्रिया ...... १४

२.२ रणनीतिक ढाँचाको सीमा तथा क्षेत्र ...... १८

**परिच्छेद – ३**

**नेपालमा मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको परिचय, व्यवस्था र अन्तरसम्बन्ध** ... १९

३.१ राष्ट्रिय मानव अधिकार संस्थाको अवधारणागत विकास ...... १९

३.२ नेपालमा मानव अधिकार सम्बन्धी संस्थाहरूको गठन, ऐतिहासिक विकासक्रम ...... २०

३.३ मानव अधिकार संस्थाहरूको कार्यादेशः अन्तरसम्बन्ध र परिपुरक भूमिका ...... २४

३.४ समन्वय र सहकार्यको अवस्था विश्लेषण ...... २६

३.५ समन्वय र सहकार्यको तुलनात्मक अनुभव ...... ३१

३.६ मानव अधिकार संस्थाहरूको सान्दर्भिकता, चुनौती र अवसरहरु ...... ३४

**परिच्छेद – ४**

**समन्वय र सहकार्यको साझा रणनीतिक ढाँचा** ...... ३५

४.१ रणनीतिक ढाँचाको आवश्यकता ...... ३५

४.२ अपेक्षित उपलब्धि ...... ३७

४.३ रणनीतिक ढाँचाको मुलभूत उद्देश्य ...... ३८

४.४ समन्वय र सहकार्यका मार्गदर्शक सिद्धान्त तथा मुल्य मान्यताहरु ...... ३८

४.५ समन्वय तथा सहकार्य सम्बन्धमा पालना गर्नुपर्ने आचारसंहिता ...... ३९

४.६ आयोगहरुबिच समन्वय र सहकार्य संयन्त्र गठन तथा व्यवस्थापन ...... ४१

४.७ कार्यगत समन्वय समिति ...... ४३

४.८ अनुगमनमा सहकार्यको ढाँचा ...... ४६

**परिच्छेद – ५**


**रणनीतिक प्राथमिकता तथा कार्यदिशाहरू** ........ ५०

५.१ आयोगहरूबिचको पारस्परिक अनुभव तथा सूचना आदानप्रदान ........ ५०

५.२ मानव अधिकार सम्बर्द्धन ........ ५१

५.३ मानव अधिकारको संरक्षण र वकालत ........ ५२

५.४ अन्तर्राष्ट्रिय तहमा प्रतिनिधित्व र प्रतिवेदन ........ ५३


**परिच्छेद – ६**


**कार्यान्वयनका उपायहरू** ........ ५५

६.१ रणनीतिक ढाँचा उपर सामुहिक स्वामित्व स्थापित गर्ने ........ ५५

६.२ समन्वय र सहकार्य संयन्त्र ........ ५५

६.३ संयन्त्र सञ्चालनका विधि, प्रकृया तथा श्रोतको प्रवन्ध ........ ५५

६.४ आवधिक समीक्षा तथा मुल्यांकन ........ ५५


**परिच्छेद – ७**


**जोखिम विश्लेषण तथा न्यूनीकरणका उपायहरू** ........ ५६

जोखिम ........ ५६

जोखिम न्यूनीकरणका उपाय ........ ५६


**अनुसूची**


**अनुसूची – १** ........ **५७**

**अनुसूची – २** ........ **५९**

**अनुसूची – ३** ........ **६३**

**अनुसूची – ४** ........ **६४**

**अनुसूची – ५** ........ **६७**

**अनुसूची – ६** ........ **६९**

**अनुसूची – ७** ........ **७९**

परिच्छेद - १

# पृष्ठभूमि

प्रत्येक व्यक्तिले सम्मानपूर्वक बाँच्नको लागि आफ्नो हक अधिकारको उपभोग गर्न पाउने नैसर्गिक अधिकार नै मानव अधिकार हो । मूलतः प्रत्येक नागरिकको मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपालना गर्ने प्रमुख दायित्व राज्यकै रहेको हुन्छ । राज्यले मानव अधिकारप्रतिको प्रतिवद्धता पूरा गरे नगरेको सम्बन्धमा मानव अधिकारको अवस्था अनुगमन, अध्ययन तथा अनुसन्धान गरी मानव अधिकारको स्थितिमा सुधार ल्याउन र राज्यलाई जिम्मेवार एवम् उत्तरदायी बनाउन राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका अहम् रहने विश्वव्यापीरूपमा स्वीकार गरिएको छ ।

सोही मान्यतालाई आत्मसात् गरी स्वतन्त्र र स्वायत्त मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरूको गठन र संचालन सम्बन्धी संयुक्तराष्ट्रसंघद्वारा सन १९९३ मा संकल्प प्रस्ताव (Resolution) नं ४८/१३४ द्वारा पेरिस सिद्धान्त प्रतिपादन भएको थियो । सोही मान्यतालाई आत्मासात गरी नागरिक अभियान, सर्वोच्च अदालतको आदेश लगायत मानव अधिकारप्रति सरकारको प्रतिवद्धताका आधारमा मानव अधिकार आयोग ऐन २०५३ बमोजिम वि.सं.२०५७ साल जेठ १३ गते नेपालमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको हो । देशमा शसस्त्र द्वन्द्व चलिरहेको अवस्थामा स्थापित यस आयोगलाई अन्तरिम संविधान २०६३ ले संवैधानिक हैसियत प्रदान गरेको र नेपालको संविधानको भाग २५ मा विस्तृत कार्यादेश सहित संवैधानिक हैसियतलाई निरन्तरता दिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगलाई समग्र मानव अधिकारको संरक्षण, सम्वर्द्धन र यसको प्रभावकारी कार्यान्वनको सुनिश्चितता गर्ने संवैधानिक कार्यादेश रहेको, त्यसैगरी राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग क्रमशः महिला र दलित समुदायको हक अधिकारको संरक्षण तथा संवर्द्धनको कार्यादेश सहित विगत देखिनै क्रियाशील रहँदै आएका छन् ।

राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोग नेपालको संविधान जारी भएपश्चात गठन भई क्रियाशील रहेका छन् । नेपालको संविधानको भाग २७ मा ७ वटा मानव अधिकार सम्बन्धी विषयगत संवैधानिक आयोगहरूको व्यवस्था गरिएको छ ।

यसै सन्दर्मा राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा समन्वय र सहकार्य गर्दा आयोगहरूको कार्यादेशको बारेमा दुविधा र दोहोरोपना नहुने, सबै प्रकारका मानव अधिकारका सवालहरूको सम्बोधन सम्भव हुने, स्रोतसाधनको मितव्ययीता कायम हुने र मानव अधिकार अवस्थामा सुधार आई मानव अधिकार संस्कृतिको विकास हुन सक्दछ । तसर्थ सामुहिक प्रयासबाट गरिएका

कार्यहरूले सरकारलाई जिम्मेवार र उत्तरदायि बनाउन मद्दत पुगी नागरिकहरूको हक अधिकार र स्वतन्त्रताको उपभोगको वातावरण निर्माण हुनेछ । त्यसैले मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको कार्यहरूलाई प्रभावकारी तवरले सम्पन्न गर्नको लागि समन्वय र सहकार्यलाई चुस्त दुरूस्त र परिणाममुखी बनाउन आवश्यक रहेको छ ।

नागरिकको हक अधिकार प्राप्तीको लागि नेपालमा विभिन्न राजनीतिक आन्दोलन र मानव अधिकार अभियानहरु भएका छन् । वि.सं. २०४६ सालको जनआन्दोलनले नागरिक तथा राजनीतिक अधिकारलाई स्थापित गरेको, वि.सं. २०६३ सालको जनआन्दोलनले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका साथै नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गरी मानव अधिकारलाई अझ व्यापक र समावेशी बनाएको छ ।

नेपालमा दशक लामो सशस्त्र द्वन्द्व, ०६२/६३ को जनआन्दोलन, थरूहट आन्दोलन, मधेश आन्दोलन एवम् राजनीतिक तथा सामाजिक लगायतका आन्दोलनको पृष्ठभूमिमा संविधानसभाबाट पारित भई जारी भएको नेपालको संविधानको प्रस्तावनाले मौलिक हक, मानव अधिकार, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण र नागरिक स्वतन्त्रतालाई लोकतन्त्र, दिगो शान्ति र समृद्धिको आधारशिलाको रूपमा स्थापित गरेको छ ।

तदनुरूप संविधानको भाग तीनमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई महत्व दिई मौलिक हकमा व्यवस्था गरिएको छ । नेपालले अधिकांश मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि, महासन्धीहरूको पक्ष राष्ट्र भई अन्तर्राष्ट्रियस्तरमा समेत मानव अधिकारप्रतिको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्तिको दायित्वलाई स्वीकार गरेको छ ।

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दायित्व बमोजिम संयुक्तराष्ट्रसंघीय वडापत्र र सन्धीजन्य निकायहरूमा आधारित सम्यन्त्रबाट प्राप्त सुझाव तथा निश्कर्षहरूको साथै दिगो विकास लक्ष्य (SDG, 2030) को समेत कार्यान्वयन गर्ने दायित्व नेपाल सरकारलाई रहेको छ ।

विभिन्न चुनौतीहरूका बावजुद पनि नेपालमा मानव अधिकार सम्बन्धी संघ संस्थाहरूले खेलेका भूमिका सकारात्मक रहेको पाइन्छ । राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा निर्वाह गरेको भूमिका, अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयन, द्वन्द्वकालिन समयमा निर्वाह गरेको भूमिका लगायतको कार्यबाट आयोगलाई राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी संगठनले (Global Alliance for National Human Rights Institutions) मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरूको स्तर निर्धारण गर्दा स्थापना कालदेखि नै क श्रेणी "A" Status मा राख्दै आइरहेको छ । जुन नेपालको लागि प्रतिष्ठाको विषय रहेको छ ।

हालसम्म पनि संक्रमणकालीन न्याय टुंगोमा पुग्न नसकेको, पीडितहरूले न्यायको अनुभूति गर्न नसकिरहेको, वेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति हालसम्म सार्वजनिक हुन नसकेको, विस्तृत शान्ति सम्झौताको प्रभावकारी कार्यान्वयन हुन नसकेको, संविधानमा व्यवस्था भएका

मौलिक हकहरूको कार्यान्वयन अवस्था फितलो रहेको र दण्डहीनताको अवस्था विद्यमान रहेकोले नेपालको मानव अधिकार अवस्था सन्तोषजनक हुन सकेको छैन । समाजमा अझैपनि जातियता, लैङ्गिकता लगायतका भेदभाव र असमानता कायमै छन् । समाजमा गरिबी, बेरोजगारी, आर्थिक तथा सामाजिक अधिकारबाट वञ्चितीमा परेका जनसंख्याको ठुलो हिस्सा रहेको छ । पछिल्ला समयमा विश्वलाई नै आक्रान्त पारेको कोभिड १९ महामारीले नेपालमा समेत गरिबी, विभेद, वहिष्करण, बेरोजगारी, आर्थिक र सामाजिक असमानता बृद्धि भएको छ ।

मानव अधिकार स्थितिमा सुधार ल्याउन राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका अहम् हुनेकुरा विश्वव्यापी रूपमा स्वीकारिएको छ ।[1] तथापी राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको भूमिका अपेक्षितरूपमा प्रभावकारी हुन सकिरहेको छैन । विगत देखि अस्तित्वमा रहेका र पछि स्थापना भएका आयोगहरूका आ–आफ्नै समस्या तथा चुनौतीहरु रहेका छन । आयोगहरूमा पर्याप्त श्रोतसाधनको कमी, अपर्याप्त जनशक्ति, आयोगका शिफारिसहरूको पूर्ण कार्यान्वयन हुन नसक्नु, यथा समयमा केही आयोगहरूमा पदाधिकारीहरूको नियुक्ति नहुने अवस्था जस्ता कारणहरूले आयोगका कामकारवाहीहरु प्रभावित हुने गरेको पाइन्छ । संविधान जारी भएको लामो समय वितिसक्दा पनि संविधानसँग तादात्म्यता हुने गरी, सर्वोच्च अदालतको फैसला तथा अन्तर्राष्ट्रिय पेरिस सिद्धान्त बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको ऐन, २०६८ संशोधन हुन सकिरहेको छैन ।

समन्वय र सहकार्यमा अन्यौलताको अवस्था आउन नदिन पछिल्लो समयमा आयोगहरूबिच समन्वय र सहकार्यको विषयका बहस र छलफलले प्राथमिकता पाउँदै आएको छ । समन्वयलाई संस्थागत गर्दै दिगो र फलदायी बनाउनुपर्ने आवश्यकतामा राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु र सरोकारवालाहरूले जोडदिँदै आएका छन । यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना (२०२१-२०२६) मा पनि समन्वयको विषयलाई प्रथामिकता दिईएको छ ।[2]

यस परिप्रेक्ष्यमा समन्वय र सहकार्यको ढाँचा एवम् समन्वय र सहकार्यको प्राथमिकताका क्षेत्र पहिल्याउने र समन्वयका लागि ठोस आधार तयार गर्न रणनीतिक दस्तावेजको आवश्यकता महशुस गरिएको छ । सो आवश्यकतालाई पूर्ति गर्नका लागि सरोकारवालाहरूसँगको परामर्शमा प्रस्तुत "**राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्यको रणनीतिक ढाँचा**" तयार पारिएको हो ।

1 हेर्नुहोसः Report of the Secretary-General on National institutions for the promotion and protection of human rights (A/74/226), 25 July 2019. pdf (undocs.org)

परिच्छेद-२

# समन्वय र सहकार्य सम्बन्धी रणनीतिक ढाँचा

## २.१ रणनीतिक ढाँचाको आवश्यकता, उद्देश्य, विधि र प्रक्रिया

नेपालको संविधानको प्रस्तावनाले नै मानव अधिकारको विषयलाई विशेष स्थान दिएको पाइन्छ । संविधानले परिकल्पना गरेको मानव अधिकारको प्रत्याभूतिलाई साकार पार्न संविधानमा उल्लेखित भएका राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगका काम, कर्तव्य र अधिकारप्रतिको बुझाईमा एकरूपता कायम गर्न, काममा हुने दोहोरोपन हटाउन, साधन स्रोतको प्रयोगमा मितव्ययीता अवलम्बन गर्न, मानव अधिकारका सवालहरूमा साझा बुझाई कायम राख्न राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको भूमिकालाई प्रभावकारी वनाउन आवश्यक रहेको छ । यसका लागि सबै आयोगहरूबिचको समन्वय र सहकार्यलाई व्यवस्थित र नियमित गर्न रणनीतिक ढाँचा आवश्यक रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाकोरूपमा लिइन्छ । मानव अधिकार संस्थाहरूबिचको आपसी समन्वय र सहकार्यलाई राष्ट्रसंघले पनि जोड दिएको छ । मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूबिचको समन्वय र सहकार्यको आवश्यकतालाई पेरिस सिद्धान्तमा समेत आत्मसात गरिएको छ । सञ्चालनको विधिसम्बन्धी सिद्धान्तहरु अन्तर्गत मानव अधिकारको संरक्षण र सम्वर्द्धनको जिम्मेवारी भएका समान प्रकृतिका अन्य संस्थाहरूसँगको परामर्शलाई राष्ट्रिय मानव अधिकार संस्थाले कायम राख्नु पर्ने व्यवस्था छ । त्यसका अलावा संयूक्त राष्ट्रसंघको साधारण सभाले अलग्गै प्रस्ताव पारित गरेर राष्ट्रिय मानव अधिकार संस्थाहरूबिचको पारस्परिक सहयोगका संयन्त्रहरु विकास गर्न आव्हान गरेको छ । खासगरी ती संस्थाहरूका गतिविधिको संयोजन गर्न, उपलब्धिहरूलाई सुदृढ पार्न र सिकाईको विनिमयका लागि सवलिकृत गर्नको लागि त्यस किसिमको संयन्त्रको विकास गर्न भनिएको छ ।[3]

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूले विगतमा पनि समन्वय र सहकार्य गर्दै आइरहेका छन् । यद्यपी समन्वय र सहकार्यका ती कार्यहरूलाई संस्थागत र प्रभावकारी तवरले व्यवस्थित गर्न सकिएको थिएन । हाल संघीय प्रणाली अन्तर्गत

---

3 Encourages Member States: (a) To consider the creation or the strengthening of independent and autonomous Ombudsman, mediator and other national human rights institutions; (b) To develop, where appropriate, mechanisms of cooperation between these institutions, where they exist, in order to coordinate their action, strengthen their achievements and enable the exchange of lessons learned; ***-General Assembly Resolution (A/RES/63/169), 20 March 2009***

तीन तहका सरकारहरु रहेका छन् । मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति गर्ने दायित्व सबै तहको सरकारको रहेको हुन्छ । सबै तहका सरकारहरूलाई नागरिकका हक अधिकारप्रति जवाफदेही बनाउने विषय चुनौतीपूर्ण रहेको छ । यस अवस्थामा आयोगहरूबिचको समन्वयलाई संस्थागत र प्रणालीगत बनाएर जानुपर्ने र यसका लागि रणनीतिक ढाँचाको आवश्यकता रहेको कुरामा जोड दिदै राष्ट्रिय मानव अधिकार आयोगका पूर्व पदाधिकारीहरु र सरोकारवालाहरूबाट ती आयोगहरूलाई प्राप्त कार्यादेश संविधान र कानून अनुरूपको व्यवस्थाको वुझाई, आचरण, काम कारवाही र व्यवहार पनि अन्तरसम्बन्धित र परिपूरक हुन जरूरी छ भन्ने सुझाव तथा परामर्शहरु प्राप्त भएका छन् । आयोगका कामकारवाहीमा दोहोरोपनलाई हटाई श्रोतसाधनको प्रभावकारी उपयोगद्वारा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई परिणाममुखी बनाउन रणनीतिक ढाँचाको आवश्यकता रहेकोमा सरोकारवालाहरूको समान बुझाई रहेको देखिन्छ ।

संविधानले किटानी गरिएको मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको कार्यादेशमा नै आयोगहरूबिचको समन्वय र सहकार्य अन्तरनिहित रहेको मान्नुपर्ने हुन्छ । मानव अधिकारको सरोकारका विषयहरूमा आयोगहरूबिच र अन्य सरोकारवालाहरूसँगको समन्वयात्मक सम्बोधनले नै मानव अधिकारको संरक्षण र प्रवर्द्धन प्रभावकारी हुन सक्छ । राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना तथा नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना लगायतका दस्तावेजहरूमा पनि मानव अधिकारको संरक्षणलाई प्रभावकारी बनाउनका लागि समन्वय र सहकार्यको अवश्यकता वोध गर्न खोजेको देखिन्छ ।

यसर्थ,राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धि संवैधानिक निकायहरूबिच समन्वयको रणनीतिक प्रयासको आवश्यकता रहेको विषय निर्विवाद छ । एक अर्काबिचको सम्वाद र सहयोग आदान प्रदानलाई प्रणालीगत रूपमा नै मूलप्रवाहिकृत गर्न आवश्यक देखिएको छ । मानव अधिकार संस्थाहरूबिच समन्वय र सहकार्यको लक्ष्य, उद्देश्य र प्राथमिकताहरु तय गर्नुपर्ने र मानव अधिकारको संरक्षण र सम्वर्द्धनको कामको सबैले स्वामित्व बोध गरेर अगाडि वढ्ने वातावरण निर्माण गर्नु आवश्यक छ । मानव अधिकार संस्थाहरूबिचमा नियमित रूपमा समन्वय तथा सहकार्यलाई निर्देशित तथा सहजिकृत गर्ने संरचनागत ढाँचाको निर्माण जरूरी देखिएको छ ।

आपसी समन्वय, सहकार्य र अन्तरक्रियाले एकअर्कालाई टेवा पुर्याउँदै मानव अधिकारका सवालहरूमा समन्वयात्मक सम्बोधन गर्न सकिन्छ भन्ने तथ्य अन्य देशको अनुभवले पनि देखाएको छ । यसवाट अन्ततः संविधानले अपेक्षा गरे अनुरूप मानव अधिकार तथा मौलिक हकको व्यवहारिक उपभोगको वातावारण सिर्जना गर्नमा बल पुग्दछ । सहकार्य र समन्वय संविधान र ऐन बमोजिम प्राप्त कार्यादेशको आधारमा तथा नागरिकप्रतिको उत्तरदायित्वको उपजको रूपमा रहेको हुन्छ ।

कार्यगत दोहोरोपन तथा रिक्ततालाई परिपूर्ति गर्न आयोगहरूको कार्यादेशबारेको बुझाईमा एकरूपता ल्याउन तथा मानव अधिकारका विषयहरूमा साझा बुझाई ल्याउन समन्वय र सहकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

आयोगहरूबाट मानव अधिकारका विविध विषयहरूमा गरिएका सिफारिसहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन जरूरी रहेको छ । मानव अधिकार शिक्षा लगायत शिक्षामूलक तथा जनचेतनामूलक प्रवर्द्धनात्मक क्रियाकलापहरु समन्वयात्मक रूपमा सम्पादन गर्नको लागि समन्वय र सहकार्य आवश्यक छ ।

समन्वय र सहकार्यलाई व्यवस्थित र नियमित गर्ने उद्देश्यले सरोकारवालाहरूसँग विगत देखिनै छलफल र वहस हुँदै आएको भएपनि यस किसिमको रणनीतिक ढाँचा निर्माण गर्न ठोस प्रयास अगाडि बढेको थिएन । नेपालको संविधानले मानव अधिकार सम्बन्धी संवैधानिक विषयगत आयोगहरूको समेत व्यवस्था गरी सातवटा आयोगहरु स्थापना गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग र यी आयोगहरूबिच मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि समन्वय र सहकार्य गर्नको लागि रणनीतिक ढाँचा निर्माण गर्ने उद्देश्यले आयोगबाट विज्ञ समुहको टोलीमार्फत एक अध्ययन भएको थियो । अध्ययनको क्रममा राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु र सम्बन्धित सरोकारवालाहरूबिच बृहत छलफल तथा परामर्श गरी सुझाबहरु समेत समावेश गरी यो रणनीतिक ढाँचा तयार गरिएको छ ।

समन्वय तथा सहकार्य सम्बन्धी यस रणनीतिक ढाँचा निर्माण गर्ने क्रममा तपसिल बमोजिमको विधी र प्रक्रिया अवलम्बन भएको थियो ।

१. **पूर्व कार्यको समीक्षा तथा सन्दर्भ सामग्री अध्ययन** : नेपालमा मानव अधिकार संस्थाहरूको सम्वन्धमा विद्यमान कानून, नीति, रणनीति, योजना तथा प्रतिवेदनहरु र विभिन्न देशहरूका मानव अधिकार संस्थाहरूबिचको समन्वय र सहकार्य सम्बन्धी अनुभव र सिकाईहरूबारे अध्ययन भएको थियो ।

२. **वैठक, समूह केन्द्रित छलफल तथा परामर्श**: यस रणनीतिक ढाँचा निर्माण प्रकृयामा सरोकारवालाहरूसँग परामर्श र वृहत छलफल गरि सुझाव संकलन गरिएको थियो । परामर्ष तथा छलफल गरिएका व्यक्ति र निकायहरूको सूची अनु सूची १ मा समावेश गरिएको छ । आयोगको पूर्व पदाधिकारीहरु लगायत मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूका पदाधिकारीहरूसँग समेत विभिन्न समयमा सहकार्य र समन्वय सम्बन्धी विषयमा वैठकहरु सम्पन्न गरिएको थियो ।

३. **रणनीतिक ढाँचाको मसौदा माथि सुझाव संकलन** : विज्ञ समूहले तयार गरेको समन्वय र सहकार्य राणनीतिक ढाँचा मसौदा प्रतिवेदनमा विभिन्न मितिमा छलफल गरी

सम्बन्धित सरोकारवालाहरूको सुझाव लिईएको थियो । छलफलको क्रममा आयोगका पूर्व अध्यक्ष र पूर्व सदस्यहरूसँग मिति २०७८/२/३१ गते सुझाव संकलन गरेको थियो । आयोगका कर्मचारीहरूबाट आवश्यक सल्लाह तथा सुझावहरु संकलन गर्ने उद्देश्यले मिति २०७८/०४/२५ गते विद्युतीय माध्यमबाट कार्यक्रमको आयोजना गरेको थियो । प्रस्तुत् कार्यक्रममा आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरूको उपस्थिति रहेको थियो । आयोगका माननीय अध्यक्ष तथा पदाधिकारीहरूबाट आवश्यक सल्लाह तथा सुझावहरु संकलन गर्ने उद्देश्यले मिति २०७८/०४/२५ गते जुममार्फत भर्चूवल विधीबाट कार्यक्रम संचालन गरी सुझाव संकलन गरेको थियो । त्यसै गरि उक्त प्रतिवेदनमा मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूसँग विभिन्न मितिमा पत्राचार र इमेल गरि लिखित तथा मौखिक रूपमा सल्लाह र सुझावहरु संकलन गरेको थियो

४. **संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्य सम्बन्धी नगरकोट कार्यशाला र उपलब्धि:** विज्ञ समुहबाट तयार गरिएको रणनीतिक ढाँचाको मसौदा उपर राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको पदाधिकारीहरु सहितको उपस्थितिमा संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्य सम्बन्धी कार्यशाला मिति २०७८/०७/२८ देखि २०७८/०८/०३ गतेसम्म नगरकोटमा सम्पन्न भएको थियो । उक्त कार्याशालामा राष्ट्रिय मानव अधिकार आयोगको माननीय सदस्य डा.सूर्यप्रसाद शर्मा ढुंगेलको संयोजकत्वमा सातैवटा आयोगका माननीय सदस्यहरूको संलग्नता रहेको आगामि कार्यदिशा तर्जूमा सम्बन्धी एक कार्यदल (wayforward taskforce) गठन भई कार्य गरेको थियो । कार्याशालामा उपस्थित पदाधिकारी र कर्मचारीहरूको नामावली अनुसूची २ मा र आगामि कार्यदिशा तर्जूमा कार्यदल (wayforward taskforce) मा रही कार्यगरेका पदाधिकारीहरूको नामावली अनुसूची ३ मा समावेश गरिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्य सम्बन्धमा छलफल गर्ने उद्देश्यले नगरकोटमा एक कार्यशाला आयोजना गरिएको थियो ।कार्यशालामा सबै आयोगका माननीय अध्यक्ष तथा सदस्यहरु र सचिवहरु लगायत राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव, उपसचिव तथा अधिकृत कर्मचारीहरूको सहभागीता रहेको थियो । यस कार्यशालाले सबै संवैधानिक आयोगहरूको संवैधानिक एवम् कानूनी क्षेत्राधिकारको बारेमा स्पष्टता तथा बुझाईमा एकरूपता कायम गर्न मद्दत पुगेको, असल अभ्यासहरूको अनुभव आदानप्रदानभई आयोगहरूबिच समन्वय र सहकार्य अभिवृद्धिमा सघाउ पुग्न गएको, मानव अधिकार संरक्षण तथा सम्वर्द्धनको लागि सबैबाट ऐक्यवद्धता र प्रतिवद्धता व्यक्त भएको, समन्वय र सहकार्य गर्न नीति/कार्यविधि सहित पदाधिकारी र कर्मचारीहरूको संलग्नताको

विभिन्न समितिहरु तथा सम्यन्त्र निर्माणको आवश्यकता रहेकोबारे छलफल भएको, समन्वय र सहकार्यको विषयगत क्षेत्रहरूको पहिचान हुन सकेको, मानव अधिकार संरक्षणका लागि सचेतना, सशक्तिकरण र प्रवर्द्धनात्मक कार्यहरु संयुक्त ढंगले गर्नुपर्ने आवश्यक रहेको र दिपक्षीय, बहुपक्षीय समझदारी पत्र (MOU), स्रोतसाधनको प्राप्ती, उपयोग तथा परिचालनमा समेत समन्वय र सहकार्य गर्न आवश्यक रहेको, सबै आयोगहरूलाई लैङ्गिकमैत्री कार्य वातावरण बनाउने विषयहरूमा छलफल गरिएको थियो । कार्यशालामा छलफल गरिएका विषयबस्तु र संरचनाको आधारमा समेत यो रणनीतिक ढाँचा निर्माण तथा परिमार्जन गर्न मद्दत पुगेको थियो ।

कार्यशाला अवधिमा मानव अधिकारको साझा विषयमा प्रेस विज्ञप्ति मार्फत सम्बोधन गरिएको थियो । उक्त प्रेस विज्ञप्ति अनुसूची ४ मा समावेश गरिएको छ ।

## २.२ रणनीतिक ढाँचाको सीमा तथा क्षेत्र

यो रणनीतिक ढाँचाले लक्ष्य र उद्देश्यलाई परिभाषित गर्ने तथा दीर्घकालिन रूपमा राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वयात्मक रूपमा सहकार्य गर्न आवश्यक रणनीतिक प्राथमिकताका क्षेत्र तथा कार्यदिशा तयगर्ने कुरालाई नै प्रमुख रूपमा आफ्नो क्षेत्र भित्र समेटको छ । तर अन्तर्राष्ट्रिय, राष्ट्रिय, स्थानीय तह सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग पनि यस प्रकारको समन्वय र सहकार्यको आवश्यकताको महसुस भएकोले उक्त विषयलाई समेत आगामी दिनमा ध्यान दिनुपर्ने देखिन्छ ।

परिच्छेद - ३

# नेपालमा मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको परिचय, व्यवस्था र अन्तरसम्बन्ध

## ३.१. राष्ट्रिय मानव अधिकार संस्थाको अवधारणागत विकास

मानव अधिकार प्रारम्भ देखिनै राष्ट्रसंघको मुलभूत सरोकारको विषय बन्दै आएको छ । सदस्य राष्ट्रहरूले सन्धि सम्झौतामा प्रतिवद्धता जनाए अनुरूप दायित्व पुरा गरे नगरेको अनुगमन गरी सदस्य राष्ट्रहरूको मानव अधिकार स्थितिमा सुधार ल्याउन राष्ट्रिय मानव अधिकार संस्थाको आवश्यकतामा राष्ट्रसंघले जोड दिंदै आएको देखिन्छ । सन् १९४६ मा नै आर्थिक तथा सामाजिक परिषदले सदस्य राष्ट्रहरूको वैठक बोलाएर मानव अधिकारको कार्यादेश भएका राष्ट्रिय संस्थाहरू स्थापनाका लागि प्रेरित गरेको थियो । सन् १९७८ मा राष्ट्रसंघीय मानव अधिकार आयोगले आयोजना गरेको अन्तर्राष्ट्रिय कार्यशालामा भएको छलफलको आधारमा राष्ट्रिय मानव अधिकार संस्थाहरूसम्बन्धी मस्सौदा निर्देशिका तयार पारिएको थियो । मानव अधिकार आयोग र महासभाले उक्त मस्सौदा निर्देशिकालाई मान्यता दिएका थिए । महासभाले तदनुरूप राष्ट्रिय संस्थाहरू स्थापनाका लागि उपयुक्त कदम चाल्न आब्हान समेत गरेको थियो । सन् १९९१ मा पेरिसमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको बारेमा अन्तर्राष्ट्रिय कार्यशाला सम्पन्न भएको थियो । उक्त कार्यशालाले राष्ट्रिय मानव अधिकार संस्थाहरूको बारेमा सिद्धान्तहरू ग्रहण गरेको थियो । तीनै सिद्धान्तहरूलाई पेरिस सिद्धान्त भनिन्छ । सन् १९९३ मा भियनामा भएको मानव अधिकार शिखर सम्मेलनले पेरिस सिद्धान्तसँग तदाम्यता राख्नेगरी स्थापित भएका राष्ट्रिय संस्थाहरूलाई मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि महत्वपूर्ण र रचनात्मक योगदानकर्ताको रूपमा मान्यता दिएको थियो । साथै १९९३ डिसेम्बरमा महासभाले एउटा प्रस्ताव पारित गरेर पेरिस सिद्धान्तलाई राष्ट्रसंघीय सिद्धान्तको रूपमा ग्रहण गरेको थियो । पेरिस सिद्धान्तलाई नै राष्ट्रिय मानव अधिकार संस्थाको वैधता र विश्वसनीयता जाँच्ने मानकको रूपमा उपयोग गर्दै आईएको छ ।[4]

राष्ट्रिय मानव अधिकार संस्थाहरूको प्रत्यक्ष सम्बन्ध मानव अधिकार उल्लङ्घनका पीडितको प्रभावकारी कानूनी उपचारको हकसँग जोडिएको छ । अधिकार वा स्वतन्त्रताको उल्लङ्घनबाट पीडित व्यक्तिको प्रभावकारी उपचार पाउने हक अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि सम्झौता अन्तर्गत संरक्षित छ ।[5] त्यस्तो उपचारले राष्ट्रिय मानव अधिकार संस्था मार्फत प्राप्त हुने

4 हेर्नुहोसः OHCHR, National Human Rights Institutions History, Principles, Roles and Responsibilities, Professional Training Series no 4, Page 7. https://www.ohchr.org/Documents/Publications/PTS-4Rev1-NHRI_en.pdf

5 मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको महासन्धिको धारा १४, बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३९, जेनेभा महासन्धि १९४९ को अतिरिक्त सन्धिपत्रको धारा ९१ तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानका धारा ६८ र ७५ ।

उपचार समेतलाई समेटेको छ । यस कारण पनि राष्ट्रिय मानव अधिकार संस्था मार्फत उपचार प्राप्त गर्ने कुरा आफैमा अन्तर्राष्ट्रिय कानून अन्तर्गत संरक्षित मानव अधिकारको विषयको रूपमा रहेको छ । यही तथ्यलाई दृष्टिगत गरेर विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेज[6] तथा सन्धिजनित समितिहरूले पनि राष्ट्रिय मानव अधिकार संस्थाको स्थापनाको आवश्यकतालाई ईंगित गर्नुका साथै तीनको संस्थागत क्षमता अभिवृद्धिका लागि सिफारिस गरेको पाईन्छ[7] । तसर्थ राष्ट्रिय मानव अधिकार संस्थाहरू राष्ट्रिय संविधान र कानूनद्वारा स्थापित हुने भएपनि तिनले अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि सम्झौताको राष्ट्रिय स्तरमा प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने हुन्छन् ।

## ३.२. नेपालमा मानव अधिकार सम्बन्धी संस्थाहरूको गठन, ऐतिहासिक विकासक्रम

### महत्वपूर्ण घटनाक्रम

२०५३: मानव अधिकार आयोग ऐन जारी,
२०५६: राष्ट्रिय मानव अधिकार आयोग गठनका लागि सर्वोच्च अदालतको आदेश,
२०५७: राष्ट्रिय मानव अधिकार आयोगको गठन,
२०५८: कार्यकारी निर्णयद्वारा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग गठन,
२०६१: मन्त्रिपरिषदको निर्णयबाट "राष्ट्रिय दलित आयोगको गठन र सञ्चालन सम्बन्धी व्यवस्था" स्वीकृत,
२०६३: अन्तरिम संविधानद्वारा राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान,
२०६३: राष्ट्रिय महिला आयोग ऐन जारी,
२०६७ : मधेशी आयोग गठनका लागि सर्वोच्च अदालतको आदेश,
२०६८: राष्ट्रिय मानव अधिकार आयोग ऐन जारी,
२०७२: राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगलाई संवैधानिक हैसियत प्रदान,
२०७२: राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, मुस्लिम आयोग र थारू आयोगको व्यवस्था,
२०७४: राष्ट्रिय महिला आयोग ऐन, राष्ट्रिय दलित आयोग ऐन, राष्ट्रिय समावेशी आयोग ऐन, आदिवासी जनजाति आयोग ऐन, मधेशी आयोग ऐन, मुस्लिम आयोग ऐन र थारू आयोग ऐन जारी,

---

6 उदाहरणको लागि जातीय विभेद विरूद्धको महासन्धि, १९६५ को धारा १४(२)ले महासन्धिका अधिकार उल्लङ्घन विरूद्ध उजुरी ग्रहण गर्ने र त्यसको छानविन गरी पीडितलाई उपचारका लागि मार्ग प्रशस्त गर्न स्वतन्त्र राष्ट्रिय संस्थाको आवश्यकतालाई ईंगित गरिएको पाईन्छ । त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार अभिसन्धिको धारा २ ले पनि अभिसन्धि अन्तर्गतका अधिकार उल्लङ्घनवाट पीडितलाई प्रभावकारी उपचार दिलाउनको लागि न्यायिक, प्रशासनिक तथा अन्य प्रकृतिका सक्षम निकायको राज्यले प्रवन्ध गर्नुपर्ने दायित्व तोकेको छ । राष्ट्रिय मानवअधिकार संस्था मार्फत प्राप्त हुने उपचारलाई पनि यसमा समेटिएको स्पष्ट छ । त्यसैगरी यातना विरूद्ध महासन्धिको ईच्छाधिन आलेखको धारा ३ ले यातनाको रोकथाम गर्ने राष्ट्रिय संस्थाको गठनको दायित्व तोकेको छ भने अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा ३३(२) ले पनि पेरिस सिद्धान्तसँग मेल खानेगरी स्वतन्त्र निकायको व्यवस्था गरी महासन्धिको कार्यान्वयनलाई सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।

7 आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले राष्ट्रिय तथा उपराष्ट्रिय तथा प्रादेशिक तहका मानवअधिकार संस्थाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सन्दर्भमा कार्यादेश हुनु पर्नेमा जोड दिएको पाईन्छ । हेर्नुहोस, समितिद्धारा जारी गरिएको समान्य टिप्पणि नं: १० : ("4. The Committee calls upon States parties to ensure that the mandates accorded to all national human rights institutions include appropriate attention to economic, social and cultural rights and requests States parties to include details of both the mandates and the principal relevant activities of such institutions in their reports submitted to the Committee.")

### ३.२.१. राष्ट्रिय मानव अधिकार आयोग :

वि.सं २०४६ सालको राजनीतिक परिवर्तनलाई संस्थागत गर्न नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । यस लगत्तै नेपाल मानव अधिकारसम्बन्धी महत्वपूर्ण सन्धि सम्झौताको पक्ष राष्ट्र बन्यो ।[४] नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा नै प्रथम पटक मानव अधिकारको विषय राष्ट्रको मुलभूत उदेश्यको रूपमा स्थापित भयो । सविधान एवम् अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गत संरक्षित मौलिक मानव अधिकारको सम्मान र संरक्षण भए नभएको अनुगमन गरी राज्यलाई जवाफदेही बनाउन मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको स्थापना हुनुपर्ने सरोकारवालाहरूको आवाज उठेको थियो । त्यसै पृष्ठभूमिमा मानव अधिकार आयोग विधेयक गैरसरकारी विधेयकको रूपमा संसद्समक्ष पेश भएको थियो । त्यसै विधेयकको आधारमा राष्ट्रिय मानव अधिकार आयोगको गठन तथा सञ्चालनको प्रयोजनका लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ जारी गरियो । ऐन जारी भएको करिब चार वर्षसम्म राष्ट्रिय मानव अधिकार आयोगको गठन हुन नसकेको परिपेक्ष्यमा मानवअधिकार समुदायको निरन्तर माग, अन्तर्राष्ट्रिय समुदायको चासो र सर्वोच्च अदालतको आदेश पश्चात् २०५७ साल जेठ १३ गते नेपालको ईतिहासमा पहिलो पटक राष्ट्रिय मानव अधिकार आयोग स्थापना भयो । ऐनद्वारा स्थापित आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गको रूपमा स्थापित गरियो (धारा १३१, १३२ र १३३) ।

आयोगको परिवर्तित संवैधानिक हैसियत तथा कार्यादेशलाई मध्यनजर राख्दै मानव अधिकार आयोग ऐन, २०५३ लाई प्रतिस्थापन गरी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ जारी गरियो । यसले आयोगका काम कारबाहीलाई थप विस्तृत तथा व्यवस्थित बनायो । संविधानसभावाट पारित भई २०७२ सालमा जारी भएको नेपालको संविधानले आयोगको संवैधानिक हैसियतलाई थप सुदृढ पारेको छ । मिति २०७७ माघदेखि आयोगको पाँचौं कार्यकालको लागि आयोगका पदाधिकारीहरूको नियुक्ति भएको छ ।

### ३.२.२. राष्ट्रिय महिला आयोग :

राष्ट्रिय स्तरमा आयोग गठन महिला हक हितको संरक्षण तथा संवर्द्धनका लागि नेपाली महिलाहरूले गर्दै आएको आन्दोलनको एउटा महत्वपूर्ण एजेण्डाको रूपमा रहेको थियो । उक्त आन्दोलन एवम् महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ तथा राष्ट्रिय संयन्त्र स्थापना सम्वन्धी महिला महासन्धि समितिको सिफारिसलाई समेत मध्यनजर गर्दै बि.सं. २०५८ फागुन २३ गते (७ मार्च, २००२) ९२ औं अन्तर्राष्ट्रिय महिला दिवसको पूर्व सन्ध्यामा कार्यकारी निर्णयबाट दुई वर्षे कार्यकाल तोकी आठ

४ जातीय भेदभावको उन्मूलनसम्बन्धी महासन्धिको नेपाल सन् १३ जनवरी १९७१ देखि पक्ष वनेको भएपनि अन्य थुप्रै आधारभूत मानवअधिकार सन्धिसम्झौताको भने २०४७ को संविधान जारी भएपछि सम्मिलनमार्फत पक्ष वनेको हो । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १४ सेप्टेम्बर १९९०, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १४ मई १९९१, बालअधिकार महासन्धि १४ सेप्टेम्बर १९९०, यातनाविरूद्धको महासन्धि १४ सेप्टेम्बर १९९०, महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि २२ अप्रिल १९९१, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको ७ मई २०१० मा नेपाल पक्ष राष्ट्र बनेको देखिन्छ ।

सदस्यीय राष्ट्रिय महिला आयोग गठन गरिएको थियो । कार्यकारिणी आदेशद्वारा गठन गरिएको आयोगलाई स्थायित्व दिन र संस्थागत विकास गर्न राष्ट्रिय महिला आयोग ऐन, २०६३ र राष्ट्रिय महिला आयोग नियमावली, २०६५ जारी गरिए । यसवाट स्वतन्त्र र स्वायत्त कानूनी आयोगको रूपमा आयोगको स्तरोन्नती भयो । यसै ऐन अन्तर्गत २०६४ सालमा पदाधिकारी नियुक्त भए । ऐतिहासिक संविधानसभाबाट २०७२ सालमा जारी भएको नेपालको संविधानले यस आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ । यसै क्रममा राष्ट्रिय महिला आयोग ऐन, २०७४ जारी भई सोही ऐन वमोजिम आयोगले आफ्नो कार्य सम्पादन गर्दै आएको छ भने राष्ट्रिय महिला आयोग नियमावली, २०७८ पनि जारी भई सकेको छ । संविधान तथा ऐन जारी भए पश्चात पनि आयोग लामो समयसम्म पदाधिकारी बिहिन रहँदै आएकोमा मिति २०७७ माघ २१ गते आयोगमा पदाधिकारी नियुक्त भएका छन् ।

### ३.२.३. राष्ट्रिय दलित आयोग :

२०४७ सालको राजनीतिक परिवर्तनसंगै अगाडि वढेको दलित आन्दोलनको परिणाम स्वरूप २०५८ साल चैत्र ६ गते अन्तर्राष्ट्रिय जातीय विभेद विरूद्धको दिवस (मार्च २१) को सन्दर्भ पारेर मन्त्रिपरिषदको निर्णयबाट राष्ट्रिय दलित आयोग गठन भएको थियो । २०५८ सालमा आयोगको गठनका लागि गरिएको मन्त्रिपरिषदको निर्णयमा नै आयोग निर्भर रहँदै आएकोमा २०६१/१०/१४ गते मन्त्रिपरिषदले "राष्ट्रिय दलित आयोगको गठन र सञ्चालन सम्बन्धी व्यवस्था, २०६१" नामको गठन आदेश जारी गरेर लागु गरेको थियो । नेपालको संविधानको धारा २५५ ले राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोगको हैसियत प्रदान गरेको छ । संविधानको धारा २५६ ले आयोगको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था गरेको छ । यसै क्रममा राष्ट्रिय दलित आयोग ऐन, २०७४ जारी भएको छ भने आयोगको नियमावली निर्माणको क्रममा रहेको छ । संविधान तथा ऐन जारी भए पश्चात पनि आयोग लामो समयसम्म पदाधिकारी विहिन हुँदै आएकोमा मिति २०७७ माघ २१ गते आयोगमा पदाधिकारीहरूको नियुक्ति भएको छ ।

### ३.२.४. राष्ट्रिय समावेशी आयोग :

नेपालको संविधानले समावेशीतालाई मौलिक हकको अन्तरवस्तुको रूपमा स्थापित गरेको छ । साथै समावेशितालाई राज्य सञ्चालनको आधारभूत सिद्धान्तको रूपमा स्थापित गरिदिएको छ । यसै परिपेक्ष्यमा संविधानको धारा २५८ ले संवैधानिक आयोगका रूपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरेको छ । संविधानमा उल्लेखित व्यवस्थालाई कार्यान्वयनमा ल्याउनका लागि राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ जारी गरिएको छ । संविधानको धारा २५९ तथा ऐनमा खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका ब्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक, सिमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली, आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण र

सम्वर्द्धन गर्नु यस आयोगको उद्देश्य रहेको छ । संविधान जारी भएको लामो समयसम्म आयोग पदाधिकारी विहिन रहेकोमा मिति २०७८।१२।०७ मा आयोगका पदाधिकारी नियुक्त गरी आयोगले कार्य प्रारम्भ गरेको देखिन्छ भने रिक्त रहेका पदहरूमा मिति २०७८/३/१० गते पदाधिकारीहरूको नियुक्ति भएपश्चात आयोगले पूर्णता पाएको छ ।

### ३.२.५. आदिवासी जनजाति आयोग :

वर्तमान नेपालको संविधानले खास समुदायको इतिहास र संस्कृतिको पहिचान तथा हकहितको संरक्षण संवर्द्धन तथा समुदायको सशक्तिकरण गर्ने उद्देश्य राखेको छ । तद्नुरूप विभिन्न विषयगत आयोग गठनको व्यवस्था गर्दै यी आयोगहरूको काम कर्तव्य र अधिकारको विषय विधायिकाद्वारा ऐन वनाएर निर्धारण गर्ने व्यवस्था गरिएको छ । यसै अनुरूप नेपालको संविधानको धारा २६१ बमोजिम आदिवासी जनजाति आयोग स्थापना भएको छ । संविधानमा उल्लेखित व्यवस्थाको कार्यान्वयन गर्न आदिवासी जनजाति आयोग ऐन, २०७४ जारी भई कार्यान्वयनको क्रममा रहेको छ भने नियमावली निर्माणको चरणमा रहेको छ । लामो समय पदाधिकारीविहिन रहेकोमा मिति २०७७ माघ २१ गते पदाधिकारी नियुक्त भएपछि आयोगले पूर्णता पाएको छ ।

### ३.२.६ मधेशी आयोग :

वि.सं. २०६७ सालमा मधेशी आयोग गठनका लागि सर्वोच्च अदालतले आदेश गरेको थियो । यसैगरी संविधानको धारा २६२ बमोजिम मधेशी आयोगको स्थापना भएको छ । संविधानमा उल्लेखित व्यवस्थाको कार्यान्वयन गर्न मधेशी आयोग ऐन, २०७४ जारी भई कार्यान्वयनको क्रममा रहेको छ भने नियमावली निर्माणको चरणमा रहेको छ । ऐनले मधेशी समुदायको हक अधिकारप्रति राज्यलाई जिम्मेवार वनाउन भूमिका खेल्ने कार्यादेश आयोगलाई सुम्पेको छ । मिति २०७५ चैत्र ७ गते मधेशी आयोगको गठन भई आयोगको काम कारवाहीलाई अघि बढाइएकोमा मिति २०७७ माघ २१ गते बाँकी पदाधिकारीहरूको समेत नियुक्ति भएपछि आयोगले पूर्णता पाएको छ ।

### ३.२.७ थारू आयोग :

लोकतन्त्र, संघियता र समानुपातिक समावेशीताका लागि भएको थरूहटरथारूवान आन्दोलन पश्चात् नेपालको संविधानको भाग २७ धारा २६३ मा थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरणका लागि थारू आयोगको व्यवस्था भएको छ । संविधान जारी भएको तीन वर्षसम्म पनि थारू आयोगको गठन हुन नसकि रहेको परिप्रेक्ष्यमा सर्वोच्च अदालतको आदेश पश्चात् २०७५ कार्तिक २५ गते आयोगको स्थापना भई सञ्चालनमा आएको छ । २०७५ चैत्र ७ गते आयोगमा अध्यक्ष पदमा नियुक्ति गरिएको र २०७८ आषाढ १० गते बाँकी पदाधिकारीहरूको नियुक्ति भई आयोगले पूर्णता पाएको छ । आयोगलाई स्थायित्व दिन र संस्थागत गर्न थारू

आयोग ऐन २०७४, थारू आयोग नियमावली २०७८, थारू आयोग वैठक कार्यविधी २०७८, आन्तरिक व्यवस्थापन निर्देशिका २०७८, थारू आयोगको पदाधिकारी तथा कर्मचारीहरूको आचारसंहिता, २०७८ जारी भएको छ ।

### ३.२.७ मुस्लिम आयोग :

नेपालको संविधानको धारा २६४ बमोजिम मुस्लिम आयोग स्थापना भएको छ । संविधानमा उल्लेखित व्यवस्थाको कार्यान्वयन गर्न मुस्लिम आयोग ऐन, २०७४ जारी भई कार्यान्वयनको क्रममा रहेको छ भने नियमावली निर्माणको चरणमा रहेको छ । ऐनले मुश्लिम समुदायको हकहित प्रवर्द्धन गर्दै उनीहरूको शासक्तिकरणका लागि जिम्मेवार वनाउन भूमिका खेल्ने गरी कार्यादेश सुम्पेको देखिन्छ । मिति २०७५ चैत्र ७ गते अध्यक्षको नियुक्ति भएको आयोगले गतवर्ष मात्रै पूर्णता पाएको देखिन्छ ।

## ३.३. आयोगहरूको कार्यादेश : अन्तरसम्बन्ध र परिपुरक भूमिका

नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको र नेपालको संविधानले यसलाई वृहत क्षेत्राधिकार सहित निरन्तरता दिएको छ । मानव अधिकार सम्बन्धी संवैधानिक अन्य सातवटा आयोगहरूलाई पनि नेपालको संविधानले संवैधानिक हैसियत प्रदान गरेको छ । जनसमुदायको माग, सामाजिक, साँस्कृतिक तथा राजनीतिक आन्दोलनहरूको परिणामस्वरूप यी आयोगहरु अस्तित्वमा आएका हुन् । जनताका हक अधिकारको रक्षा तथा सदियौं देखि विद्यमान भेदभाव, बहिष्करण तथा आधारभूत मौलिक मानव अधिकारबाट वञ्चिती र द्वन्द्वका कारक तत्वहरूलाई सम्बोधन गरी दिगो विकास र समृद्धिको आकांक्षा पुरा गर्ने सन्दर्भमा नै आयोगहरूको परिकल्पना गरिएको र तदनुरूप कार्यादेश तोकेको देखिन्छ ।

राष्ट्रिय मानव अधिकार संस्थासम्बन्धी राष्ट्रसंघीय सिद्धान्तहरु (पेरिस सिद्धान्त) अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगले मात्रै राष्ट्रिय मानव अधिकार संस्थाको रूपमा मान्यता पाएको छ । मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनमा सबै आयोगको कुनै न कुनै भूमिका संविधानले खोजेको छ । कम्तिमा पनि मानव अधिकारको महत्वपूर्ण अवयवको रूपमा रहेको समानता र अविभेदको विषयमा सवै आयोगहरूले प्रभाव दिन सक्नेगरी कार्यादेश तोकिएको देखिन्छ । सवै आयोगहरूलाई आफ्नो कार्यादेशको अधिनमा रहेर मानव अधिकारको संरक्षण र सम्वर्द्धनतर्फ प्रेरित र निर्देशित हुने वातावरण सिर्जना गर्नु उपयोगी हुने देखिन्छ ।

आयोगहरूको कार्यादेशलाई तुलनात्मक रूपमा अध्ययन गर्दा (कार्यादेशको तुलनात्मक अबस्था झल्काउने तालिका अनुसूची ६ मा दिईएको छ ) सवै आयोगलाई कुनै न कुनै रूपमा प्रवर्द्धनात्मक कार्यादेश दिईएको देखिन्छ । संरक्षणात्मक कार्यादेश विशेष गरेर राष्ट्रिय मानव अधिकार आयोगलाई र विषयगत रूपमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगलाई

दिईएको छ । त्यसभित्र पनि राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेश वृहत् रहेको छ । आफ्नो सिफारिस वा आदेशप्रति सरकारलाई जवाफदेही बनाउन सक्नेगरी राष्ट्रिय मानव अधिकार आयोगलाई संविधान र कानूनले शसक्त भूमिका प्रदान गरेको छ । अन्य आयोगहरूको हकमा त्यस्तो व्यवस्था गरिएको देखिँदैन । प्रवर्द्धनको काममा सूचना आदान प्रदान, विज्ञताको विनिमय, अध्ययन अनुसन्धानको माध्यमवाट एकले अर्कोलाई सहयोग गर्न सक्ने देखिन्छ । संरक्षणात्मक कार्यादेश नभएपनि सम्बन्धित समुदायको मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई राष्ट्रिय मानव अधिकार आयोगको जानकारीमा ल्याएर अनुसन्धानको विषय बनाउन अन्य आयोगहरूले भूमिका खेल्न सक्ने देखिन्छ ।

## परिपुरक भूमिका

१) राष्ट्रिय मानवअधिकार आयोगले विषयगत आयोगको क्षेत्राधिकार भित्रपर्ने विषयमा प्रवर्द्धनात्मक कामका लागि परिपूरक भूमिका खेल्न सक्छ, अन्य आयोगहरूलाई पनि सघाउन सक्दछ ।

२) संरक्षणको स्पष्ट कार्यादेश नभएका आयोगहरूले मानवअधिकार उल्लङ्घनको विषयमा कुनै सूचना, जानकारी वा गुनासो प्राप्त गरेमा महिला तथा दलित समुदायसँग सम्बन्धित भए महिला र दलित आयोग तथा अन्य विषयका सम्बन्धमा भए राष्ट्रिय मानव अधिकार आयोगमा प्रेषण गर्न सक्दछन् ।

३) मानव अधिकारका खास खास प्रकृतिका राष्ट्रिय सवालहरु (जस्तैः जातीय भेदभाव, लैङ्गिक हिंसा,जवर्जस्ती विस्थापन, दण्डहीनताको अन्त्य, वातवरण र विकास आदि) मा सवै आयोग मिलेर साझा अभियान सञ्चालन गर्न सक्दछन् । त्यसमा नेतृत्वदायी भूमिका राष्ट्रिय मानव अधिकार आयोगले खेल्न सक्दछ ।

४) महिला अधिकार उल्लङ्घनको विषयमा महिला आयोगले गर्ने संरक्षणात्मक र सम्वर्द्धनात्मक काममा राष्ट्रिय मानव अधिकार आयोगले परिपूरकको भूमिका खेल्न सक्दछ । विषयगत आयोगको क्षेत्राधिकार भित्र पर्ने समुदायका महिलाको हकमा सम्बन्धित आयोगले महिला आयोगसँग सहकार्य गर्न सक्दछ ।

५) दलित समुदायका हक अधिकार विरूद्धको उल्लङ्घनका विषयमा दलित आयोगले गर्ने प्रवर्द्धनात्मक र संरक्षणको काममा राष्ट्रिय मानव अधिकार आयोग र सम्बन्धित विषयगत आयोगले परिपूरक भूमिका खेल्न सक्दछन् ।

६) समावेशिताको विषय साझा प्रकृतिको भएको कारणले समावेशी आयोगले लिने पहलकदमीमा खास वर्ग तथा समुदायसँग जोडिएको समावेशिताको विषयमा सम्बन्धित आयोगले पहलकदमी गर्ने र अन्य आयोगले सहयोग पुर्‍याउन सक्दछन् ।

७) दलित भएकै कारणले वा महिला भएकै कारणले घटाईएका उल्लङ्घनका घटना बाहेक दलित वा महिला विरूद्धका उल्लङ्घनका घटनामा राष्ट्रिय मानवअधिकार आयोगले संरक्षणात्मक भूमिका खेलेर दलित आयोग र महिला आयोगले परिपूरकको भूमिका खेल्न सक्दछन ।

८) सिफारिस कार्यान्वयनको विषयसम्बन्धी वकालत तथा पैरवीमा विषय हेरेर एक अर्कासँग सहकार्य गर्ने र गहन सार्वजनिक चासो र सरोकारका विषयमा आदेश तथा सिफारिस कार्यान्वयनका विषयमा सवैले सहकार्य गर्न सक्दछन ।

९) मानव अधिकार परिषदमा पठाउने यूपीआर प्रतिवेदनका सन्दर्भमा सामान्यतया सबैका बीचमा सहकार्य हुन सक्ने देखिन्छ भने सन्धिजनित समितिमा पठाउने प्रतिवेदनको सन्दर्भमा समान सरोकार भएका सम्बन्धित आयोगहरूबिचमा सहकार्य हुनसक्ने देखिन्छ ।

## ३.४. समन्वय र सहकार्यको अवस्था विश्लेषण

नेपालको संविधानको धारा २४९(१) ले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुने उल्लेख गरेको छ । उक्त कर्तव्य पालना गर्नको लागि सरोकारवालाहरूलाई समन्वयात्मक र सहकार्ययुक्त भूमिका अपरिहार्य रहन्छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा १८ मा आयोगले आफ्नो काम कारबाहीको सिलसिलामा अन्य कुनै आयोग, समिति वा निकायसँग परामर्श गर्न, सहयोग लिन वा त्यस्तो काम कारबाहीको विषयमा आवश्यक समन्वय वा सहकार्य गर्न सकिने भन्ने उल्लेख गरिएको पाइन्छ ।

राष्ट्रिय महिला आयोग ऐन, २०७४, राष्ट्रिय दलित आयोग ऐन, २०७४ तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को साझा दफा ४ मा आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा कुनै संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग परामर्श गर्न वा राय लिन सक्नेछ । साथै साझा दफा ७ मा आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

आदिवासी जनजाति आयोग ऐन, २०७४, थारू आयोग ऐन, २०७४, मधेशी आयोग ऐन २०७४, तथा मुस्लिम आयोग ऐन २०७४ को साझा दफा ८ मा आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा कुनै संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग परामर्श गर्न वा राय लिन सक्नेछ । त्यसैगरी साझा दफा ११ मा आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ । राष्ट्रिय

महिला आयोग ऐन, राष्ट्रिय दलित आयोग ऐन र राष्ट्रिय समावेशी आयोग ऐनको दफा ४ र ७ एवम् आदिवासी जनजाति आयोग ऐन, थारू आयोग ऐन, मधेशी आयोग ऐन र मुश्लिम आयोग ऐनको दफा ८ र ११ मा राय परामर्श लिने वा समन्वय र सहकार्य गर्ने सन्दर्भमा समान प्रकृतिको व्यवस्था गरिएको छ । अन्य संवैधानिक निकायहरूसँग आवश्यकता अनुसार "परामर्श गर्न वा राय लिन" सक्ने तथा सार्वजनिक संस्थाहरूसँग पनि आवश्यक समन्वय र सहकार्य गर्न सक्ने व्यवस्था गरेको छ । यी व्यवस्थाहरूले आयोगहरूकाबिचमा समन्वय र सहकार्यका लागि मार्ग प्रशस्त गरेको छ ।

आयोगहरूबिच समन्वय र सहकार्य सम्बन्धी अशल अभ्यासको चर्चा गर्दा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगसँग विगत देखि नै सहकार्य र समन्वय गर्दै आइरहेको छ । सोही सिलसिलामा राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय दलित आयोगसँग सहकार्य गरी विभिन्न जिल्लामा जातीय विभेदसम्बन्धी अवस्था र घट्नाहरूको अनुगमन गरेको तथ्य आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।[9] खासगरी तीनैवटा आयोगका प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन समिति बनाएर कार्यान्वयनमा ल्याईनु तथा मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (युपिआर) को प्रथम, द्वीतिय तथा तेस्रो चक्रको संयुक्त प्रतिवेदनहरु र महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धीको आवधिक प्रतिवेदन २०१८ संयुक्त प्रतिवेदनलाई संयुक्तराष्ट्रसंघ समक्ष प्रस्तुत गरिनुलाई सकारात्मक प्रयासको रूपमा लिन सकिन्छ । राष्ट्रिय मानवअधिकार आयोगको समन्वय विभागले विभिन्न आयोगहरूबिच हुने छलफल, वैठक, अभिमुखिकरण, तालिम लगायत यो रणनीतिक ढाँचाको प्रारूप निर्माण गर्ने लगायतका कार्यहरूमा सहजिकरण गर्दै आएको छ । राष्ट्रिय मानव अधिकार आयोगले अन्य देशका आयोगहरूसँग पनि समन्वय र सहकार्यका लागि उदाहरणीय कार्य र प्रयासहरु गरेको छ । जस्तै आप्रवासी नेपाली कामदारको मानव अधिकार रक्षाका लागि दक्षिण कोरिया, कतार र मलेशियाका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग समझदारीपत्रमा हस्ताक्षर गरेर काम गर्दै आएको छ ।

## मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (युपिआर)को सन्दर्भमा आयोगहरुबिच समन्वय र सहकार्य

संयुक्त राष्ट्रसंघको महासभाले १५ मार्च २००६ मा मानव अधिकार परिषदको स्थापना गरे पश्चात मानव अधिकार सम्वन्धी नयाँ संयन्त्रको रूपमा मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको विकास भएको छ । यसै सन्दर्भमा मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (युपिआर) को प्रथम चक्र सन् २०१० देखि नै राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगहरूबिच संयुक्त रूपमा प्रतिवेदन

9 राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन, २०७२/२०७३ ।

तयार गरी पेश गर्ने सहमति भए वमोजिम तेश्रो चक्रसम्म पनि संयुक्त प्रतिवेदन तयार गरी पेश गर्ने कार्यले निरन्तरता पाउँदै आएको छ । प्रथम चक्रको प्रतिवेदन तयारीका लागि राष्ट्रिय मानव अधिकार आयोगका तत्कालिन सदस्य गौरी प्रधानको संयोजकत्वमा राष्ट्रिय महिला आयोगका सदस्य धन कुमारी सुनार र राष्ट्रिय दलित आयोगका सदस्य गोविन्द बहादुर नेपाली प्रतिनिधि रहेको मूल समिति र तीनवटै आयोगका प्रतिनिधि रहेको प्रतिवेदन लेखन समिति गठन गरिएको थियो । समितिले तयार गरेको प्रतिवेदन ५ जुलाइ, २०१० मा परिषदमा पठाइएको थियो । संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद् बाट नेपालको मानव अधिकार अवस्थाको विश्वव्यापी आवधिक समीक्षा पहिलो पटक सन् २०११ मा भएको थियो । उक्त समीक्षाको अन्तर्क्रियात्मक संवाद चरणमा पनि आयोगहरूले पर्यवेक्षकको रूपमा भाग लिई आफ्नो भूमिका निर्वाह गरेका थिए ।

यसैगरी युपिआरको दोश्रो चक्र अन्तर्गतको संयुक्त प्रतिवेदन तयार गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगका तत्कालिन सदस्य सुदिप पाठकको संयोजकत्वमा मूल समिति बनाइएको थियो । आयोगहरूको संयुक्त प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि राष्ट्रिय महिला आयोगका सदस्य उर्मिला देवी विश्वकर्मा र राष्ट्रिय दलित आयोगका सदस्य सचिव सिताराम घलेले प्रतिनिधित्व गर्नु भएको थियो भने तीनवटै आयोगका प्रतिनिधि रहेको प्रतिवेदन लेखन समिति बनाइएको थियो । संयुक्त रूपमा तयार पारिएको उक्त प्रतिवेदन २२ मार्च, २०१५ मा मानव अधिकार परिषदमा पठाइएको थियो । नेपालको दोश्रो चरणको समीक्षा सन् २०१५ को नोभेम्वर ४ देखि ६ मा सम्पन्न भएको थियो । त्यसैगरी २०१६ मार्च १६ मा वसेको मानव अधिकार परिषद्को ३१ औं वैठकमा कार्यदलको प्रतिवेदनमा नेपाललाई प्राप्त सुझावहरु नेपाल सरकारले ग्रहण समेत गरेको थियो ।

यसैगरी युपिआरको तेश्रो चक्र अन्तर्गतको प्रतिवेदन पनि संयुक्त रूपमा तयार गरी मानव अधिकार परिषदमा पठाउन तीनै आयोगहरु सहमत भएका थिए । उक्त प्रतिवेदन तयार गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुदिप पाठकको संयोजकत्वमा समिति बनाइएको थियो । उक्त प्रतिवेदन तयारीका लागि राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको समेत प्रतिनिधित्व रहेको थियो । आयोगहरूको संयुक्त पहलमा तयार पारिएको प्रतिवेदन २४ मार्च, २०२० मा संयुक्त प्रतिवेदन पठाइएको थियो ।

विश्वव्यापी आवधिक समीक्षा प्रक्रिया पश्चात मानवअधिकार परिषद्बाट पारित अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरूको पालना गर्न गराउन सरकारलाई सुझाव दिने, प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरूको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्ने लगायतका विषयमा आयोगहरूबिच समन्वय र सहकार्य हुन आवश्यक देखिन्छ ।

यस रणनीतिक ढाँचा तयारीको सन्दर्भमा गरिएका परामर्शको क्रममा आयोगहरूबिचको समन्वय र सहकार्यको बारेमा सरोकारवालाहरूले व्यक्त गरेका धारणाहरूको सार संक्षेप तल प्रस्तुत गरिएको छ ।

## राष्ट्रिय मानव अधिकार आयोग र अन्य संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्यको वारेमा सरोकारवालाहरूका प्रतिनिधिमूलक धारणाहरू:[1]

- संविधान र ऐन कानूनले समन्वय र सहकार्यको आवश्यकता वारेमा अझै राम्रोसँग स्पष्ट वोलिदिएको भए हुन्थ्यो ।
- विगतमा भएका समन्वय र सहकार्यको प्रयास तदर्थ प्रकृतिका भए । तीनले स्थायित्व पाउन सकेनन् । अब रणनीतिक ढाँचाले स्थायित्वका लागि मार्गनिर्देशित गरिदिनु पर्दछ ।
- आयोगहरूको कार्यादेश अन्तरसम्बन्धित भएपनि आयोगहरूबिचको सार्थक सम्बाद र एकअर्का वारेको वुझाईमा एकरूपता विकसित हुन सकेमा मात्र समन्वय र सहकार्यको कुरा सार्थक हुन सक्दछ ।
- सम्वाद तथा अन्तरक्रिया पदाधिकारीहरु र कर्मचारीहरु दुवै तहमा हुनु पर्दछ ।
- संघीयता नागरिकलाई सरकारसँग नजिक ल्याउने अवसर भएजस्तै मानवअधिकार संस्थाहरूलाई पनि नागरिकको पहुँचमा पुर्‍याउनेबारे उपयुक्त तवरले ध्यान दिइनुपर्दछ ।
- राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी सबै संवैधानिक आयोगहरु मानव अधिकार संरक्षण र सम्बर्द्धनको भूमिकामा परिपूरक हुनेहुँदा समन्वय र सहकार्यको प्रणाली विकास हुन आवश्यक छ ।
- सवै आयोगहरूकोबिचमा सहकार्य र समन्वयलाई सुदृढ पार्नुपर्ने कुरामा एकमत रहेको तर तर समन्वयको मोडालिटी के कसो हुने, कस्को के भूमिका हुने भन्ने विषयमा आयोगहरूबिच स्पष्टताको खाँचो रहेको छ ।
- कतिपय मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन तथा अनुसन्धानमा आयोगहरु स्वयम् जागरूक हुनुपर्ने, काममा हुने दोहोरोपनलाई न्यूनिकरण गरी आपसी समन्वय र सहकार्यमा जोड दिइनुपर्ने,
- विगतमा गरिएका संयुक्त अनुगमनहरूबाट पाठ सिक्दै एउटै प्रकृतिका घटनाहरूमा अनुगमन गर्दा समन्वयात्मक ढंगवाट गरी सिफारिसहरु गरिनुपर्दछ । जसबाट सरकारलाई जवाफदेही वनाउन समेत सहज हुने गर्दछ ।

---

1 परामर्श गरिएका सरोकारवाला संस्था तथा निकायका प्रतिनिधि तथा विज्ञहरूको सूची अनुसूची ५ मा दिईएको छ ।

- राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरूको कार्यान्वयन बाध्यकारी रहेको छ र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबाट गरिएको सिफारिसहरूको प्रभावकारी कार्यान्वयनमा समेत भूमिका खेल्न सक्नेहुँदा समन्वय र सहकार्यको महत्वपूर्ण स्थान रहेको छ ।
- विगतका दिनहरूमा जातीय विभेदका घटनाको सन्दर्भमा संयुक्त अनुगमन शुरूवात गरिएको थियो । आगामी दिनहरूमा समेत समाजमा व्याप्त यस प्रकारका घट्नाहरूको संयुक्त अनुगमनको निरन्तरता र विभिन्न अध्ययन तथा प्रवर्द्धनात्मक कार्यक्रमहरूको संचालन तथा व्यवस्थापनामा समन्वय र सहकार्य गरिनु पर्दछ ।
- हरेक कुरामा समन्वय र सहकार्य गर्न खोज्दा तत्कालै सम्बोधन गर्नु पर्ने कुरामा अलमल हुने जोखिम रहन्छ । तसर्थ सहकार्य र समन्वय गरिने विषयहरूको प्राथमिकता तय गरी कुन कुन संस्थाहरूबिच कस्तो समन्वय गर्ने भन्ने बारे मोडालिटी तय गरिनु पर्दछ ।
- प्रभावकारी समन्वयको लागि महत्वपूर्ण कुरा आयोगहरु आन्तरिक सक्षमता र सवलतामा निर्भर गर्दछ । आयोगहरूले आ–आफ्नै रणनीतिक योजनमा पनि समन्वयको अवयव तथा क्षमता अभिबृद्धिका कार्यनीतिहरूबाट निर्देशित हुनुपर्दछ । पारस्परिक क्षमता अभिवृद्धिका लागि पनि समन्वय र सहकार्यले मद्दत गर्दछ । ज्ञान र सिकाईको आदानप्रदान हुन्छ । यसलाई सवै आयोगहरूले मनन गर्न जरूरी छ ।
- समन्वय र सहकार्यको क्षेत्र व्यापक रहेकोले आयोगहरूकोबिचमा मात्रै नभई आयोगकै अवयवहरूबिचमा, आयोग र सरकारी निकायहरु तथा मानव अधिकार क्षेत्रका गैरसरकारी संघसंस्थाहरूसँग पनि समन्वय र सहकार्य जरूरी छ ।
- प्रदेश र स्थानीय तहमा पनि आयोगहरूको समन्वयात्मक उपस्थिति जरूरी हुन्छ । त्यसलाई रणनीतिक ढाँचाले समेट्नु पर्दछ ।
- खोज, अध्ययन, नीतिगत वकालत तथा पैरवी, क्षमता अभिवृद्धि, अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि सम्झौता तथा युपीआर अन्तर्गत प्रतिवेदन र अनुगमन लगायतका वहुआयामिक क्षेत्रलाई समन्वयको रणनीतिक प्रथमिकतामा समेटिनु पर्दछ ।
- मानव अधिकारको विषय नागरिकको दैनिकीसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले आयोगहरूले नागरिकप्रतिको कर्तव्यलाई विशेष ध्यान दिनुपर्दछ ।

- संघीयताको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको एक अध्ययनले पनि समन्वय र सहकार्य प्रभावकारी रहनुपर्ने औंल्याएको छ । मानवअधिकार सम्बन्धी संवैधानिक आयोगहरूका पदाधिकारीसमेत रहने गरी समन्वय समिति बनाउने, वैठक सम्बन्धी कार्यविधि तोक्ने र संयुक्त अनुगमन तथा अनुसन्धानलाई मार्गनिर्देश गर्ने, सहकार्य तथा

समन्वयका विषयमा देखिएका समस्या समाधान गर्ने गरी सुझाव दिएको देखिन्छ ।[10] राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्तहरूको समाजले पनि समन्वय र सहकार्यको विषयलाई विशेष महत्व दिएर परामर्श तथा छलफललाई अगाडि वढाउँदै आएको छ । उक्त समाजले समन्वय र सहकार्यलाई व्यवस्थित गर्नु अपरिहार्य रहेको औंल्याउँदै महत्वपूर्ण सुझाव दिएको देखिन्छ ।[11]

## ३.५. समन्वय र सहकार्यको तुलनात्मक अनुभव

पछिल्लो समयमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्थापना र सञ्चालन विश्वव्यापी बन्दै गएको छ ।[12] आ–आफ्नो सन्दर्भ, आवश्यकता र राजनीतिक तथा सामाजिक व्यवस्था अनुकूल राष्ट्रिय मानव अधिकार संस्थाहरूको व्यवस्था गर्ने प्रचलन देखिन्छ । कतिपयले नेपालमा जस्तै संविधान मार्फत नै त्यस्ता संस्थाहरु व्यवस्था गरेका छन् भने अधिकांश देशहरूमा विधायिकी कानूनद्धारा व्यवस्था गरिएको पाईन्छ । केही देशमा एकल सदस्य भएका संस्थाहरु छन् भने केहीमा बहु सदस्य आयोगहरु छन । संघात्मक मुलुकहरूमा केन्द्रमा मात्रै नभएर उपराष्ट्रिय तहमा पनि आयोगहरु गठन गर्ने गरेको पाईन्छ । कतिपय देशहरूले विषयगत रूपमा वहु आयोगहरु गठन गरेर सञ्चालनमा ल्याएका छन् । खासगरी संघीयता र सामाजिक विविधतालाई संबोधन गर्न एक भन्दा वढि मानवअधिकार संस्थाहरु गठन गर्ने प्रचलन विकसित भएको देखिन्छ । साथै यी आयोगहरूबिचको समन्वय र सहकार्यलाई व्यवस्थापन गर्नका लागि विभिन्न कानूनी तथा व्यवहारिक उपायहरु अपनाउँदै आएको पाईन्छ ।

संयुक्त अधिराज्यको अनुभव उदाहरणीय देखिन्छ । त्यहाँ पेरिस सिद्धान्त अन्तर्गत मान्यता पाएका तीन वटा मानव अधिकार संस्थाहरु अस्तित्वमा छन । वेलायतको संसदले समानता ऐन २००६ पारित गरी समानता तथा मानव अधिकार आयोगको व्यवस्था गरेको देखिन्छ । यसले ईंग्ल्यांड, स्कटल्याण्ड र वेल्सका लागि समानताको विषयमा राष्ट्रिय मानव अधिकार संस्थाको रूपमा कार्य गर्दछ । यो पूर्ववत जातीय समानता आयोग, अपांगता अधिकार आयोग र समान अवसर आयोगलाई प्रतिस्थापित गर्दै अस्तित्वमा आएको हो । उत्तर आयरल्यान्डको राष्ट्रिय मानव अधिकार संस्थाको रूपमा काम गर्ने उत्तरी आयरल्यान्ड मानव अधिकार आयोग सन् १९९८ मा गठन भएको देखिन्छ । त्यसैगरी स्कटिस मानव अधिकार आयोगले स्कटल्यान्डको राष्ट्रिय मानव अधिकार संस्थाको रूपमा कार्य गर्दछ । यो स्कटिस मानव अधिकार आयोग ऐन, २००६ अनुरूप २००८ मा गठन भएको हो ।

---

10 संघीयताको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगको पुनःसंरचना, अध्ययन प्रतिवेदन, २०७४(अप्रकाशित)

11 हेर्नुहोसः नेपालका राष्ट्रिय मानवअधिकार संस्थाहरु बीचको समन्वय र सहकार्य (अवधारणा), सन् २०१९, पूर्व आयुक्त समाज - राष्ट्रिय मानवअधिकार आयोग (अप्रकाशित) ।

12 मानव अधिकार आयोगहरूको विश्वव्यापी छाता संगठन ग्लोबल एलायन्स फर नेशनल ह्युमन राइट्स इन्स्टिट्युसन (GANHRI) ले २६ मे २०१७ मा प्रकाशित गरेको तथ्यांक अनुसार पेरिस सिद्धान्त अनुसार मान्यता प्राप्त मानवअधिकार संस्थाहरूको संख्या १२१ रहेको देखिन्छ । जसमध्य ७८ वटा "क" श्रेणीका, ३३ वटा "ख" श्रेणी र १० वटा "ग" श्रेणीका रहेको देखिन्छ ।

तीन वटा आयोगहरूले आपसी समन्वय र सहकार्यमा काम गर्दै आएका छन् । अप्रिल २०१० मा तीनवटै आयोगहरूले एउटा समझदारी पत्रमा हस्ताक्षर गरी तदनुरूप समन्वयात्मक प्रयासलाई अगाडि वढाउँदै आएका छन । समझदारीपत्र प्रत्येक तीन वर्षमा पुनरावलोकन हुँदै आएको छ । तीनै आयोगहरूबिचको कार्यगत सम्बन्धलाई नियमन तथा सहजिकरण गर्ने, व्यवहारिक सहकार्यका लागि आधार तयार गर्ने, सूचनाको आदान प्रदान गर्ने तथा आयोगहरूबिच द्वन्द्वको अवस्था आउन नदिने लगायतका उदेश्यमा समझदारीपत्र केन्द्रित भएको देखिन्छ । संगसंगै पेरिस सिद्धान्त बमोजिम एक अर्कावाट स्वतन्त्रतालाई मान्यता दिने कुरामा पनि समझदारीपत्रले जोड दिएको छ । समझदारी पत्रले आयोगहरूबिचको आपसी सञ्चारलाई मार्गनिर्देशित गर्दै एकअर्काबिच नियमित सञ्चारको माध्यमवाट श्रोतसाधनको अपव्यय तथा प्रयासहरूमा दोहोरोपन हुन नदिने, एकअर्काको जिम्मेवारीसँग सरोकार राख्ने गतिविधिको वारेमा जानकारी गराउनु पर्ने, एकअर्काको अभिमत तथा विचारलाई उपयुक्त रूपमा ध्यानमा राख्नु पर्ने, आयुक्त तथा कर्मचारीकोहरूबिचमा वार्षिक रूपमा संयुक्त वैठक गर्ने, मानव अधिकारको विषयको पोजिसनका वारेमा एकअर्कालाई जानकारी गराउने, सान्दर्भिक विषयको विकासक्रमको वारेमा सचेत गराउने कुरालाई समेटेको छ । नीतिगत सहकार्य समझदारीपत्रको अर्को महत्वपूर्ण अवयवको रूपमा रहेको छ । यस अन्तर्गत आयोगहरूले सन्धिजनित समितिमा टिप्पणी तथा सिफारिस पठाउने, सभा, सम्मेलन र गोष्ठीको आयोजना गर्ने, आपसी सरोकारका विषयमा अध्ययन तथा अनुसन्धानका गतिविधि सञ्चालन गर्ने, मानव अधिकारसम्बन्धी श्रोतसामाग्री प्रकाशन गर्ने कुरामा सहकार्य गर्ने कुरालाई पनि निर्देशित गरेको छ । रणनीतिक योजना तथा कार्ययोजना, नीति तथा कानूनमा दिईने सुझाव तथा टिप्पणी, सान्दर्भिक अध्ययन र अनुसन्धान समेतका विषयमा एकअर्कालाई जानकारी गराउने कुरालाई पनि समझदारीपत्रले समेटेको छ । मानव अधिकारको राष्ट्रव्यापी मुद्दामा पनि साझा धारणा वनाउने तथा राष्ट्रसंघीय संयन्त्रहरूमा पठाउने प्रतिवेदनको मस्यौदा एकअर्कालाई उपलब्ध गराएर प्रतिक्रिया प्रदान गर्ने अवसर दिने कुरालाई पनि सम्झदारीपत्रले निर्देशित गरेको छ ।[13]

भारतको मानव अधिकार संरक्षण ऐन, १९९३ ले संघीय तहका अन्य आयोगका अध्यक्षहरू राष्ट्रिय मानव अधिकार आयोगका पदेन सदस्य हुने व्यवस्था गरेर समन्वय र सहकार्यका लागि बलियो कानूनी आधार तयार गरिदिएको छ । मानव अधिकार उल्लङ्घनका घटनाहरू छानविन गर्ने क्षेत्राधिकारको अभ्यास गर्दा बाहेक अन्य प्रवर्द्धनात्मक विषयमा त्यस्ता पदेन सदस्यहरूले राष्ट्रिय मानव अधिकार आयोगमा आयुक्त सरह नै निर्णायक क्षमता राख्ने प्रवन्ध ऐनले गरेको छ । ऐनमा दोहोरोपन हटाउन पनि केही व्यवस्थाहरू रहेको पाइन्छ । जस्तै राष्ट्रिय मानव अधिकार आयोगमा गुनासो विचाराधीन नभएको अवस्थामा प्रान्त र केन्द्र सरकारको संयुक्त सूचीमा तथा प्रान्तको एकल सूचीमा परेका विषयहरूको वारेमा उजुरी सुन्ने अधिकार प्रान्तीय आयोगलाई दिइएको छ । राष्ट्रिय मानव अधिकार आयोगले भने राज्य मानव अधिकार

---

13 हेर्नुहोसः- Memorandum of Understanding between the Equality and Human Rights Commission, the Northern Ireland Human Rights Commission and the Scottish Human Rights Commission, April 2010 .

आयोगमा गुनासो विचाराधीन रहेकोमा वाहेक जुनसुकै विषयको गुनासो उपर अनुसन्धान गर्न सक्छ । तर पनि राज्य आयोगमा विचाराधिन रहेको विषय भने हेर्न नसक्ने व्यवस्था ऐनले गरेको छ । यसवाट पीडितलाई कुन आयोगमा गुनासो दर्ता गर्ने भन्ने छनौटको अधिकार रहेको देखिन्छ ।

अष्ट्रेलियामा संघीय आयोग पूर्णतः भेदभाव विरूद्धको संघीय कानूनको विषयमा केन्द्रित छ । त्यसैगरी राज्य तहका आयोगहरु राज्यको मानव अधिकार कानूनको प्रचलनका विषयमा सिमित छन् । तर राज्य तहको कानूनले नसमेटेका कतिपय भेदभावका विषयहरूलाई भने संघीय आयोगले नै हेर्दछ । भारतमा जस्तै अष्ट्रेलियामा पनि एकैचोटि दुवै तहका आयोगले हेर्न भने सक्दैनन् ।

कतिपय अवस्थामा क्षेत्राधिकारको द्वन्द्व हुने गरेको भएता पनि एकअर्काबिचमा सहकार्य र समन्वय वढाउनकालागि पनि विभिन्न प्रयासहरु भएको पाईन्छ । खासगरी यस्तो सहकार्य प्रवर्द्धनात्मक तथा शैक्षिक एवम् चेतनामूलक गतिविधिहरूमा हुने गर्दछ । अष्ट्रेलियाको संघीय आयोगले आफ्ना प्रकाशनहरु राज्यका आयोगहरु मार्फत वितरण गर्ने तथा प्रदर्शित गर्ने गर्दछ । क्यानडामा आदिवासीहरूको विषयमा आपसी सहकार्य हुने गरेको छ । भारतमा राष्ट्रिय मानव अधिकार आयोगले विश्वव्यापी आवधिक समीक्षाको वारेमा राज्यका आयोगहरूसँग परामर्श गर्ने गरेको पाईन्छ । राष्ट्रिय मानव अधिकार आयोगले राज्यतहका आयोगहरूका लागि क्षमता अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्ने गर्दछन् । त्यसैगरी गुनासो व्यवस्थापन प्रणाली सुदृढ पार्न पनि महत्वपूर्ण सहयोग पुऱ्याएको देखिन्छ । कतिपय देशहरूमा सहकार्यका केही औपचारिक संयन्त्रहरु पनि विकसित भएका छन् । कतिपय देशहरूमा संघीय तथा प्रादेशिक तहका मानव अधिकार संस्थाहरूको एशोसियसन नै बनाएर सवैकोबिचको साझा मञ्चका रूपमा सहकार्य गर्ने गरेको पाईन्छ । जस्तै अष्ट्रेलियामा मानव अधिकार निकायहरूको परिषद रहेको छ । त्यस्तै क्यानडामा मानव अधिकार निकायहरूको अलग्गै एसोसियसन रहेको छ ।

केही देशहरूमा राष्ट्रिय मानव अधिकार आयोगले प्रादेशिक तहको नियमित अन्तरक्रिया, सम्मेलन तथा वैठकहरु गर्ने गरेको पाइन्छ । भारत तथा स्पेनका संघीय आयोगले सवै मानव अधिकार संस्थाहरूको राष्ट्रिय सम्मेलन मार्फत पारस्परिक सहयोग वढाउने प्रयास गरेको पाईन्छ । रसियामा अम्वुड्सम्यानहरूको समन्वय परिषदले त्यस्तो काम गर्दछ । त्यसैगरी केही संघीय आयोगले प्रादेशिक आयोगहरूसँग सम्झौतापत्रमा हस्ताक्षर गरेर त्यस्तो आपसी समन्वय र सहयोग वढाएको देखिन्छ । वुल्गेरियामा मानव अधिकार संस्थाहरूको राष्ट्रिय समन्वय संयन्त्र रहेको देखिन्छ । त्यस्तो संयन्त्रमा राष्ट्रिय मानव अधिकार संस्थाहरु पनि सदस्य रहेका छन ।

## ३.६. मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको सान्दर्भिकता, चुनौती र अवसरहरू

नेपालमा राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको सान्दर्भिकताका वारेमा सरोकारवालाहरूको समान धारणा रहेको देखिन्छ । संविधानसभाले नै राष्ट्रिय मानव अधिकार आयोग लगायत मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको सान्दर्भिकता र आवश्यकतालाई महत्व दिएर संवैधानिक प्रवन्ध गरेको देखिन्छ । देशमा मानव अधिकार अवस्थाको समीक्षा गर्दा मानव अधिकारको स्थिति अहिले पनि चुनौतीपूर्ण छ । सदियौँ देखिका विभेद र वहिष्करणका समस्याहरु अन्त्य हुन सकिरहेका छैनन् । संघीयताको कार्यान्वयनबाट त्यस्ता मानव अधिकार समस्याहरूलाई संवोधन गर्ने दायित्व प्रदेश र स्थानीय सरकारको नै हो । प्रदेश तथा स्थानीय सरकारहरूले मानव अधिकार सम्बन्धी दायित्वहरूको परिपालना गरे नगरेको निरन्तर अनुगमन गर्ने र जवाफदेहि बनाउनका लागि भूमिका खेल्न सक्ने निकायहरु भनेको यी आयोगहरु नै हुन । मानव अधिकार स्थितिमा न्यायिक सक्रियता हुने भएतापनि यसका आफ्नै सीमाहरु रहेका छन् । तसर्थ यी आयोगहरूको रणनीतिक सान्दर्भिकता र महत्व विशिष्ट किसिमको रहेको पाइन्छ ।

यी आयोगहरूका चुनौतीहरु भनेका खासगरी समन्वय र सहकार्यका लागि नीतिगत ढाँचाको अभाव, संरक्षण र प्रवर्द्धनका लागि साधनको पर्याप्तता नहुनु, आयोगहरूबाट गरिएका सिफारिसहरूको न्यून कार्यान्वयन अवस्था रहनु आदि रहेका छन् । विभिन्न चुनौतीहरूका अलावा आयोगहरूका लागि अवसरहरु पनि रहेका छन् । जस्तै देश संघीयकृत हुनु, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायतका मौलिक मानव अधिकार र स्वतन्त्रताहरूको संवैधानिक प्रत्याभूति हुनु, नेपाल अधिकांश मानवअधिकार सम्बन्धी सन्धि सम्झौताहरूको पक्ष राष्ट्रको रूपमा रहनु, संविधान सभावाट संविधान बनेर कार्यान्वयनको प्रक्रियामा आउनु लगायतका कुराहरु अवसर रहेका छन् । सवैजसो आयोगहरूले आवधिक रणनीतिक योजना, वार्षिक कार्ययोजना तर्जुमा गरी आफ्ना काम कारवाहीलाई व्यवस्थित गर्ने गरेको तथा विभिन्न नीति, कार्यविधि तथा नियमन सम्बन्धी दस्तावेजहरूको मस्यौदा गर्दै आएको पाइन्छ । यसले पनि एकअर्काबिचको समन्वय र सहकार्यको विषयलाई मूलप्रवाहिकृत गर्ने अवसर प्रदान गरेको छ । यस्ता अवसरहरूलाई सदुपयोग गरेर आफ्नो भूमिकालाई वढाउनका लागि पनि समन्वय र सहकार्यको आवश्यकता रहेको छ ।

परिच्छेद-४

# समन्वय र सहकार्यको रणनीतिक ढाँचा

## ४.१ रणनीतिक ढाँचाको आवश्यकता

नेपालको संविधानले मानव अधिकारको संरक्षणलाई विशिष्ट स्थानमा राखेको छ । धारा ५ अन्तर्गत मानव अधिकारलाई राष्ट्रिय हितको विषयवस्तुको रूपमा सूचीकृत गरेको छ । मानव अधिकार संघीयताको मार्गदर्शक सिद्धान्तकोरूपमा रहेको छ । यसर्थ पनि तीनै तहका सरकारहरूको जिम्मेवार र जवाफदेहिपूर्ण भूमिका सुनिश्चित गर्ने कुरा महत्वपूर्ण हुन्छ । त्यसका अलवा मानव अधिकार दिगो शान्ति, समृद्धिको आधारको रूपमा रहेको छ । संविधानले सामाजिक न्यायको आधारको रूपमा पनि मानव अधिकारलाई स्थापित गरेको छ । यी संवैधानिक अपेक्षालाई व्यवहारमा परिणत गर्नका लागि पनि मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको भूमिकालाई प्रभावकारी वनाउन जरूरी हुन्छ । त्यसका लागि आयोगहरूबिचको समन्वय र सहकार्यलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन यो रणनीतिक ढाँचाले मार्ग निर्देशित गर्नेछ ।

मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरूबिचको आपसी समन्वय र सहकार्यलाई राष्ट्रसंघले पनि जोड दिएको छ । समन्वय र सहकार्यको आवश्यकतालाई पेरिस सिद्धान्तमा समेत आत्मसात गरिएको छ । सञ्चालनको विधिसम्बन्धी सिद्धान्तहरु अन्तर्गत मानव अधिकारको संरक्षण र सम्वर्द्धनको जिम्मेवारी भएका समान प्रकृतिका अन्य संस्थाहरूसँगको परामर्शलाई राष्ट्रिय मानव अधिकार संस्थाले कायम राख्नु पर्ने व्यवस्था छ । त्यसका अलावा संयुक्त राष्ट्रसंघको साधारण सभाले अलग्गै प्रस्ताव पारित गरेर राष्ट्रिय मानव अधिकार संस्थाहरूबिचको पारस्परिक सहयोगका संयन्त्रहरु विकास गर्न आव्हान गरेको छ । खासगरी तिनीहरूका गतिविधिको संयोजन गर्न, उपलब्धिहरूलाई सुदृढ पार्न र सिकाईको विनिमयका लागि सवलिकृत गर्नकोलागि त्यस किसिमको संयन्त्रको विकास गर्न भनिएको छ ।[14]

नेपालमा मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु र राष्ट्रिय मानव अधिकार सम्बन्धी संघ संस्थाहरूले विगतमा गरेका प्रयासहरूले समन्वय र सहकार्यको आधार तय गरेको छ । मुलुक संघीयतामा गइसकेको वर्तमान परिपेक्ष्यमा प्रदेश तथा स्थानीय तहसम्म नागरिकको हक अधिकारलाई सुनिश्चित गर्न र सरकारहरूलाई जवाफदेहि बनाउने कुरामा प्रभावकारी

14 Encourages Member States: (a) To consider the creation or the strengthening of independent and autonomous Ombudsman, mediator and other national human rights institutions; (b) To develop, where appropriate, mechanisms of cooperation between these institutions, where they exist, in order to coordinate their action, strengthen their achievements and enable the exchange of lessons learned; -General Assembly Resolution (A/RES/63/169), 20 March 2009

समन्वय र सहकार्यका थुप्रै कार्यहरु हुन आवश्यक छ । यस अवस्थामा आयोगहरूबिचको समन्वयलाई संस्थागत तथा प्रणालीगत बनाएर जानुपर्ने र यसका लागि रणनीतिक मार्गदर्शन जरूरी हुने वारेमा सरोकारवालाहरूबिच एकमत देखिएको छ । उदाहरणको रूपमा विगतको अनुभवको आधारमा राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्तहरूको समाजले पनि यस विषयलाई प्राथमिकता दिएर अगाडि वढाएको देखिन्छ । मानव अधिकार संस्थाहरूको कार्यादेश संविधान र कानूनले जे जसरी अन्तरसम्बन्धित र परिपूरक बनाएका छन् त्यही अनुरूपको वुझाई र काम कारवाही पनि अन्तरसम्बन्धित र परिपूरक हुनु पर्दछ भन्ने सरोकारवालाहरूको धारणा रहेको छ । आयोगहरूका कामकारवाहीमा हुने दोहोरोपनलाई हटाई श्रोतसाधनको प्रभावकारी उपयोगद्वारा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई परिणाममुखी बनाउन रणनीतिक ढाँचाको आवश्यकता रहेको देखिन्छ ।

मानव अधिकारको सरोकारका विषयहरूमा आयोगहरूबिच र अन्य सरोकारवालाहरूसँगको समन्वयात्मक सम्बोधनले नै मानव अधिकारको संरक्षण र प्रवर्द्धन प्रभावकारी हुन सक्छ । राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना तथा नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना लगायतका दस्तावेजहरूमा पनि मानव अधिकारको संरक्षणलाई प्रभावकारी बनाउनका लागि समन्वय र सहकार्यको अवश्यकता बोध गरेर त्यसतर्फ निर्देशित गर्न खोजेको देखिन्छ ।

यसर्थ राष्ट्रिय मानव अधिकार आयोग र समग्र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्यको रणनीतिक प्रयासको आवश्यकता रहेको छ । समन्वय र सहकार्यले एक अर्का बिचको सम्वाद र सहयोग आदान प्रदानलाई प्रणालीगत रूपमा नै मूलप्रवाहिकृत गर्न मद्दत पुग्दछ । राष्ट्रिय मानव अधिकार आयोग र समग्र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्यको लक्ष्य, उद्देश्य र प्राथमिकताहरु तय गरी मानव अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धी कामको सबैले स्वामित्व बोध गरेर अगाडि बढ्ने वातावरण निर्माण गर्नुपर्ने आवश्यक छ । मानव अधिकार सम्बन्धी संघ संस्थाहरूबिचमा नियमित रूपमा समन्वय तथा सहकार्यलाई निर्देशित तथा सहजिकृत गर्ने संरचनागत ढाँचाको निर्माणहुँदा समन्वय र सहकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सहज हुनेछ ।

आपसी समन्वय, सहकार्य र अन्तरक्रियाले एकअर्कालाई टेवा पुर्‍याउँदै मानव अधिकारका सवालहरूमा समन्वयात्मक सम्बोधन गर्न सकिन्छ भन्ने तथ्य अन्य देशको अनुभवले पनि देखाएको छ । यसवाट अन्ततः संविधानले अपेक्षा गरे अनुरूप मानव अधिकार तथा मौलिक हकको व्यवहारिक उपभोगको वातावारण निर्माण गर्नमा बल पुग्दछ । सहकार्य र समन्वयले नै आयोगहरूको नागरिकप्रतिको उत्तरदायित्व अभिवृद्धिमा टेवा पुग्दछ ।

साथै यस रणनीतिक ढाँचाले समन्वय र सहकार्यका आयामहरूको पहिचानका अलावा समन्वय र सहकार्यको मोडालिटी तय गर्नुका साथै त्यस्तो समन्वय संयन्त्रको कार्यसञ्चालनको बिधि र

प्रकृयाको लागि दिशानिर्देश गरेको छ । यो रणनीतिक ढाँचाले आयोगहरूले आ–आफ्नो ढंगबाट तर्जुमा गरी कार्यान्वयनमा ल्याएका वा ल्याउँदै गरेका रणनीतिक योजना वा अन्य दस्तावेजले समन्वय र सहकार्यका सन्दर्भमा गरेका व्यवस्थाहरूलाई विस्थापन वा प्रतिस्थापन गर्दैन । तथापी यस रणनीतिक ढाँचाले आगाडि सारेका लक्ष्य, उद्देश्य र प्राथमिकता अनुरूप त्यस्ता संस्थागत प्रकृतिका रणनीतिक योजना वा अन्य दस्तावेजमा गरिएका समन्वय र सहकार्यका व्यवस्थाहरूमा आवश्यक परिमार्जन तथा समायोजन अपेक्षित हुनेछ ।

### समन्वयको रणनीति

मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूले एउटा समन्वयकारी संयन्त्रको विकास गर्न सक्दछन् । उक्त सम्यन्त्रलाई प्रभावकारी बनाउन निम्न बमोजिमको रणनीति अवलम्बन गरिनेछ।

क) मानव अधिकार वकालत, शिक्षा तथा सचेतना र अनुगमनमा बिभिन्न आयोगहरूले साझेदारी गर्दै समन्वय कायम गर्न सक्दछन् ।

ख) विभिन्न आयोगहरूले जनवकालत, कार्यशाला, अभियान, सम्मेलन वा वैठकका माध्यमबाट आपसमा सम्बाद कायम गर्न सक्दछन् ।

ग) उनीहरूले आपसमा सूचना र अनुभवको आदानप्रदान गर्न सक्दछन् ।

घ) सबै आयोगहरूको अग्रगति र क्षमता अभिवृद्धिका लागि कर्मचारी र विज्ञहरूको अनुभव तथा ज्ञानको आदान प्रदानको व्यवस्था मिलाउन सक्दछन् ।

ङ) सबै आयोगहरूले संयुक्त रूपमा अध्ययन, तालिम, अवलोकन, व्यवहारिक अभ्यास, अनलाइन स्रोत र अध्ययन भ्रमणहरूका आधारमा कर्मचारी र पदाधिकारीहरूको दक्षता अभिवृद्धि गराउन सक्दछन् ।

## ४.२. अपेक्षित उपलब्धि

रणनीतिक ढाँचाको कार्यान्वयन अर्थात तदनुरूप गर्ने कार्यका माध्यमबाट दीर्घकालीन निम्न उपलब्धि हासिल हुने अपेक्षा रणनीतिक ढाँचाले गरेको छः

क) आयोगहरूबिच संवाद र सूचना आदान प्रदानको वातावरण सिर्जना हुनेछ ।

ख) आयोगहरूबिच एकअर्काको बारेमा यथार्थपरक वुझाई प्रवर्द्धन हुनेछ ।

ग) आयोगहरूबिच सहकार्य र समन्वय एउटा स्वभाविक संस्कृतिको रूपमा विकास हुनेछ ।

घ) मानव अधिकार प्रवर्द्धन र संरक्षणको काममा रिक्तता वा दोहोरोपनको अवस्था हट्नेछ ।

ङ) जुनसुकै आयोगको नेतृत्व वा तदारूकतामा भएको भएपनि मानव अधिकार संरक्षण र प्रवर्द्धनका कार्यहरूप्रति सवै आयोगहरूमा अपनत्वको भावना जागृत हुनेछ ।

च) आयोगहरूसँग उपलब्ध श्रोतसाधनको यथोचित उपयोग प्रवर्द्धन हुनेछ ।

छ) आयोगहरूप्रति जनताको आस्था, विश्वास र भरोसा अभिवृद्धि हुनेछ ।
ज) संघीयताको सन्दर्भमा तहगत सरकारहरूको मानव अधिकार प्रतिको जवाफदेहिता अभिबृद्धि हुनेछ ।
झ) आयोगहरूका सिफारिस कार्यान्वयनमा प्रभावकारिता आउनेछ ।

## ४.३. रणनीतिक ढाँचाको मूलभूत उद्देश्य

मानव अधिकार संस्थाहरूबिच दिगो समन्वय, सहकार्य र साझेदारी मार्फत राज्यका सवै तह र क्षेत्रमा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा परिपालनाको संस्कृति मजबुत बनाउँदै मानव अधिकारको उल्लङ्घन र दुरूत्साहनविरूद्ध जवाफदेहिताको परिपाटी स्थापित गर्न नितान्त आवश्यक रहेको छ । समन्वय र सहकार्यको साझा रणनीतिक ढाँचाको मूलभूत उदेश्यहरु निम्न बमोजिम रहेका छन् ।

१. आयोगहरूबिच सम्वाद, अन्तरक्रिया र आदानप्रदानलाई दिगो, व्यवस्थित र अर्थपूर्ण बनाई आयोगहरूबाट प्राप्त हुने सेवामा सबै वर्ग तथा समुदायको पहुँचलाई प्रभावकारी बनाउने ।
२. समन्वय र सहकार्यको माध्यमबाट मानव अधिकारको प्रबर्द्धन संरक्षण र वकालतलाई प्रभावकारी बनाई मानव अधिकारको उल्लङ्घन र दुरूत्साहनलाई रोक्ने ।
३. मानव अधिकारका सरोकारका विषय तथा उल्लङ्घन घट्नाको समन्वयात्मक अनुगमन तथा सम्वोधन गर्ने अभ्यासलाई विकास गर्दै कानूनी शासन र जवाफदेहिता अभिबृद्धि गर्ने ।
४. नेपालको अन्तर्राष्ट्रिय स्तरमा गरिने प्रतिनिधित्व तथा प्रतिवेदन प्रस्तुतिलाई तथ्यपरक, विश्वसनीय र गुणस्तरीय बनाउन संयुक्त पहल गर्दै मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय दायित्वको परिपालनालाई प्रवर्द्धन गर्ने ।
५. सबै आयोगहरूका साझा र समन्वयात्मक प्रयासलाई प्रवर्द्धन गर्दै आयोगहरूको विश्वसनीयता र जवाफदेहिता अभिबृद्धि गर्ने ।

## ४.४. समन्वय र सहकार्यका मार्गदर्शक सिद्धान्त तथा मूल्य मान्यताहरू

यो रणनीतिक ढाँचाले अंगिकार गरेको मार्गदर्शक सिद्धान्त तथा मूल्य मान्यताहरु तपसिल बमोजिम रहेका छन् ।

क) पारस्परिक सम्मान र सह-अस्तित्वः आयोगहरु एक-अर्काको संवैधानिक अस्तित्व, कार्यादेश र भूमिकालाई सम्मान गर्नेछन । सबै आयोगहरूले मानव अधिकारलाई केन्द्रमा राखेर काम गर्नेछन ।
ख) परिपूरकता, पारस्परिकता र सहकारिताः आयोगहरूले मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा सम्वन्धित सवै आयोगहरूबिचको परिपूरक भूमिका तथा पारस्परिकतालाई ध्यान दिनेछन् ।
ग) सामुहिक स्वामित्वः आयोगहरूले गर्ने मानव अधिकार संरक्षण र सम्वर्द्धन लगायतको

काममा सामुहिक स्वामित्व वोध गर्दै त्यसलाई परिणाममुखी वनाउन प्रयत्नरत रहनेछन् ।

घ) समानता र अविभेदः मानव अधिकार संस्थाहरूले एकल वा संयुक्त रूपमा सम्पादन गर्ने कुनैपनि क्रियाकलापले लैङ्गिकता, जातीयता लगायतका कुनैपनि आधारमा असमानता वा भेदभाव नगर्ने विषयलाई सुनिश्चित गर्नेछन् ।

ङ) सहभागिता र परामर्शः मानव अधिकारको विषयलाई सम्बोधन वा निर्णय गर्दा वा क्रियाकलापहरु सञ्चालन गर्दा सम्बन्धित आयोग लगायतका सरोकारवालाको सहभागिता तथो परामर्शलाई सुनिश्चित गर्नेछन् ।

च) हानिरहितताः आयोगहरूले समन्वय तथा सहकार्य सम्बन्धी कुनैपनि गतिविधी संचालन गर्दा कसैलाई पनि हानी नपुर्‍याउने सिद्धान्तप्रति (Do No Harm Principle) सचेत र संवेदनशील हुनेछन् ।

छ) समावेशिता : रणनीतिक ढाँचाले मार्गनिर्देशन गरेका नीति, योजना, कार्यक्रम तथा संयन्त्र निर्माण तथा कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशिताको अवधारणा आत्मसात गर्नेछन् ।

ज) शून्यसहनशीलताः मानव अधिकार उल्लङ्घन तथा दुरूत्साहनका घट्नाहरूप्रति आयोगहरूले शून्य सहनशीलतालाई आत्मसात गर्दै शून्य सहनशीलताको संस्कृति प्रवर्द्धन गर्न प्रयास गर्नेछन ।

## ४.५. समन्वय तथा सहकार्य सम्बन्धमा पालना गर्नुपर्ने आचारसंहिता

यस रणनीतिक ढाँचाले अंगिकार गरेका आधारभूत सिद्धान्त तथामूल्यहरूको अधिनमा रही आयोगहरूका पदाधिकारी तथा कर्मचारीहरूले निम्न बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

### ४.५.१) पालना गर्नुपर्ने आचारसंहिता :

(क) मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्द्धनप्रति सदैब कटिवद्ध रहने ।

(ख) एक–अर्काको संवैधानिक एवम् कानूनी अस्तित्व, कार्यादेश र भूमिकालाई सम्मान गर्ने ।

(ग) मानव अधिकारको मूल्य मान्यतालाई केन्द्रमा राखेर काम गर्ने ।

(घ) मानव अधिकार संस्थाहरूको तर्फवाट कार्य सम्पादन गर्दा लैङ्गिकता, जातियता लगायतका कुनैपनि आधारमा असमानता तथा भेदभाव सिर्जना नहोस भनेर सजग र सचेत रहने ।

(ङ) आयोगहरूले समन्वय तथा सहकार्य सम्बन्धी कुनैपनि गतिविधी संचालन गर्दा कसैलाई पनि हानी नपुर्‍याउने सिद्धान्तप्रति (Do No Harm Principle) सचेत र संवेदनशील हुने ।

(च) मानव अधिकारका उल्लङ्घनका घट्नाको अनुगमन र अनुसन्धानमा दोहोरोपन आउन नदिने ।

(छ) मानव अधिकार उल्लङ्घनका घट्नाको छानवीन तथा अनुगमनलाई सहयोग

पुऱ्याउने ।

(झ) आयोगहरूले गर्ने मानव अधिकार संरक्षण र प्रवर्द्धन लगायतको काममा सामुहिक स्वामित्व वोध गर्दै त्यसलाई परिणाममुखी बनाउन प्रयत्नरत रहने ।

(ञ) रणनीतिक ढाँचाले मार्गनिर्देशित गरेका नीति, योजना, कार्यक्रम तथा संयन्त्र निर्माण तथा कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशिताको अवधारणालाई आत्मसात गर्ने ।

(ट) मानवअधिकार उल्लङ्घन तथा दुरूत्साहनप्रति शून्य सहनशीलतालाई आयोगहरूले आत्मसात गर्ने ।

(ठ) वार्षिक योजना तथा कार्यक्रम निर्माण गर्दा तथा चेतनामूलक सामाग्रीहरूको तयारी तथा उत्पादनमा हुनसक्ने दोहोरोपना हटाउन प्रयत्नरत रहने ।

ड) आयोगले एकल रूपमा गर्ने अनुसन्धान, छानविन तथा अनुगमनमा अन्य सम्बन्धित आयोगहरूले तथ्यांक तथा सूचना लगायतका आवश्यक सहयोग प्रदान गर्ने ।

(ढ) सबै आयोगहरूले एकअर्काप्रति बिना पूर्वाग्रह र पक्षपातरहित व्यवहार गर्ने ।

(ण) प्राप्त सूचना तथा तथ्यहरूको आवश्यकता अनुसार गोपनियता कायम गर्ने ।

(त) आयोगका काम कारवाही सम्वन्धमा कुनै धारणा राख्नुपर्ने अवस्था सिर्जना भएमा सम्बन्धित आयोगले तोकेको व्यक्तिले मात्र राख्ने ।

## ४.५.२ आचारसंहिता विपरितका कार्यहरू :

(क) अनुगमन, अनुसन्धान लगायतका कार्यहरु गर्दा आयोगहरूको निष्पक्षता माथि प्रश्न उठ्ने खालको कुनै कार्य गरेमा ।

(ख) आयोगहरूबिच अनास्था पैदा गर्ने, वैमनस्यता उत्पन्न गराउने, दुर्भावना फैल्याउने, आयोगहरूको मर्यादा तथा विश्वसनीयतामा आँच आउने कुनै कार्य गरेमा ।

(ग) आफूलाई प्राप्त कार्यादेश सम्बन्धी तथ्याङ्क, सूचना, वा गोप्य कुरा, आयोगको पूर्व स्वीकृति नलिई प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत व्यक्ति वा सञ्चार माध्यमलाई दिने, प्रकाशन वा प्रसारण गरे गराएमा ।

(घ) कुनै एक आयोगको परिचयपत्र, पोशाक, प्रतीक चिन्ह, लेटरहेड र सामग्री अन्य आयोगले दुरूपयोग गरेमा ।

## ४.५.३. जाँचबुझ तथा छानबिन :

कसैले यस आचार संहितामा उल्लेखित प्रावधानहरु विपरीत कार्य गरेको थाहा जानकारी हुन आएमा समन्वय सहकार्यको कार्य सञ्चालनका लागि गठित उच्च स्तरीय समन्वय समितिले एक जाँचबुझ समिति गठन गरी छानविन गर्न गराउन सक्नेछ । उक्त समितिले यस विषयमा जाँचबुझ गरी उच्चस्तरीय समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

उक्त प्रतिवेदनमा आचार संहिताको उल्लङ्घन भएको पाईएमा प्रचलित कानूनबमोजिम आवश्यक कारवाहीका लागि सम्वन्धित आयोगमा उच्चस्तरीय समन्वय समितिले सिफारिस गर्नेछ ।

## ४.६ आयोगहरूबिच समन्वय र सहकार्य संयन्त्र गठन तथा व्यवस्थापन

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय तथा सहकार्यलाई व्यवस्थित, संस्थागत र नियमित वनाउन निम्न बमोजिमको सम्यन्त्रहरूको गठन हुन आवश्यक रहेको देखिन्छ ।

### ४.६.१ उच्चस्तरीय समन्वय समिति गठन :

राष्ट्रिय मानव अधिकार आयोग र अन्य संवैधानिक आयोगहरूबिच समन्वय तथा सहकार्यको सन्दर्भमा नीतिगत निर्णय लिन तथा नीतिगत मार्गदर्शन गर्न, सुपरिवेक्षण गर्न र समन्वय र सहकार्यको सन्दर्भमा नेतृत्वदायी भूमिका खेल्न देहायबमोजिम संघीय तहमा एक उच्च स्तरीय समन्वय समिति रहनेछ ।

(क) अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग - **संयोजक**
(ख) अध्यक्ष, राष्ट्रिय महिला आयोग - सदस्य
(ग) अध्यक्ष, राष्ट्रिय दलित आयोग - सदस्य
(घ) अध्यक्ष, राष्ट्रिय समावेशी आयोग - सदस्य
(ङ) अध्यक्ष, आदिवासी जनजाती आयोग - सदस्य
(च) अध्यक्ष, मधेशी आयोग - सदस्य
(छ) अध्यक्ष, थारू आयोग - सदस्य
(ज) अध्यक्ष, मुस्लिम आयोग - सदस्य
(झ) सचिव, राष्ट्रिय मानव अधिकार आयोग - सदस्य सचिव

समितिका पदाधिकारीहरूको पद रिक्त रहेको अवस्थामा वरिष्ठ सदस्य वा सदस्य समेत नरहेको अवस्थामा सचिवले आयोगहरूको प्रतिनिधित्व गर्ने व्यवस्था रहन्छ । सबै आयोगहरु पदाधिकारीविहिन रहेको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगका सचिवले समितिको वैठकको अध्यक्षता गर्नेछन् र अन्य आयोगका सचिवहरु समितिमा सदस्य रहनेछन् । राष्ट्रिय मानव अधिकार आयोगको सचिवले वैठकको अध्यक्षता गर्नुपर्ने अवस्थामा सचिवले तोकेको आयोगको वरिष्ठ कर्मचारीले समितिको सदस्य सचिवको हैसियतले कार्य गर्नेछन् ।

### ४.६.२ उच्चस्तरीय समन्वय समितिको कार्यादेश :

उच्चस्तरीय समन्वय समितिको कार्यादेश निम्न बमोजिम रहेको छ ।

(क) समन्वय र सहकार्यको विषयमा छलफल गर्ने र नितिगत निर्णय लिने ।
(ख) समन्वय र सहकार्यको विषयमा आवश्यक नीति तथा योजना निर्माण गर्ने, गराउने ।
(ग) समन्वय तथा सहकार्यका लागि रणनीतिक ढाँचाले निर्दिष्ट गरेका प्राथमिकताका क्षेत्रहरूमा समन्वय र सहकार्यका लागि सहजिकरण गर्ने तथा मार्गनिर्देशित गर्ने ।
(घ) समन्वय र सहकार्यको लागि आवश्यक नीतिगत तथा कानूनी सुधारका लागि पहल गर्ने ।
(ङ) समन्वय र सहकार्यको सन्दर्भमा देखिएका समस्याहरूको वारेमा छलफल गरी निराकरण गर्ने ।
(च) समन्वय र सहकार्य सम्बन्धमा आपसी सम्बाद तथा सूचना आदान प्रदानको वातावरण सिर्जना गर्ने ।
(छ) संसद तथा संसदीय समितिहरू, तीनै तहका सरकार र तीनका निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, विकास साझेदार, नागरिक समाजसमेतको सहयोग आदानप्रदान तथा परिचालन गर्ने ।
(ज) समय समयमा रणनीतिक ढाँचा बमोजिम समन्वय र सहकार्यको काम प्रभावकारी भए नभएको समीक्षा गर्ने गराउने ।
(ज) समन्वय र सहकार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्न आवश्यक अन्य कामहरु गर्ने ।

### ४.६.३ उच्चस्तरीय समन्वय समितिको वैठक तथा निर्णय :

(क) उच्चस्तरीय समन्वय समितिको वैठक कम्तिमा वर्षमा ६ पटक बस्नेछ ।
(ख) उच्च स्तरीय समन्वय समितिको आकस्मिक बाहेकको वैठक वस्नु परेमा सदस्य सचिवले कम्तिमा २ दिन अगावै समितिका सदस्यहरूलाई सूचना दिनु पर्नेछ ।
(ग) समन्वय समितिको वैठकको अध्यक्षता संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यमध्ये ज्येष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।
(घ) वैठकमा एक्काउन्न प्रतिशत सदस्यको उपस्थिति भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।
(च) सामान्यतया उच्च स्तरीय समन्वय समितिको मुकाम राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालयमा रहनेछ ।

### ४.६.४ उच्चस्तरीय समन्वय समितिको सचिवालय :

(१) उच्चस्तरीय समन्वय समितिको कार्य सञ्चालनलाई सहजिकरण गर्नका लागि देहाय बमोजिमको एक सचिवालय रहनेछ ।

(क) उच्चस्तरीय समन्वय समितिको सचिवालय राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालयमा रहनेछ ।
(ख) उच्चस्तरीय समन्वय समितिको सदस्य सचिव वा निजले अधिकार प्रत्यायोजन गरेको व्यक्ति सचिवालय प्रमुख हुनेछ ।

(ङ) सचिवालयको सञ्चालनका लागि आवश्यक श्रोतसाधनको प्रबन्ध राष्ट्रिय मानव अधिकार आयोगले गर्नेछ ।

### ४.६.५ उच्चस्तरीय समन्वय समितिका सदस्य सचिवको जिम्मेवारी :

उच्च स्तरीय समन्वय समितिका सदस्य सचिवको देहायबमोजिमको जिम्मेवारी हुनेछः-

(क) समितिमा छलफल गर्नुपर्ने विषयलाई एजेण्डा बनाई वैठक समक्ष पेश गर्ने ।
(ख) संयोजकको निर्देशनमा छलफलका एजेण्डा सहित समितिको वैठक बोलाउने ।
(ग) वैठकका निर्णय प्रमाणित गराई सुरक्षित राख्ने ।
(ग) समितिको निर्णयको कार्यान्वयन गर्ने गराउने ।
(ङ) समितिको प्रभावकारी सञ्चालनको लागि अन्य आवश्यक कार्य गर्ने गराउने ।

### ४.६.६ उच्चस्तरीय समन्वय समितिको वैठकमा आमन्त्रण गर्न सकिने :

समितिले आवश्यकता र औचित्यताको आधारमा समितिका सदस्य वाहेक कुनैपनि मानवअधिकार संस्थाका पदाधिकारी, कर्मचारी, सरकारी तथा गैरसरकारी संघसंस्था तथा निकायका प्रतिनिधि, विषय विज्ञ, आयोगका पूर्व पदाधिकारीहरु तथा समितिले उपयुक्त र आवश्यक ठानेका व्यक्तिलाई आमान्त्रण गर्न सक्नेछ ।

## ४.७.कार्यगत समन्वय समिति

कार्यगत (Functional) तहमा समन्वय र सहकार्यको कामलाई अगाडि वढाउन तथा उच्च स्तरीय समन्वय समितिले गरेका निर्णयहरूको व्यवहारिक कार्यान्वयन गर्न गराउन देहाय बमोजिमको एक कार्यगत समन्वय समिति रहनेछ :-

(क) सचिव, राष्ट्रिय मानव अधिकार आयोग - **संयोजक**
(ख) कर्मचारी प्रतिनिधि, राष्ट्रिय महिला आयोग - सदस्य
(ग) कर्मचारी प्रतिनिधि, राष्ट्रिय दलित आयोग - सदस्य
(घ) कर्मचारी प्रतिनिधि, राष्ट्रिय समावेशी आयोग - सदस्य
(ङ) कर्मचारी प्रतिनिधि, आदिवासी जनजाती आयोग - सदस्य
(च) कर्मचारी प्रतिनिधि, मधेशी आयोग - सदस्य
(छ) कर्मचारी प्रतिनिधि, थारू आयोग - सदस्य
(च) कर्मचारी प्रतिनिधि, मुश्लिम आयोग - सदस्य
(ज) सहसचिव, समन्वय विभाग, राष्ट्रिय मानव अधिकार आयोग - **सदस्य सचिव**

सम्बन्धित आयोगले विषयवस्तुको ज्ञान, सीप, अनुभव, वरिष्ठता एवम् लैङ्गिक तथा सामाजिक समावेशी समेतका आधारमा कार्यगत समन्वय समिति प्रयोजनका लागि प्रतिनिधि मनोनयन गरी पठाउनु पर्नेछ । समितिमा चयन भएका संयोजक तथा प्रतिनिधिले अन्यथा व्यवस्था भएमा

वाहेक आ–आफ्नो आयोगका लागि कार्यगत तहमा समन्वय तथा सहकार्यको प्रयोजनका लागि सम्बन्धित आयोगको सम्पर्क व्यक्ति (focal person) को रूपमा कार्य गर्नेछन ।

### ४.७.१ कार्यगत समन्वय समितिको कार्यादेश :

कार्यगत समन्वय समितिको कार्यादेश देहाय बमोजिम हुनेछः-

(क) उच्चस्तरीय समन्वय समितिका निर्णयहरूको व्यवहारिक कार्यान्वयन गर्ने गराउने ।

(ख) उच्चस्तरीय समन्वय समितिलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ग) रणनीतिक ढाँचामा निर्दिष्ट रणनीतिक कार्य तथा उपायहरूको कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहजिकरण गर्ने ।

(घ) कार्यगत तहमा समयसमयमा अन्तरआयोग छलफल, सम्बाद तथा सूचना आदानप्रदान गतिविधि सञ्चालन गर्ने ।

(ङ) वार्षिक योजनामा समेट्नु पर्ने गतिविधिहरूको प्रस्ताव तयार गरी उच्चस्तरीय समन्वय समितिमा पेश गर्ने ।

(च) रणनीतिक ढाँचा वमोजिम भएको समन्वय तथा सहकार्यको सन्दर्भमा अद्यावधिक अभिलेख राख्ने तथा समय समयमा प्रतिवेदन तयार गरी उच्चस्तरीय समितिमा पेश गर्ने ।

छ) रणनीतिक ढाँचा वमोजिम समन्वय र सहकार्यलाई प्रभावकारी वनाउन गर्नुपर्ने कार्यहरू पहिचान गरी उच्चस्तरीय समितिमा पेश गर्ने ।

ज) कार्यगत तहमा समन्वय र सहकार्यलाई प्रभावकारी वनाउन अन्य आवश्यक कार्यहरू गर्ने ।

### ४.७.२ कार्यगत समन्वय समितिको वैठक तथा निर्णय :

कार्यगत समन्वय समितिको वैठक तथा निर्णय सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेका छन् ।

(क) कार्यगत समन्वय समितिको वैठक वर्षमा कम्तिमा ६ पटक बस्नेछ ।

(ख) आकस्मिक वैठक वाहेक नियमित वैठक वस्दा एजेण्डा सहित कम्तीमा दुईदिन अगावै सबै सदस्यहरूलाई जानकारी गराउनु पर्नेछ ।

(ग) कार्यगत समितिले गरेका निर्णयको जानकारी उच्च स्तरीय समन्वय समितिलाई दिनुपर्नेछ ।

### ४.७.३ सम्पर्क बिन्दु :

(१) प्रत्येक आयोगले पदाधिकारीहरूको तहमा एकजना पदाधिकारी र कार्यगत तहमा एकजना कर्मचारीलाई रणनीतिक ढाँचाको प्रयोजनको लागि सम्पर्क विन्दु तोक्नेछ ।

२) प्रदेशमा कार्यालय रहेका आयोगहरूले यस ढाँचा बमोजिम समन्वय र सहकार्यको प्रयोजनका लागि सम्पर्क विन्दु तोक्नेछन ।

(४) सम्पर्कविन्दुको रूपमा तोकिएका व्यक्तिले उच्चस्तरीय समन्वय समितिले निर्दिष्ट गरे बमोजिम कार्य सम्पादन गर्नुपर्नेछ ।

### ४.७.४ जानकारी दिने :

साझा सरोकार, चासो वा महत्वको विषय, अध्ययन, अनुसन्धान तथा छानविनको नतिजाको वारेमा प्रत्येक आयोगहरूले एक अर्कालाई जानकारी गराउनु पर्नेछ ।

एकअर्काको क्षेत्राधिकार भित्र पर्ने विषयका गुनासो तथा सूचना प्राप्त हुन आएमा यथाशीघ्र त्यस्तो गुनासो तथा सूचना सम्बन्धित अधिकारप्राप्त आयोगमा प्रेषण गर्नु पर्नेछ सूचनाको आदानप्रदानका लागि आ–आफ्नो तहमा उच्चस्तरीय समन्वय समिति तथा कार्यगत समितिले सहजिकरण गर्नु पर्नेछ । उच्चस्तरीय समितिले प्रेषण प्रणालीको विकास र सञ्चालनका लागि आवश्यक सहजिकरण गर्ने गराउने छ ।

### ४.७.५ बजेट व्यवस्थापन :

रणनीतिक ढाँचा बमोजिम राष्ट्रिय मानव अधिकार आयोग र अन्य संवैधानिक आयोगहरूबिचको समन्वय सहकार्यका गतिविधिका लागि देहाय बमोजिम बजेटको प्रबन्ध गर्नुपर्नेछः –

(क) प्रत्येक आयोगले समन्वय र सहकार्यका लागि आवश्यक वजेट वार्षिक रूपमा विनियोजन गर्न सक्ने ।

(ख) प्रचलित कानूनको अधिनमा रहि अतिरिक्त आर्थिक श्रोतसाधनका लागि विकास साझेदारहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था र नागरिक समाजहरूसँग आवश्यक समन्वय गर्न सक्ने ।

### ४.७.७ वार्षिक योजनामा समावेश गर्ने :

रणनीतिक ढाँचा वमोजिम गर्नु पर्ने रणनीतिक कार्य तथा गतिविधिलाई आयोगहरूले आआफ्नो वार्षिक योजनामा समावेश गर्नेछन् । त्यसका लागि उच्चस्तरीय समन्वय समितिले पहल तथा सहजिकरण गर्नेछ ।

### ४.७.८ समीक्षा वैठक :

यस रणनीतिक ढाँचा बमोजिम समन्वय र सहकार्य सम्बन्धी कार्य भएनभएको समीक्षा गर्न समय समयमा समीक्षा वैठकका लागि पहल गर्नेछन् । सबै आयोगका पदाधिकारी तथा कर्मचारीहरूको प्रतिनिधित्व हुनेगरी वार्षिक समीक्षा वैठक आयोजना गर्न सकिनेछ । यसका अतिरिक्त अन्य सरोकारवालाहरूसमेतको सहभागितामा समय समयमा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहमा रणनीतिक सम्मेलन तथा गोष्ठिको आयोजना गर्न सकिनेछ ।

### ४.७.९ सहयोग लिने तथा सहकार्य गर्ने :

समन्वय तथा सहकार्यका लागि सिर्जित संयन्त्रहरूले रणनीतिक ढाँचाले निर्दिष्ट गरेको

उदेश्य वमोजिम कार्यसञ्चालनका लागि मानवअधिकार संस्थाहरूको अतिरिक्त तहगत सरकारका निकायहरु, राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय संघसंस्था, नागरिक समाज तथा विज्ञहरूको सहयोग लिन सक्नेछन ।

### ४.७.१० वार्षिक प्रतिवेदनमा समेट्ने :

आयोगहरूले मानव अधिकार संरक्षण तथा सम्वर्द्धनको विषयमा समन्वय र सहकार्य सम्बन्धी गतिविधिहरूको विवरण आ–आफ्नो बार्षिक प्रतिवेदनमा समेटेर सार्वजनिक गर्न सक्नेछन् ।

## ४.८. अनुगमनमा सहकार्यको ढाँचा

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबाट अनुगमनमा गरिने सहकार्यको ढाँचाले दुई वा दुईभन्दा बढि आयोगहरूको साझा सरोकार र चासोका विषय तथा मानव अधिकार उल्लङ्घनका घट्नामा अनुगमन, छानविन/अनुसन्धान गरी मानव अधिकारको संरक्षण र सम्वर्द्धनलाई प्रभावकारी बनाउने उद्देश्य राखेको छ । यो ढाँचामा “अनुगमनमा सहकार्य” भन्नाले दुई वा दुईभन्दा बढि आयोगहरूको सहभागितामा हुने मानव अधिकार उल्लङ्घनका घटना वा खास क्षेत्र, वर्ग, समुदायको मानव अधिकार अवस्थाको अनुगमन वा छानविनलाई जनाउँछ । साथै खास मानव अधिकारको प्रवृत्तिगत अवस्था, खास कानूनको कार्यन्वयनको प्रभाव मूल्यांकन वा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताका प्रावधानहरूको राष्ट्रिय कार्यान्वयन अवस्थाको विश्लेषणको प्रयोजनका लागि दुई वा दुई भन्दा बढि आयोगद्वारा गर्ने अनुगमन समेतलाई अनुगमना गरिने सहकार्यकोरूपमा लिइनेछ ।

संवैधानिक आयोगहरूबाट गरिने उक्त अनुगमन कार्यका लागि आवश्यक नीति निर्माण गरी सवै आयोगका वार्षिक कार्ययोजनामा अनुगमनमा गरिने सहकार्य सम्वन्धी कार्यक्रमहरूका लागि आवश्यक पर्ने बजेट आयोगहरूले आ–आफ्नो कार्यालयको बजेटबाट व्यवस्थापन गर्नुपर्नेछ । आवश्यकता अनुसार विकास साझेदारको सहयोगलाई पनि परिचालन गर्न सकिनेछ । अनुगमनका क्रममा कुनै विवाद वा द्विविधा उत्पन्न भएमा त्यसको निराकरण गर्ने र संयुक्त अनुगमन सम्वन्धी कार्यको सहजीकरणका लागि आयोगहरूबिच नियमित सम्पर्क र समन्वयको व्यवस्था मिलाउने गर्नुपर्दछ ।

मानव अधिकार उल्लङ्घनको घट्नाहरूको समन्वयात्मक सम्बोधनको लागि आयोगहरूबिच रहेको विशिष्टिकृतता तथा दक्षताको प्रयोगमार्फत मानव अधिकार अवस्था तथा प्रवृत्तिको तथ्यपरक र गुणस्तरीय ढंगबाट अध्ययन तथा विश्लेषण गर्न, अनुगमन तथा अनुसन्धानमा हुन सक्ने दोहोरोपना र क्षेत्राधिकारमा देखिने समस्याको निराकरण गर्दै मानव अधिकार प्रत्याभूत हुने वातावरण निर्माण गर्न, आयोगहरूको सिफारिस कार्यान्वयनमा संयुक्त वकालत गरी देशमा

कानूनी शासन र जवाफदेहिता सुनिश्चितता गर्ने राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबाट अनुगमनमा सहकार्य गर्ने उद्देश्य रहेको छ ।

### ४.८.१ अनुगमनमा सहकार्यका आधारभूत सिद्धान्त :

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबीच समन्वय र सहकार्यलाई मार्गनिर्देशित गर्ने गरी रणनीतिक ढाँचाले निर्दिष्ट गरेका देहायका मूल्य,मान्यता तथा सिद्धान्त समेतवाट अनुगमन निर्देशित हुनेछः

क) पारस्परिक सम्मान र सह–अस्तित्व
ख) परिपूरकता, पारस्परिकता र सहकारिता
ग) सामुहिक स्वामित्व
घ) समानता र अविभेद
ङ) सहभागिता र परामर्श
च) हानिरहितता
छ) समावेशिता
ज) शून्यसहनशीलता

### ४.८.२ अनुगमनमा सहकार्यका क्षेत्र तथा विषयहरू :

अनुगमनको लागि विषयको छनौट तथा प्राथमिकिकरण गर्दा मानव अधिकार उल्लङ्घनको प्रकृति र प्रवृति, समुदाय तथा समाजलाई पारेको वा पर्न सक्ने प्रभाव, दुई वा दुई भन्दा वढि आयोगको क्षेत्राधिकार आकर्षित हुने विषय तथा राष्ट्रसंघीय संयन्त्रले चासो राखेको र औल्याएको विषयलाई ध्यान दिइनेछ । मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु संविधान तथा प्रचलित कानूनको अधिनमा रही देहायको विषयमा अनुगमनमा सहकार्य गर्न सक्नेछन् ।

(क) कुनै ब्यक्ति, समूह वा समुदायको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएको सम्वन्धमा आयोगमा परेको निवेदन वा उजुरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगहरूको जानकारीमा आएको विषय,
(ख) नेपाल पक्ष भएका मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता, सन्धिजनित समिति तथा मानव अधिकारको आवधिक समीक्षाबाट प्राप्त सिफारिसहरूमा औंल्याईएको विषय,
(ग) सिमान्तीकृत, अल्पसंख्यक तथा मानव अधिकारको उल्लङ्घनका जोखिममा रहेका वर्ग तथा समुदायसँग सरोकार राख्ने कानून, नीति तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी विषय,
(घ) समाजमा दिगो शान्ति, विकास तथा समतामुलक समृद्धिको वाधकको रूपमा रहेका विभेद, असमानता, बहिष्करण तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक

अधिकारबाट वञ्चिती सम्बन्धी विषय,

(ङ) विगतमा भएको सशस्त्र द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनका घटनामा पीडितलाई सत्य, न्याय र परिपूरण सुनिश्चित गर्नुपर्ने राज्यको दायित्व समाविष्ट भएको विषय,

च) आयोगहरूले अनुगमनमा सहकार्यका लागि उपयुक्त ठानेका अन्य विषय,

## ४.८.३ अनुगमन टोलीको गठन र परिचालन :

संयुक्त अनुगमनको लागि उच्चस्तरीय समन्वय समितिले निर्क्यौल गरी अनुगमन टोलीको गठन र परिचालन गर्न निर्देशन गर्न सक्नेछ ।

- कुनै घट्ना विशेषको उजुरी कुनै एक आयोगमा दर्ता भएमा वा घट्नाका सम्वन्धमा आयोगलाई कुनै माध्यमबाट जानकारी भएमा सो आयोगले घट्नाको अनुगमन अन्य आयोग समेतको सहभागितामा संयुक्त रूपमा गर्न आवश्यक ठानेमा सोको कारण सहित सम्वन्धित आयोगमा लेखी पठाउनु पर्नेछ ।
- पीडित स्वयम्, प्रभावित समुदाय वा कुनै संघसंस्था तथा निकायवाट अनुगमनमा सहकार्यका लागि अनुरोध भई आएमा सम्बन्धित आयोगले प्राथमिकता दिई अनुगमनमा सहकार्य गर्ने नगर्ने सम्वन्धमा धारणा निर्माण गर्नु पर्नेछ । सोको जानकारी यथाशीघ्र उच्चस्तरीय समन्वय समितिमा पठाउनु पर्नेछ ।
- अनुगमनको क्रममा अनुगमनकर्ता तथा अनुगमन टोली वा सम्बन्धित आयोगले मानव अधिकार संस्थाहरूको अतिरिक्त तहगत सरकारका निकायहरु, राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय संघसंस्था, नागरिक समाज तथा विज्ञहरूको सहयोग लिन सक्नेछन् ।

## ४.८.४ अनुगमन प्रतिवेदन/ सूचना सम्प्रेषण :

- आयोगहरूले संयुक्त अुगमनसँग सम्वन्धित विषयबारे सरोकार राख्ने आवश्यक सूचना, दस्तावेज तथा जानकारी एक अर्काबिच आदान प्रदान गर्नेछन् । सूचनाको आदानप्रदानलाई प्रभावकारी बनाउन आयोगले तोकेका सम्पर्क व्यक्तिहरूले आवश्यक सहजिकरण गर्नेछन ।
- अनुगमन टोलीले मानव अधिकार उल्लङ्घनको घट्नाको अनुगमन तथा छानविनको काम सम्पन्न गरी फर्किए लगतै आफूले गरेको कार्यको सम्बन्धमा उच्चस्तरीय समन्वय समितिका पदाधिकारी समक्ष मौखिक विवरण (Debriefing) प्रस्तुत गर्नु पर्नेछ । यस्तो विवरणमा आफूले अनुगमन वा छानविन गरेको स्थान, घटनाको अवस्था, कारणहरु र तत्काल आयोगले चाल्नु पर्ने कदमको बारेमा सुझाव समेत समेट्नु पर्नेछ । अनुगमनको कार्य सकिएपछि यथासक्य ७ कार्यदिन भित्र टोली वा

अनुगमनकर्ताले उच्चस्तरीय समन्वय समितिका पदाधिकारी र सम्बन्धित आयोगमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

- संयुक्त अनुगमनको निष्कर्ष तथा सिफारिसलाई समेटेर सम्बन्धित आयोगले प्रतिवेदन सार्वजनिक गर्नेछ । उक्त प्रतिवेदनले औंल्याएको निष्कर्षको आधारमा मानव अधिकार दायित्व परिपालना गराउनका लागि सम्बन्धित निकायमा आयोगले सिफारिस गर्नेछ ।
- सबै आयोगहरूले आवश्यकता अनुसार अनुगमनको चरण र अनुगमनबाट प्राप्त निष्कर्ष तथा सुझावको कार्यान्वयनको चरणमा समन्वयात्मक रूपमा पैरवी तथा वकालत गर्नेछन् । यस्ता कार्यक्रमको संयोजन सामान्यतया अनुगमनको नेतृत्व गर्ने आयोगले गर्नेछ ।
- अनुगमनसम्वन्धी कार्य सम्पन्न भैसके पश्चात अनुगमनबाट प्राप्त निष्कर्ष तथा सिफारिसको आंशिक वा पूर्ण खण्ड सार्वजनिक जानकारीको लागि आवश्यकता अनुसार विभिन्न सञ्चार माध्यम तथा आयोगहरूको आ–आफ्नो वेभपेज आदिबाट सम्प्रेषण गर्न सकिने छ । अनुगमनको क्रममा अनुगमनको प्रगति तथा विद्यमान स्थिति बारेमा सार्वजनिक जानकारीका लागि संप्रेषण गर्न कुनै वाधा पर्ने छैन ।
- यसका अतिरिक्त आचार सहिंता सम्वन्धी व्यवस्था आयोगको अनुगमन सम्वन्धी नियमावली २०६१ मा तोकिएबमोजिम अनुगमनकर्ताले पालना गर्नुपर्नेछ ।

### ४.८.५ गोपनियता संरक्षण :

अनुगमन टोलीले गोपनियताको संरक्षण र हानिरहितताको सिद्धान्त (Do No Harm Principle) लाई अवलम्बन गर्ने छन् र आयोगहरूले मानव अधिकार उल्लङ्घनका घटनाका पीडित, साक्षी तथा सूचनादाताको विवरण निजहरूको सहमति नलिइकन सार्वजनिक गर्ने छैनन् । प्रचलित कानून वमोजिम अनुगमनको क्रममा प्राप्त सूचनाको गोप्यताको संरक्षण गर्नेछन् । अनुगमन टोलीले संकलन गर्नुपर्ने सूचना, विवरण, तथ्याङ्क वा घटनालाई टिपोट, अभिलेख, फोटोग्राफी वा अन्य कुनै उपयुक्त माध्यमद्वारा संकलन गरी दुरूस्त रूपमा राख्ने तथा अनुगमनबाट प्राप्त सूचनाको संरक्षण गर्नु पर्नेछ ।

परिच्छेद -५

# रणनीतिक प्राथमिकता तथा कार्यदिशाहरू

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्य गर्दा अवलम्बन गरिने रणनीतिक प्राथमिकता कार्यदिशाहरू तथा रणनीतिहरू के कस्तो हुने भन्ने बारे परामर्श र छलफलको क्रममा सरोकारवालाहरूबाट सुझावहरू प्राप्त भएका थिए । प्राप्त सुझावहरूलाई मूलभूत रूपमा चारवटा रणनीतिक कार्यदिशा अन्तर्गत बर्गिकरण (clustering) गरिएको छ ।

## ५.१. आयोगहरूबिचको पारस्परिक अनुभव तथा सूचना आदानप्रदान

आयोगहरूबिच पारस्परिक सम्मान एकअर्काको कार्यादेशबारेको बुझाइमा एकरूपता, नियमित सम्वाद एवम् सूचना, अनुभव, सिकाई, ज्ञान आदान प्रदान र साधन श्रोतको समुचित व्यवस्थापनबाट सहकार्य र समन्वयलाई दिगो र फलदायी वनाउन सकिने हुन्छ । यसको लागि पदाधिकारीहरू र कर्मचरारीहरूबिचमा पनि नियमित रूपमा सम्बाद गरी विश्वासको वातावरण सिर्जना गर्न सकिएमा समन्वय र सहकार्यका नयाँ आयामहरूलाई मार्ग प्रशस्त गर्न सहयोग पुग्नेछ ।

### ५.१.१. रणनीतिक कार्य तथा उपायहरू :

क) देशको मानव अधिकार स्थितिमा सुधार गर्न, आयोगहरूको समन्वयात्मक भूमिकाको समीक्षा गर्न तथा भावी रणनीति तय गर्न वार्षिक रूपमा मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको सम्मेलनको आयोजना गर्ने ।

ख) आयोगका पदाधिकारीहरूको तहमा समय समयमा पारस्परिक भेटघाट तथा सम्वादका गतिविधिहरू वढाउने ।

ग) आयोगका कर्मचारीहरूकोबिचमा पारस्परिक सिकाई तथा अनुभव आदानप्रदानका गतिविधिहरूलाई प्रवर्द्धन गर्ने ।

घ) मानव अधिकारसम्बन्धी एकीकृत सूचना प्रणालीको विकास गर्न आधार तयार गर्ने र सूचना आदानप्रदानको परिपाटि विकास गर्ने ।

ङ) संवैधानिक आयोगहरूको कार्यादेश र अन्तरसम्वन्ध तथा अन्तर्राष्ट्रिय अनुभव समेतका सन्दर्भमा हातेपुस्तक तयार गरी प्रकाशन गर्ने ।

## ५.२. मानव अधिकार सम्बर्द्धन

मानव अधिकारको सम्वर्द्धन नै एउटा त्यस्तो साझा क्षेत्र छ जहाँ दुई वा दुईभन्दा वढी आयोगहरु वा कतिपय अवस्थामा सवै आयोगहरुले सहकार्य र समन्वयात्मक प्रयासहरु अगाडि वढाउन सक्दछन । मानव अधिकार सम्वर्द्धनका वृहत क्षेत्रहरु समेटिन सक्छन् । जस्तै नीतिगत अध्ययन अनुसन्धान, कानूनी सुधार वा कार्यान्वयनका लागि रणनीतिक वकालत/पैरवी वा अभियान, क्षमता अभिवृद्धि तथा आमरूपमा मानव अधिकार शिक्षा र संस्कृतिको प्रवर्द्धन गर्ने विषयहरु प्रमुख छन् । यसबाट काममा हुने दोहोरोपन हट्दै श्रोतसाधनको प्रभावकारी उपयोग गरी अपेक्षित उद्देश्य हासिल गर्न सकिन्छ । यसको लागि देहायबमोविमको रणनीतिक कार्य र उपायहरु पहिचान गरिएको छ ।

### ५.२.१. रणनीतिक कार्य तथा उपायहरू :

क) मानव अधिकारका साझा सरोकारका विषयमा संयुक्त रूपमा नीतिगत अध्ययन तथा अनुसन्धान गर्ने ।

ख) एकलरूपमा कुनै आयोगले खास विषयमा अध्ययन र अनुसन्धान गर्ने वारेको प्रस्तावमा अन्य आयोगहरुसँग प्रतियक्रिया लिने ।

ग) अध्ययन तथा अनुसन्धानको नतिजाको बारेमा अन्य आयोगहरुलाई जानकारी गराउने तथा त्यसका सिफारिसहरुको कार्यान्वयनका लागि समन्वयात्मक भूमिका प्रवर्द्धन गर्ने ।

घ) अध्ययन, अनुसन्धानलाई तथ्यपरक तथा गुणस्तरीय बनाउन एकअर्कासँग उपलब्ध रहेको विज्ञ परामर्श सहयोग उपलब्ध गराउने तथा मसौदा प्रतिवेदनमा राय सुझाव र प्रतिक्रिया दिने ।

ङ) मानव अधिकारका गंभिर विषयहरु (जस्तै जातिय विभेद, यौनजन्य हिंसा, यातना, हत्या, संक्रमणकालिन न्याय) मा साझा वकालत तथा अभियानको योजना वनाएर कार्यान्वयनमा ल्याउने ।

च) क्षमता अभिवृद्धिका गतिविधिहरुमा एकअर्काको विज्ञतालाई उपयोग गर्ने तथा अन्तर आयोग क्षमता अभिवृद्धि तालिम तथा अन्य कार्यक्रमहरु आयोजना गर्ने ।

छ) एकअर्कासँगको समन्वय र सहकार्यमा जनचेतनामूलक कार्यक्रमहरु आयोजना गर्ने र त्यस्ता कार्यक्रमहरुलाई सहयोग गर्ने ।

ज) वार्षिक योजना तथा कार्यक्रम निर्माणको चरणमा एकअर्कासँग परामर्श गरेर प्रवर्द्धनात्मक कार्यक्रमहरुमा दोहोरोपन हुन नदिने ।

झ) मानव अधिकारका सवाललाई सरकारका नीति तथा कार्यक्रममा मूलप्रवाहिकरण गर्न तीनै तहका सरकारहरुसँग आवश्यकताअनुसार वैठक तथा सम्वाद गर्ने ।

ञ) मानव अधिकार संस्थाहरुको साझा पोर्टल बनाएर प्रवर्द्धनात्मक सामाग्री तथा अन्य दस्तावेजहरुमा सवैको सहज पहुँच उपलब्ध गराउने ।

ट) साझा सरोकारका विषयमा आवधिक रूपमा अन्य सरोकारवालाहरु समेतलाई सहभागी गराएर रचनात्मक सम्वाद कार्यक्रम आयोजना गर्ने ।

ठ) प्रवर्द्धनात्मक गतिविधिहरूमा आयोगका पूर्व आयुक्तहरु तथा पदाधिकारी एवम् कर्मचारीहरूको अनुभव र विज्ञतालाई उपयोग गर्ने ।

ड) अन्य आवश्यक कार्यहरु गर्ने ।

## ५.३ मानव अधिकारको संरक्षण र वकालत

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको कार्यादेशको तुलनात्मक अध्ययन गर्दा मानव अधिकार उल्लङ्घनको अनुगमन र अनुसन्धानको सन्दर्भमा आयोगहरूबिचमा एकरूपता देखिंदैन । आयोगहरूबिचको तुलनात्मक कार्यादेश अनुसूची ६ मा समावेश गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोगले समग्र मानव अधिकार उल्लङ्घनका विषयमा अनुगमन र अनुसन्धान गर्ने एवम् कतिपय विषय (क्षतिपूर्ति) मा आदेश तथा कतिपयमा सिफारिस गर्न सक्ने अधिकार राख्दछ । राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले विषयगत रूपमा महिला र दलित अधिकारको उल्लङ्घनको विषयमा अनुगमन र अनुसन्धान गर्न र त्यसको आधारमा सिफारिस गर्न सक्दछन् । आदेश वा सिफारिस कार्यान्वयनमा वाधा पार्ने कार्यविरूद्ध विभागीय कारवाहीको सिफारिस गर्ने वा जिम्मेवारलाई नाम अभिलेखिकरण गरी सार्वजनिक गर्ने अधिकार पनि राष्ट्रिय मानव अधिकार आयोगमा रहेको छ । तसर्थ राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले महिला र दलितका मानव अधिकारका समानता र अविभेद जस्ता प्रत्याभूतिको उल्लङ्घनको विषयमा नेतृत्वदायी भूमिका खेल्न सक्नेछन् । बाँकी पाँच आयोगहरूको कार्यादेश हेर्दा नीतिगत प्रकृतिको देखिन्छ । तसर्थ उनीहरूले मानव अधिकार उल्लङ्घनको स्वतन्त्र अनुगमन र अनुसन्धान गर्न सक्ने स्थिति देखिंदैन । तथापी उनीहरूले त्यस्ता घट्नाहरूको सूचना प्राप्त हुनासाथ विषय हेरेर राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग वा राष्ट्रिय दलित आयोगलाई रिफर गर्न सक्दछन । उनीहरूले अनुसन्धान र अनुगमनमा सहजिकरण गर्ने भूमिका खेल्न सक्दछन । विषयगत रूपमा मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनमा समेत रणनीतिक रूपले भूमिका खेल्न सक्दछन् । यसर्थ मानव अधिकार उल्लङ्घनको घटनाहरूमा यथासमयमा प्रभावकारी सम्बोधन गर्नका लागि पनि अनुगमन र अनुसन्धानको क्षेत्रमा समन्वय र सहकार्यलाई एउटा महत्वपूर्ण रणनीतिक प्राथमिकता तथा कार्यदिशाको रूपमा रणनीतिक ढाँचाले स्थान दिएको छ । यस सन्दर्भमा निम्न रणनीतिक कार्य तथा उपायहरु पहिचान गरिएको छ ।

### ५.३.१. रणनीतिक कार्य तथा उपायहरू :

क) साझा सरोकारका क्षेत्रमा संयुक्त अनुगमन टोली वनाएर मानव अधिकार स्थितिको अनुगमन गर्ने ।

ग) अनुगमन तथा अनुसन्धानको आधारमा मानव अधिकारको स्थिति औल्याउने गरी आवश्यकता अनुसार संयुक्त प्रतिवेदन सार्वजनिक गर्ने ।

घ) खास प्रकृतिका मानव अधिकार समस्याहरूका अन्तरनिहित कारण पत्ता लगाउन, प्रवृतिको विश्लेषण गर्न र राज्यका निकायहरूको ध्यानाकर्षण गर्न एकअर्काबिच समन्वय र सहकार्यमा राष्ट्रिय जाँचवुझ गर्ने ।
च) प्रेषण प्रणालीको विकास गरी अनुसन्धान र छानविनमा दोहोरोपन हटाउने ।
ज) आयोगका आदेश तथा सिफारिसहरूको एकीकृत अभिलेख तयार गरी तिनीहरूको कार्यान्वयनको ट्रयाकिङ गर्ने प्रवन्ध मिलाउने ।
झ) संयुक्त अनुगमन तथा छानविनलाई व्यवस्थित गर्न संयुक्त संयन्त्रको स्थापना र सञ्चालन गर्ने ।
ञ) उल्लङ्घनका पीडित तथा साक्षीको संरक्षण, कल्याण तथा सहायता सम्बन्धमा सयुक्त कार्यक्रम बनाएर लागू गर्ने ।
ट) सिफारिस तथा आदेश कार्यान्वयनका विषयमा सरकारका सम्बन्धित निकायहरूसँग रणनीतिक वैठक तथा वकालत गर्दा यथासक्य आयोगहरूबिचको सहकार्यमा गर्ने ।
ठ) संयुक्त अनुगमन र अनुसन्धानलाई तथ्यपरक र गुणस्तरीय बनाउनको लागि क्षमता अभिबृद्धि गर्न सहकार्य गर्ने ।
ड) आवश्यक अन्य गतिविधिहरु सञ्चालन गर्ने ।

## ५.४ अन्तर्राष्ट्रिय तहमा प्रतिनिधित्व र प्रतिवेदन

नेपालले थुप्रै अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि सम्झौताहरूलाई अनुमोदन गरेकोले ती सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन तथा परिपालनाको दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । राज्यले ती दायित्व निर्वाह गरे नगरेको स्वतन्त्र र निष्पक्ष अनुगमन तथा समीक्षा गरेर नैतिक दवाव सिर्जना गर्ने राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका हुन्छ । यसको लागि राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिचको सहकार्य, परिपूरकता र समन्वयले अन्तर्राष्ट्रिय मञ्चहरूमा हुने नेपालको मानव अधिकारको अवस्था वारेको छलफल र अन्तरसम्वाद्लाई तथ्यपरक र यथार्थपरक बनाउन सकिन्छ । विगतको अनुभवले पनि त्यही सिकाएको छ । राष्ट्रिय मानव अधिकार आयोगको विशेष र नेतृत्वदायी कार्यादेश रहेको र भूमिका हुने भए पनि विषयगत हिसावले अन्य आयोगले पनि प्रतिनिधित्व गर्न सक्दछन र प्रतिवेदनमा योगदान पुऱ्याउन सक्दछन् । तसर्थ यो पनि सहकार्य र समन्वयको एउटा महत्वपूर्ण क्षेत्रको रूपमा रहेको छ । विगत देखिनै विश्वव्यापी आवधिक समीक्षा (युपीआर)को सन्दर्भमा साझा प्रतिवेदन पेश गर्ने प्रचलनले निरन्तरता पाउँदै आएको छ । विषयगत प्रतिवेदन बाहेक अन्य मानव अधिकारका सामान्य विषयहरूमा राष्ट्रिय मानव अधिकार आयोगले सन्धिजनित निकाय लगायत अन्य निकायमा पठाउने प्रतिवेदनहरूमा पनि त्यस्तो विषयगत दृष्टिकोण (जस्तै लैङ्गिक तथा जातीय) लाई मूलप्रवाहिकृत गर्न विषयगत आयोगको भूमिका महत्वपूर्ण रहन सक्ने भएकाले यस सन्दर्भमा सहकार्य र समन्वयको क्षेत्रलाई वृहत र वस्तुपरक वनाउन आवश्यक देखिँदा निम्न मूलभूत रणनीतिक कार्य तथा उपायहरु पहिचान गरिएको छ ।

### ६.२.१. रणनीतिक कार्य तथा उपायहरू :

क) युपीआर तथा सन्धिजनित समितिमा पठाउने प्रतिवेदनका सन्दर्भमा सहकार्यलाई निरन्तरता दिने ।

ख) युपीआरका सिफारिस तथा सन्धिजनित समितिका सिफारिस तथा निर्णयहरूको एकीकृत तथ्याङ्क तयार गरी तिनको कार्यान्वयन स्थितिको ट्र्याकिङ गर्ने ।

ग) युपीआर तथा सन्धिजनित समिति तथा अन्य संयन्त्र (जस्तै विशेष समाधिक्षक) का सिफारिसहरूको वारेमा सरोकारवालाहरूलाई सुसूचीत गर्ने र कार्यान्वयनका लागि सहजिकरण गर्ने सन्दर्भमा सहकार्य गर्ने ।

घ) अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरु र तिनका सिफारिस तथा निर्णहरूको कार्यान्वयनको विषयमा सूचनामूलक श्रोत सामाग्री तयार पारेर उपयोग गर्ने र वितरण गर्ने ।

ङ) अन्तर्राष्ट्रिय प्रतिनिधित्व र प्रतिवेदन लेखन लगायतको विषयमा आयोगहरूको क्षमता अभिवृद्धि गराउने सन्दर्भमा सहकार्य गर्ने ।

च) अन्तर्राष्ट्रिय स्तरको प्रतिनिधित्व र सहभागिताको अनुभव सबै आयोगहरूलाई वाँड्ने ।

छ) अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने प्रतिवेदन तथा अन्य सामाग्री तयार गर्दा सबै सम्बन्धित आयोगहरूको राय सुझाव तथा सल्लाह लिने ।

ज) आवश्यक र उपयुक्त अन्य गतिविधिहरु सञ्चालन गर्ने ।

परिच्छेद -६

# कार्यान्वयनका उपायहरू

## ६.१ रणनीतिक ढाँचा उपर सामुहिक स्वामित्व स्थापित गर्ने:

- सबै आयोगका पदाधिकारी तथा कर्मचारीहरूकाबिचमा यस ढाँचाउपर सचेतना जागृत गर्ने गराउने र बुझाईमा एकरूपता कायम गर्ने ।
- तहगत सरकारका निकाय, संसदीय समिति, नागरिक समाज र आमसंचार क्षेत्रलाई सुसूचीत गराउने ।
- सबै आयोगले यस ढाँचा कार्यान्वयनका लागि खेल्नु पर्ने भूमिकाका वारेमा छलफल गर्ने र साझा धारणा तयार पार्ने ।

## ६.२ समन्वय र सहकार्य संयन्त्र

- उच्चस्तरीय समन्वय समिति र कार्यगत समन्वय समितिहरू लगायतका समन्वय र सहकार्य संयन्त्रहरू कार्यान्वयनमा ल्याउने ।
- आयोगहरूबिचको आपसी सहमतिमा अन्य आवश्यक संयन्त्रहरूको सिर्जना गर्ने ।
- समन्वयको प्रयोजनका लागि पदाधिकारी तथा कर्मचारीको तहमा सम्पर्क बिन्दु तोक्ने ।
- आयोगहरूका रणनीतिक योजना, निर्देशिका तथा कार्यविधिहरूमा यस रणनीतिक ढाँचा अनुरूप परिमार्जन तथा समायोजन गर्ने ।

## ६.३ संयन्त्र सञ्चालनका विधि, प्रकृया तथा श्रोतको प्रवन्ध

- रणनीतिक ढाँचा वमोजिमको कार्य सम्पदन गर्न सवै आयोगहरूले आफ्नो वार्षिक वजेटमा निश्चित रकम समन्वय र सहकार्यका लागि विनियोजन गर्ने । विकास साझेदारहरूको सहयोग प्राप्तीको लागि एकिकृत रूपमा पहल गर्ने ।

## ६.४ आवधिक समीक्षा तथा मुल्यांकन

- प्रत्येक आयोगले आन्तरिक रूपमा समन्वय र सहकार्यको क्षेत्रमा भएका प्रयास तथा प्रगतिलाई ६/६ महिनामा समीक्षा तथा मुल्यांकन गर्न सक्नेछन ।
- उच्चस्तरीय समन्वय समितिको पहलमा अनुगमन तथा मुल्यांकनको ढाँचा तयार गरी सोही अनुरूप प्रत्येक वर्ष मुल्यांकन गर्न सकिनेछ ।

परिच्छेद -७

# जोखिम विश्लेषण तथा न्यूनीकरणका उपायहरू

## जोखिम

१. राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्वन्धी संवैधानिक आयोगहरूले यो रणनीतिक ढाँचा प्रति स्वामित्व र जिम्मेवारी नलिएमा कार्यान्वयन हुन नसक्ने
२. आवश्यक वित्तीय साधन उपलब्ध हुन नसकेमा कार्यान्वयनमा समस्या हुन सक्ने ।
३. समन्वय र सहकार्यका सीमा र क्षेत्रका वारेमा भ्रम सिर्जना हुन गएको स्थितिमा यसलाई उचित सम्वोधन गर्न नसकिएमा प्रत्यूत्पादक हुने जोखिम ।

## जोखिम न्यूनीकरणका उपाय

१. रणनीतिक ढाँचाको तयारी प्रकृयालाई परामर्शदायी वनाउँदै लाने ।
२. छलफल र सम्वादको माध्यमद्वारा रणनीतिक ढाँचाका बारेमा साझा बुझाई विकास गर्ने ।
३. पदाधिकारी तथा कर्मचारीहरूको बिचमा रणनीतिक ढाँचाको कार्यान्वयनका पक्षहरूको वुझाईमा स्पष्टता ल्याउन छलफल र परामर्श गर्ने ।
४. आयोगहरूले आर्थिक श्रोत साधन प्राप्तिका लागि अग्रसरता लिनुपर्ने ।
५. संयुक्त राष्ट्रसंघ र विकास साझेदारहरूको परिपूरक भूमिकाको लागि पहल गर्ने
६. जानकारीमूलक हातेपुस्तक मार्फत जोखिमलाई न्यून गर्न प्रयास गर्ने ।
७. समन्वय र सहकार्यको सीमा र क्षेत्र बारेको वुझाईलाई प्रवर्द्धन गर्न आपसी सम्वाद गर्ने ।
८. सामुहिक सरोकारका विषयमा कानून संशोधनका लागि संयुक्त रूपमा पहल गर्ने
९. रणनीतिक ढाँचामा उल्लेख भएका समितिहरु र सबै आयोगहरु यसको कार्यान्वयनमा जिम्मेवार रहनेछन् ।

## अनुसूची १

# परामर्श गरिएका निकाय तथा व्यक्तिहरूको सूची

| क्र.स. | नाम र संस्था | परामर्श मिति |
|---|---|---|
| १) | टेक टमटा, पोर्टफोलीयो म्यानेजर, यूएनडीपी | २०७८/०२/०२ |
| २) | वेद भट्टराई, सचिव, राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०२/०२ |
| ३) | डा. टिकाराम पोखरेल, सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०२/०२ |
| ४) | मुरारिप्रसाद खरेल, सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग । | २०७८/०२/०२ |
| ५) | नवराज सापकोटा, सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग । | २०७८/०२/०२ |
| ६) | रमेश थापा प्रमुख, प्रदेश कार्यालय समन्वय महाशाखा, राष्ट्रिय मानव अधिकार आयोग । | २०७८/०२/०२ |
| ७) | आरती विष्ट, परियोजना प्रमुख, रणनीतिक योजना सहायता परियोजना राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०२/०२ |
| ८) | ऋतुराज भण्डारी, पूर्व सचिव, राष्ट्रिय महिला आयोग | २०७८/०२/०९ |
| ९) | मनोज कुमार आचार्य, सचिव, राष्ट्रिय महिला आयोग | २०७८/०२/०९ |
| १०) | देवराज विश्वकर्मा, अध्यक्ष, राष्ट्रिय दलित आयोग | २०७८/०२/१० |
| ११) | मिना देवी सोब, सदस्य, राष्ट्रिय दलित आयोग | २०७८/०२/१० |
| १२) | मञ्जित ताम्राकार, पुर्व कार्यवाहक अध्यक्ष, राष्ट्रिय दलित आयोग | २०७८/०२/१० |
| १३) | सिताराम घले परियार, पूर्व सदस्य सचिव राष्ट्रिय दलित आयोग | २०७८/०२/१० |
| १४) | अधिवक्ता जीवन परियार, पूर्व सदस्य सचिव, राष्ट्रिय दलित आयोग | २०७८/०२/१० |
| १५) | रूकु रणपाल, पूर्व सदस्य, राष्ट्रिय दलित आयोग | २०७८/०२/१० |
| १६) | नवराज ढुंगाना, सचिव, राष्ट्रिय दलित आयोग | २०७८/०२/१० |
| १७) | जर्ज भर्गिज, नीति फाउण्डेशन | २०७८/०२/१३ |
| १८) | लियन पाइने, नीति फाउण्डेशन | २०७८/०२/१३ |
| १९) | मा. बिष्णुमाया ओझा, कार्यवाहक अध्यक्ष, राष्ट्रिय समावेशी आयोग | २०७८/०२/१६ |
| २०) | सुनिता नेपाल, सचिव, मुस्लिम आयोग | २०७८/०२/१६ |
| २१) | मा. विष्णु प्रसाद चौधरी, अध्यक्ष, थारू आयोग । | २०७८/०२/१७ |
| २२) | मा. राम बहादुर थापामगर, अध्यक्ष, आदिवासी जनजाति आयोग | २०७८/०२/१७ |

| | | |
|---|---|---|
| २४) | मा. डा.विजय कुमार दत्त, अध्यक्ष, मधेशी आयोग | २०७८/०२/२१ |
| २५) | शिवदत्त भण्डारी, यूरोपियन यूनियन | २०७८/०२/२६ |
| २६) | स्वर्णिमा भण्डारी, युएनडिपि | २०७८/०२/२६ |
| २७) | सन्तोष सिग्देल - एफयचआइ | २०७८/०२/२६ |
| २८) | नवनिता सिन्हा - युएन वुमन | २०७८/०२/२६ |
| २९) | त्रिलोकचन्द विश्वास वि.के., दलित समाज कल्याण संघ (एनएनडीएसडब्लुओ) | २०७८/०२/२८ |
| ३०) | प्रकाश नेपाली, समता फाउण्डेशन | २०७८/०२/२८ |
| ३१) | प्रदिप परियार, समता फाउण्डेशन | २०७८/०२/२८ |
| ३२) | भक्त विश्वकर्मा, दलित गैर सरकारी संस्था महासंघ (डीएनएफ) | २०७८/०२/२८ |
| ३३) | रेणु सिजापती, दलित महिला संघ (फेडो) | २०७८/०२/२८ |
| ३४) | प्रा. कपिल श्रेष्ठ, पूर्व सदस्य, राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०२/३१ |
| ३५) | सुदिप पाठक, पूर्व सदस्य, राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०२/३१ |
| ३६) | सुशिल प्याकुरेल, पूर्व सदस्य, राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०२/३१ |
| ३७) | डा. गौरी शंकरलाल दास, पूर्व सदस्य, राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०२/३१ |
| ३८) | प्रा. कपिल श्रेष्ठ, पूर्व सदस्य, राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०२/३१ |
| ३९) | अनुपराज शर्मा, पूर्व अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०३/०३ |
| ४०) | केदारनाथ उपाध्याय, पूर्व अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग | २०७८/०३/०३ |
| ४१) | लक्ष्मी अर्याल, महिला पुर्नस्थापना केन्द्र-ओरेक | २०७८/०३/०९ |
| ४२) | अनिता थपलिया, ल्याक | २०७८/०३/०९ |
| ४३) | घनश्याम खडका, मानव अधिकार पत्रकार संघ -हुर्जा | २०७८/०३/०९ |
| ४४) | रूप सुनार, डिगनिटी फाउनडेशन | २०७८/०३/०९ |
| ४६) | पवित्रा सुनार, नागरिक दैनिक | २०७८/०३/०९ |
| ४७) | रिम विश्वकर्मा, डिगनिटी मीडिया | २०७८/०३/०९ |

# अनुसूची २

मिति २०७८/०७/२८ देखि २०७८/०८/३ गतेसम्म नगरकोटमा सम्पन्न संबैधानिक आयोगहरूकोबिच समन्वय र सहकार्य सम्बन्धी कार्यशालामा सहभागी संवैधानिक आयोगका पदाधिकारीहरु र कर्मचारीहरूको नामावली

| राष्ट्रिय मानव अधिकार आयोग | | | |
|---|---|---|---|
| **क्र.सं.** | **नाम** | **पद** | **निकाय** |
| १ | माननीय तप बहादुर मगर | अध्यक्ष | रा.मा.अ आयोग |
| २ | माननीय सूर्य प्रसाद शर्मा ढुंगेल | सदस्य | रा.मा.अ आयोग |
| ३ | माननीय मिहिर ठाकुर | सदस्य | रा.मा.अ आयोग |
| ४ | माननीय मनोज दुवाडी | सदस्य | रा.मा.अ आयोग |
| ५ | माननीय लिली थापा | सदस्य | रा.मा.अ आयोग |
| ६ | मुरारिप्रसाद खरेल | का.मू.सचिव | रा.मा.अ आयोग |
| ७ | डा. टीकाराम पोखरेल | सहसचिव | रा.मा.अ आयोग |
| ८ | यज्ञप्रसाद अधिकारी | सहसचिव | रा.मा.अ आयोग |
| ९ | दीपक जङ्गध्वज कार्की | सहसचिव | रा.मा.अ आयोग |
| १० | नवराज सापकोटा | सहसचिव | रा.मा.अ आयोग |
| ११ | सम्झना शर्मा | सहसचिव | रा.मा.अ आयोग |
| १२ | माया देवी शर्मा | उपसचिव | रा.मा.अ आयोग |
| १३ | रमेशकुमार थापा | मानव अधिकार अधिकृत | रा.मा.अ आयोग |
| १४ | कुमारी महरा | मानव अधिकार अधिकृत | रा.मा.अ. आयोग |
| १५ | किरण घिमिरे | सहायक प्रथम | रा.मा.अ. आयोग |

| राष्ट्रिय महिला आयोग | | | |
|---|---|---|---|
| क्र.सं. | नाम | पद | निकाय |
| १ | माननीय कमला कुमारी पराजुली | अध्यक्ष | रा. महिला आयोग |
| २ | माननीय कृष्ण कुमारी पौडेल खतिवडा | सदस्य | रा.महिला आयोग |
| ३ | माननीय विद्या कुमारी सिन्हा | सदस्य | रा.महिला आयोग |
| ४ | माननीय जया घिमिरे | सदस्य | रा.महिला आयोग |
| ५ | माननीय सावीत्रा कुमारी शर्मा | सदस्य | रा.महिला आयोग |
| ६ | मनोज कुमार आचार्य | सचिव | रा. महिला आयोग |
| **राष्ट्रिय दलित आयोग** | | | |
| क्र.सं. | नाम | पद | निकाय |
| १ | माननीय देवराज विश्वकर्मा | अध्यक्ष | राष्ट्रिय दलित आयोग |
| २ | माननीय मीना देवी सोव | सदस्य | राष्ट्रिय दलित आयोग |
| ३ | माननीय टुन्जे कामी (बराइली) | सदस्य | राष्ट्रिय दलित आयोग |
| ४ | माननीय मेहले पार्की | सदस्य | राष्ट्रिय दलित आयोग |
| ५ | माननीय सुन्दर पुर्कुटी | सदस्य | राष्ट्रिय दलित आयोग |

| राष्ट्रिय समावेशी आयोग | | | |
|---|---|---|---|
| क्र.सं. | नाम | पद | निकाय |
| १ | माननीय डा.राम कृष्ण तिमिल्सेना | अध्यक्ष | राष्ट्रिय समावेशी आयोग |
| २ | माननीय विष्णुमाया ओझा | सदस्य | राष्ट्रिय समावेशी आयोग |
| ३ | माननीय हरि दत्त जोशी | सदस्य | राष्ट्रिय समावेशी आयोग |
| ४ | माननीय पुष्पराज तिमिल्सिना (प्रवक्ता) | सदस्य | राष्ट्रिय समावेशी आयोग |
| ५ | माननीय मान प्रसाद खत्री | सदस्य | राष्ट्रिय समावेशी आयोग |
| ६ | भुवनहरि अर्याल | सचिव | राष्ट्रिय समावेशी आयोग |

| आदिवासी जनजाती आयोग | | | |
|---|---|---|---|
| क्र.सं. | नाम | पद | निकाय |
| १ | माननीय राम बहादुर थापामगर | अध्यक्ष | आदिवाशी जनजाती आयोग |
| २ | माननीय डा.मीन बहादुर श्रीस | सदस्य | आदिवाशी जनजाती आयोग |
| ३ | माननीय रीना राना | सदस्य | आदिवाशी जनजाती आयोग |
| ४ | माननीय सूर्य बहादुर गुरूङ्ग | सदस्य | आदिवाशी जनजाती आयोग |
| ५ | राजेन्द्र प्रसाद घिमिरे | सचिव | आदिवाशी जनजाती आयोग |
| मधेशी आयोग | | | |
| क्र.सं. | नाम | पद | निकाय |
| १ | माननीय डा. विजय कुमार दत्त | अध्यक्ष | मधेशी आयोग |
| २ | माननीय जीवछ साह | सदस्य | मधेशी आयोग |
| ३ | माननीय रेणु देवी साह | सदस्य | मधेशी आयोग |
| ४ | माननीय आभा कुमारी सिंह | सदस्य | मधेशी आयोग |
| थारू आयोग | | | |
| क्र.सं. | नाम | पद | निकाय |
| १ | माननीय बिष्णु प्रसाद चौधरी | अध्यक्ष | थारू आयोग |
| २ | माननीय सुबोध सिंह थारु | सदस्य | थारू आयोग |
| ३ | माननीय भोलाराम चौधरी | सदस्य | थारू आयोग |
| ४ | माननीय डा. उमाशंकर प्रसाद चौधरी | सदस्य | थारू आयोग |
| ५ | माननीय शान्ती मोदी | सदस्य | थारू आयोग |
| ६ | कृष्णकान्त उपाध्याय | सचिव | थारू आयोग |
| मुश्लिम आयोग | | | |
| क्र.सं. | नाम | पद | निकाय |
| १ | माननीय समिम मियाँ अन्सारी | अध्यक्ष | मुश्लिम आयोग |
| २ | माननीय महमदिन अली | सदस्य | मुश्लिम आयोग |
| ३ | माननीय मिर्जा अर्सद बेग | सदस्य | मुश्लिम आयोग |
| ४ | माननीय मोहम्मद समशुल हक | सदस्य | मुश्लिम आयोग |

| क्र.सं. | राष्ट्रिय मानव अधिकार आयोग रणनीतिक सहयोग परियोजना यूएनडिपीका कर्मचारीहरू | | |
|---|---|---|---|
| १ | टेक टमाटा | पोर्टफोलियो म्यानेजर, | यूएनडिपी |
| २ | आरति विष्ट | परियोजना व्यवस्थापक | रा.मा.अ आयोग, रणनीतिक योजना सहयोग परियोजना यूएनडिपी |
| ३ | अर्जून विश्वकर्मा | कार्यक्रम अधिकृत | रा.मा.अ आयोग, रणनीतिक योजना सहयोग परियोजना यूएनडिपी |
| ४ | विजेता श्रेष्ठ | वरिष्ठ प्रशासन तथा वित्त सहायक | रा.मा.अ आयोग, रणनीतिक योजना सहयोग परियोजना यूएनडिपी |
| ५ | उमेश थापा मगर | कार्यालय सहयोगी | रा.मा.अ आयोग, रणनीतिक योजना सहयोग परियोजना यूएनडिपी |
| ६ | माइला लामा | सवारी चालक | रा.मा.अ आयोग, रणनीतिक योजना सहयोग परियोजना यूएनडिपी |

# अनुसूची ३

मिति २०७८/०७/२८ देखि २०७८/०८/३ गतेसम्म नगरकोटमा सम्पन्न संबैधानिक आयोगहरूबिच समन्वय र सहकार्य सम्बन्धी कार्यशालामा गठित आगामी कार्यदिशा तर्जूमा कार्यदल (wayforward taskforce) का पदाधिकारीहरूको नामावली

| क्र.सं. | नाम र थर | पद र संस्था | कार्यदल |
|---|---|---|---|
| १ | डा. सूर्यप्रसाद शर्मा ढुङ्गेल | माननीय सदस्य राष्ट्रिय मानव अधिकार आयोग, | संयोजक |
| २ | श्री विद्या कुमारी सिन्हा | माननीय सदस्य, राष्ट्रिय महिला आयोग, | सदस्य |
| ३ | श्री मिनादेवी सोव | माननीय सदस्य, राष्ट्रिय दलित आयोग, | सदस्य |
| ४ | श्री हरिदत्त जोशी | माननीय सदस्य, राष्ट्रिय समावेशी आयोग, | सदस्य |
| ५ | श्री रीना राना | माननीय सदस्य, आदिबासी जनजाति आयोग, | सदस्य |
| ६ | श्री आभा कुमारी सिंह | माननीय सदस्य, मधेशी आयोग | सदस्य |
| ७ | डा. उमा शंकर प्रसाद चौधरी | माननीय सदस्य, थारू आयोग | सदस्य |
| ८ | श्री मिर्जा अर्सद वेग | माननीय सदस्य, मुस्लिम आयोग | सदस्य |

# अनुसूची ४

# नगरकोट कार्यशालामा संयुक्तरूपमा प्रेषित विज्ञप्ति

## प्रेस विज्ञप्ति

३० कार्तिक, २०७८

### समयमै न्याय पाउने नागरिकको अधिकारको सुनिश्चितता गर्न आग्रह

विगत दुई हप्तादेखि सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणलगायत नियमित मुद्दाहरुको सुनुवाई सुचारु हुन नसकेको र यसबाट सर्वसाधारणको छिटोछरितो न्याय पाउने अधिकारको उपभोगमा समेत बाधा उत्पन्न भएको सन्दर्भमा संवैधानिक आयोगका पदाधिकारीको ध्यान आकृष्ट भएको छ। बार र बेन्चको सहकार्य, सहअस्तित्व र समन्वयमा मात्र प्रभावकारी न्यायसम्पादन हुने हुँदा त्यसको विपरीत बार र बेन्च बीच फाटो आउनु दुर्भाग्यपूर्ण छ । मुलुकको वर्तमान न्यायिक परिदृश्यबाट संविधान, संविधानवाद, कानुनको शासन, नागरिकको मानव अधिकार र मौलिक हकको उपभोगमा नै बाधा अवरोध पुगेको छ। यस प्रकारको बाधा अवरोध जहाँबाट भए पनि राम्रो मान्न सकिँदैन।

अदालतमा प्रधानन्यायाधीश र न्यायाधीशहरु न्याय सम्पादनका लागि बराबर जिम्मेवार छन् । प्रधान न्यायाधीश, न्यायाधीश, न्यायालयका कर्मचारी र बारको समष्टि नै न्यायालय हो । न्यायालयमा यस प्रकारका बिवाद वा समस्या उत्पन्न हुँदा संविधान र लोकतन्त्र उपर नै चुनौती आउने हुँदा समस्या समाधानको लागि विधिसम्मत, संविधानसम्मत र न्यायसंगत मार्ग अवलम्बन गर्नु बाहेक अर्को विकल्प छैन । यस विषम परिस्थितिमा सबै सरोकारवालाहरुले आआफ्ना अडानमा लचिलो भई न्याय र जनताका हितका लागि आफ्नो असहमतिका कारणबाट सिर्जना भएका विवादबाट पछि हटेर वर्तमान समस्याको समाधान खोज्नु राष्ट्रिय हितमा छ।

अतः न्याय निरुपण गर्ने देशको सर्वोच्च संस्थामा देखा परेको वर्तमान गतिरोधको समस्याको जरो पहिल्याउन, दीर्घकालीन असर पर्ने यस प्रकारका बिवाद समाधानमा गम्भीर हुन, यस प्रकारका विवादले संविधान मात्र नभई लोकतन्त्र उपर नै खतरा आउन सक्ने कुरालाई आत्मसात गर्न, हरेक समस्याको निकास संविधान र कानुनबमोजिम नै संभव छ भन्ने कुरालाई हृदयंगम गर्न एवम् वार्ता र संवादको माध्यमबाटै गतिरोधको अन्त्य गर्दै नियमित रुपमा मुद्दाको सुनुवाई हुने वातावरण सिर्जना गरी समयमै न्याय पाउने नागरिकको अधिकारको सुनिश्चितता गर्न हामी सम्बद्ध सबै पक्षलाई विनम्र अनुरोध गर्दछौं।

**आयोगहरुको तर्फबाट**

तपबहादुर मगर, अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग

कमला पराजुली, अध्यक्ष, राष्ट्रिय महिला आयोग

देवराज विश्वकर्मा, अध्यक्ष, राष्ट्रिय दलित आयोग

डा. रामकृष्ण तिमल्सिना, अध्यक्ष, राष्ट्रिय समावेशी आयोग

रामबहादुर थापामगर, अध्यक्ष, आदिवासी जनजाति आयोग

डा. विजय दत्त, अध्यक्ष, मधेशी आयोग

विष्णुप्रसाद चौधरी, अध्यक्ष, थारु आयोग

समिम मियाँ अन्सारी अध्यक्ष, मुस्लिम आयोग

डा. सूर्यप्रसाद शर्मा दुङ्गेल, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग

मिहिर ठाकुर, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग

मनोज दुवाडी, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग

लिली थापा, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग

कृष्णकुमारी पौडेल खतिवडा, सदस्य, राष्ट्रिय महिला आयोग

विद्याकुमारी सिन्हा, सदस्य, राष्ट्रिय महिला आयोग

जया घिमिरे, सदस्य, राष्ट्रिय महिला आयोग

सावीत्रा कुमारी शर्मा, सदस्य, राष्ट्रिय महिला आयोग

मीनादेवी सोव, सदस्य, राष्ट्रिय दलित आयोग

टुन्जे कामी (बराइली), सदस्य, राष्ट्रिय दलित आयोग

मेहल पार्की, सदस्य, राष्ट्रिय दलित आयोग

सुन्दर पुर्कुटी, सदस्य, राष्ट्रिय दलित आयोग

विष्णुमाया ओभा, सदस्य, राष्ट्रिय समावेशी आयोग

हरिदत्त जोशी, सदस्य, राष्ट्रिय समावेशी आयोग

पुष्पराज तिमिल्सिना, सदस्य, राष्ट्रिय समावेशी आयोग

मानप्रसाद खत्री, सदस्य, राष्ट्रिय समावेशी आयोग

डा. मीनबहादुर श्रीस, सदस्य, आदिवासी जनजाति आयोग

रीना राना, सदस्य, आदिवासी जनजाति आयोग

शरण राई, सदस्य, आदिवासी जनजाति आयोग अनुपस्थित

सूर्यबहादुर गुरुङ्ग, सदस्य, आदिवासी जनजाति आयोग अनुपस्थित

जीवछ साह, सदस्य, मधेशी आयोग

विजय कुमार गुप्ता, सदस्य, मधेशी आयोग अनुपस्थित

रेणु देवी साह, सदस्य, मधेशी आयोग

आभा कुमारी सिंह, सदस्य, मधेशी आयोग

सुबोध सिंह थारू, सदस्य, थारु आयोग

भोलाराम चौधरी, सदस्य, थारु आयोग

डा. उमाशंकर प्रसाद चौधरी, सदस्य, थारु आयोग

शान्ति मोदी, सदस्य, थारु आयोग

महमदिन अली, सदस्य, मुस्लिम आयोग अनुपस्थित

मिर्जा अर्सद बेग, सदस्य, मुस्लिम आयोग

मोहम्मद समशुल हक, सदस्य, मुस्लिम आयोग

# अनुसूची ५

नगरकोट कार्यशाला पश्चात मिति २०७८/०९/७ गते आयोगको सभाहलमा संबैधानिक आयोगहरूबिच भएको वैठकमा उपस्थित संवैधानिक आयोगका पदाधिकारीहरु र कर्मचारीहरूको विवरण

| क्र.सं | नाम | निकाय | पद |
|---|---|---|---|
| १. | तप बहादुर मगर | राष्ट्रिय मानव अधिकार आयोग | अध्यक्ष |
| २. | डा. बिजय दत्त | रा.मधेशी आयोग | अध्यक्ष |
| ३. | देवराज बिश्वकर्मा | राष्ट्रिय दलित आयोग | अध्यक्ष |
| ४. | विष्णु प्रसाद चौधरी | थारू आयोग | अध्यक्ष |
| ५. | राम बहादुर थापा मगर | आदिवासी जनजाती आयोग | अध्यक्ष |
| ६. | डा.रामकृष्ण तिमिल्सेना | राष्ट्रिय समावेशी आयोग | अध्यक्ष |
| ७. | कमला पराजुली | राष्ट्रिय महिला आयोग | अध्यक्ष |
| ८. | डा.सूर्य ढुङ्गेल | राष्ट्रिय मानव अधिकार आयोग | सदस्य |
| ९. | विद्या सिन्हा | राष्ट्रिय महिला आयोग | सदस्य |
| १०. | आभा सेतु सिंह | मधेशी आयोग | सदस्य |
| ११. | भोला दाहाल | आदिवासी जनजाती आयोग | सचिव |
| १२. | रेखा दास | मुश्लिम आयोग | सचिव |
| १३. | चमिला भट्टराई | राष्ट्रिय महिला आयोग | नि. सचिव |
| १४. | भुवनहरी अर्याल | राष्ट्रिय समावेशी आयोग | सचिव |
| १५. | कृष्णकान्त उपाध्याय | थारू आयोग | सचिव |
| १६. | आरती विष्ट | राष्ट्रिय मानव अधिकार आयोग रणनतिक योजना सहायता परियोजना | |
| १७. | हरिदत्त जोशी | राष्ट्रिय समावेशी आयोग | सदस्य |
| १८. | मिर्जा अर्सद बेग | मुश्लिम आयोग | सदस्य |
| १९. | डा. उमा शंकर प्रसाद चौधरी | थारू आयोग | सदस्य |
| २०. | मुरारि प्रसाद खरेल | राष्ट्रिय मानव अधिकार आयोग | सचिव |

| | | | |
|---|---|---|---|
| २१. | मिना देवी सोब | राष्ट्रिय दलित आयोग | सदस्य |
| २२. | मिहिर ठाकुर | राष्ट्रिय मानव अधिकार आयोग | सदस्य |
| २३. | मनोज दुवाडी | राष्ट्रिय मानव अधिकार आयोग | सदस्य |
| २४. | सम्झना शर्मा | राष्ट्रिय मानव अधिकार आयोग | सहसचिव |
| २५. | रमेश थापा | राष्ट्रिय मानव अधिकार आयोग | मानव अधिकार अधिकृत |
| २६. | कुमारी महरा | राष्ट्रिय मानव अधिकार आयोग | मानव अधिकार अधिकृत |
| २७. | इन्दिरा पोखरेल | राष्ट्रिय मानव अधिकार आयोग | कार्यालय सहयोगी |
| २८. | माया देवी शर्मा | राष्ट्रिय मानव अधिकार आयोग | उपसचिव |
| २९. | कुमार तामाङ्ग | राष्ट्रिय मानव अधिकार आयोग | सवारी चालक |
| ३०. | किरण घिमिरे | | मानव अधिकार अधिकृत |
| ३१. | रञ्जिता साह | राष्ट्रिय मानव अधिकार आयोग | मानव अधिकार अधिकृत |
| ३२. | जनक डिस्वा | राष्ट्रिय मानव अधिकार आयोग | पि.एस.ओ. |
| ३३. | उत्तम गिरी | राष्ट्रिय मानव अधिकार आयोग | सवारी चालक |
| ३४. | खगेन्द्र मगर | राष्ट्रिय मानव अधिकार आयोग | सुरक्षा गार्ड |
| ३५. | कृष्ण श्रेष्ठ | राष्ट्रिय मानव अधिकार आयोग | सुरक्षा गार्ड |
| ३६. | सुर्यकान्त खतिवडा | राष्ट्रिय मानव अधिकार आयोग | कार्यालय सहयोगी |
| ३७ | बाबु काजी के.सी. | राष्ट्रिय मानव अधिकार आयोग | सुरक्षा अधिकृत |

## अनुसूचि ६

# राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको कार्यादेश

## एक तुलानात्मक चार्ट

| आयोगको नाम | सामान्यतया एकल रूपमा सम्पादन हुन सक्ने कार्यादेश | समन्वय र सहकार्यमा कार्यान्वयन हुन सक्ने कार्यादेश | समन्वय सहकार्य गर्न सकिने अन्य आयोगहरू | समन्वय सहकार्य नेतृत्वका लागि उपयुक्त आयोग |
|---|---|---|---|---|
| राष्ट्रिय मानव अधिकार आयोग | मानव अधिकार संरक्षणका लागिसरकारी, सार्वजनिक तथा निजि संस्थाहरूको निरीक्षण तथा अनुगमन गरी तिनको सुधारका लागि निर्देशन दिने । | मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय मानव अधिकार आयोग |
| | | मानव अधिकारको उल्लङ्घन भएको घटनामा उजुरी परे वा आफै जानकारीमा आए छानबिन, अध्ययन तथा अनुसन्धान गरी दोषी उपर कारबाहीको लागि सिफारिस गर्ने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय मानव अधिकार आयोग |
| | मानव अधिकारको उल्लङ्घन भएको बारे अदालत समक्ष दावी समावेश भएको विचाराधिन मुद्दाको विषयमा सम्वन्धित अदालतको अनुमतिले छानविन गर्ने | मानव अधिकारको चेतना अभिबृद्धि गर्न नागरिक समाजसँग समन्वय सहकार्य गर्ने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय मानव अधिकार आयोग |
| | मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने कर्तव्य तथा जिम्मेवारी पाएको पदाधिकारीले कर्तव्य पलना नगरे वा जिम्मेवारी पूरा नगरे वा कर्तव्य तथा जिम्मेवारी पूरा गर्न उदासीनता देखाए त्यस्ता पदाधिकारीलाई विभागीय कारबाही गर्न सिफारिस गर्ने । | मानव अधिकार कानूनको आवधिक पुनरावलोकन गरी सुधार तथा संशोधन आवश्यक परेमा सरकारलाई सिफारिस गर्ने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय मानव अधिकार आयोग |
| | मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न सम्बन्धित निकायमा लेखी पठाउने । | नेपाल पक्ष भएका मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयनको लागि सिफारिस गर्ने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु । | राष्ट्रिय मानव अधिकार आयोग |

| | | | | |
|---|---|---|---|---|
| **राष्ट्रिय मानव अधिकार आयोग** | मानव अधिकारको उल्लङ्घन गर्ने व्यक्ति तथा संस्थाका विरूद्ध मुद्दा दायर गर्नुपर्ने भए अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने । | मानव अधिकार उल्लङ्घन पीडितलाई कानून बमोजिम क्षपूर्ति तथा अन्तरिम राहत प्रदान गर्न र उद्धार गर्न आदेश दिने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय मानव अधिकार आयोग |
| | मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनमा नेपाल पक्ष बन्नु पर्ने भए कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने । | मानव अधिकारको संरक्षण, सम्वर्धन, प्रवर्धन तथा कार्यान्वयको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय मानव अधिकार आयोग |
| | मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानून अन्तर्गत प्रतिवेदन गर्नुपर्ने दायित्व भएको विषयमा सरकारले राय परामर्श माग्दा राय परामर्श दिने । | मानव अधिकारको संरक्षण, सम्वर्धन तथा प्रवर्धनसँग सम्बन्धित कुरामा जुनसुकै निकाय वा पदाधिकारीको ध्यानकर्षण गराउन सक्ने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय मानव अधिकार आयोग |
| | मानव अधिकारको उल्लङ्घन सम्बन्धमा भएका सिफारिस वा निर्देशन कार्यान्वयन वा पालना नगर्ने व्यक्ति, पदाधिकारी वा निकायको नाम सार्वजनिक गरी उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने । | मानव अधिकारको विद्यमान अवस्था समीक्षा गरी प्रतिवेदन सार्वजनिक गर्ने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय मानव अधिकार आयोग |
| | अदालतलाई भए सरहको अधिकार प्रयोग गरी कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराई बयान, बकपत्र गराउने, दशी प्रमाण बुझी दाखिला गर्न लगाउने । | मानवअधिकार शिक्षालाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय मानव अधिकार आयोग |
| | मानव अधिकारको उल्लङ्घन भइरहेको वा भइसकेको सूचना प्राप्त गरी कुनै व्यक्तिको घर तथा कार्यालयमा बिना सूचना प्रवेश गरी खानतलासी लिई मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित लिखत तथा सबुद प्रमाण कब्जामा लिने । | आफ्नो कार्य सम्पादनको लागि समिति वा कार्यदल गठन गर्नसक्ने । | मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | |
| | मानव अधिकारको उल्लङ्घन भइरहेको सूचना पाई तत्काल उद्धार गर्नुपर्ने भएमा बिना सूचना प्रवेश गरी उद्धार गर्ने । | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| | आयोगले गरेका सिफारिस कार्यान्वयनका लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई लेखी पठाई सिफारिस कार्यान्वयन अवस्थाको अनुगमन गर्ने वा गराउने । | अध्ययन अनुसन्धान गरी गराई लैङ्गिक न्यायको दृष्टिकोणबाट संविधान तथा अन्तर्राष्ट्रिय कानून बमोजिम महिलाहरूको आर्थिक, सामाजिक, साँस्कृतिक र नागरिक तथा राजनीतिक अधिकार सुनिश्चित गर्दै प्रभावकारी कानून तथा नीति तर्जुमा गरी सशक्तिकरण गर्दै राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्न र प्रचलित कानून तथा नीतिमा सुधार गर्नपर्ने भए सो समेत गर्न नेपाल सरकारलाई सुझाव दिने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय महिला आयोग |
| **राष्ट्रिय महिला आयोग** | हिंसा, विभेद लगायतबाट सामाजिक बहिष्करण, जोखिम वा विस्थापनमा परेका पीडित महिलाहरूको लागि पुनर्स्थापनाको व्यवस्थापन गर्ने । | महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन भए नभएको अनुगमन गर्दै प्रभावकारी पालना तथा कार्यान्वयन गर्न तथा सन्धिका दायित्व बमोजिम पठाउनुपर्ने प्रतिवेदन तयारीका लागि नेपाल सरकारलाई सुझाव दिने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय महिला आयोग |
| | आयोगका पदाधिकारी तथा कर्मचारीकोलागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने, | आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय महिला आयोग |
| | आफ्नो काम कारबाही सम्बन्धी कुनै संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासंग परामर्श गर्न वा राय लिन सक्ने । | महिलाको हक हितको संरक्षण र सम्वर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवम् चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय महिला आयोग |
| | उजुरी लिने, छानबिन गर्ने, तामेलीमा राख्ने, मुद्दा दायर गर्न सिफारिस गर्ने तथा मेलमिलाप गराउने । | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| राष्ट्रिय दलित आयोग | आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने, गराउने । | अध्ययन अनुसन्धान गरी जातीय भेदभाव तथा छुवाछूत अन्त्यको दृष्टिकोणबाट संविधान तथा अन्तर्राष्ट्रिय कानून बमोजिम दलित समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक र नागरिक तथा राजनीतिक अधिकार सुनिश्चित गर्दै प्रभावकारी कानून तथा नीति तर्जुमा गरी सशक्तिकरण गर्दै राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्न र प्रचलित कानून तथा नीतिमा सुधार गर्नपर्ने भए सो समेत गर्न नेपाल सरकारलाई सुझाब दिने । | राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार र सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय दलित आयोग |
| | दलित समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने । | दलित मानव अधिकारसँग सम्बन्धित नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन भए नभएको अनुगमन गर्दै प्रभावकारी पालना तथा कार्यान्वयन गर्न तथा सन्धिका दायित्व बमोजिम पठाउनुपर्ने प्रतिवेदन तयारीका लागि नेपाल सरकारलाई सुझाब दिने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय दलित आयोग |
| | आयोगका पदाधिकारी तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने । | दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि आवश्यक सूचना, जानकारी एवम् चेतनामूलक कार्यक्रम तर्जुमा गरी प्रचार प्रसार सामग्री तयार गरी वितरण गरी कार्यान्वयन गर्ने गराउने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय दलित आयोग, |
| | समिति वा कार्यदल गठन गरी वा नगरी संविधान, यो ऐन र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने काममा विशेषज्ञको सेवा लिने । | आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय दलित आयोग, |
| | उजुरी लिने, छानबिन गर्ने, तामेलीमा राख्ने, मुद्दा दायर गर्न सिफारिस गर्ने तथा मेलमिलाप गराउने । | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| **राष्ट्रिय समावेशी आयोग** | आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने । | खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसत्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय समावेशी आयोग |
| | आयोगका पदाधिकारी तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने । | उपरोक्त समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय समावेशी आयोग |
| | समिति वा कार्यदल गठन गरी वा नगरी विशेषज्ञ सेवा लिने । | उपरोक्त वर्ग समुदायसँग सम्बन्धित पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय समावेशी आयोग |
| | - | उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने, | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय समावेशी आयोग |
| | - | आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | राष्ट्रिय समावेशी आयोग |

| | | | | |
|---|---|---|---|---|
| **आदिवासी जनजाती आयोग** | आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयन आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने । | आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका लागि तथा आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | आदिवासी जनजाती आयोग |
| | आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने । | आदिवासी जनजाति समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | आदिवासी जनजाती आयोग |
| | समिति वा कार्यदल गठन गरी वा नगरी विशेषज्ञ सेवा लिने । | आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने, | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | आदिवासी जनजाती आयोग |
| | | आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यन्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने, | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | आदिवासी जनजाती आयोग |
| | - | आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्नेछ । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | आदिवासी जनजाती आयोग |

| | | | | |
|---|---|---|---|---|
| **मधेशी आयोग** | आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने, | मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने, | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | मधेशी आयोग |
| | मधेशी समुदायको अधिकार उल्लङ्घन गर्नेव्यक्ति वा संस्थाका विरूद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने । | मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने, | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | मधेशी आयोग |
| | मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने, | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | मधेशी आयोग |
| | समिति वा कार्यदल गठन गरी नगरी विशेषज्ञ सेवा लिने । | मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | मधेशी आयोग |
| | - | मधेशी समुदायको अधिकार उल्लङ्घन गर्नेव्यक्ति वा संस्थाका विरूद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, थारू आयोग र मुस्लिम आयोग । | मधेशी आयोग |

| | | | | |
|---|---|---|---|---|
| **थारू आयोग** | आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने | थारू समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने, थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने, थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने, | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग र मुस्लिम आयोग । | थारू आयोग |
| | आयोगका पादधिकारी तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने । | थारू समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने, थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | थारू आयोग |
| | समिति वा कार्यदल गठन गरी वा नगरी विशेषज्ञ सेवा लिने । | थारू समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | थारू आयोग |

| | | | | |
|---|---|---|---|---|
| **थारू आयोग** | - | थारू समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अर्न्तराष्ट्रिय सन्धि सम्फौता कार्यन्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने, थारू समुदायको अधिकार उलङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने, थारू समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तिकरणको लागि विशेष कार्यक्रम तर्जुमा गर्ने । थारू समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गरी थारू समुदायको सशक्तिकरणको लागि कार्यक्रम तर्जुमा गर्ने । थारू समुदायको उदगमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्वर्द्धन गर्ने । थारू समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | थारू आयोग |

| | | | | |
|---|---|---|---|---|
| मुस्लिम आयोग | आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने | मुस्लिम समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने, मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | मुस्लिम आयोग । |
| | मुस्लिम समुदायको अधिकार उलङ्घन गर्नेव्यक्ति वा संस्थाका विरूद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने । | मुस्लिम समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तरराष्ट्रिय सन्धि सम्झौता कार्यन्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | मुस्लिम आयोग । |
| | आयोगका पदाधिकारी तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने । | मुस्लिम समुदायको अधिकार उलङ्घन गर्नेव्यक्ति वा संस्थाका विरूद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | मुस्लिम आयोग । |
| | आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने । | मुस्लिम समुदायको पिछडिएको अवस्था र हालको शैक्षिक, राजनैतिक, सामाजिक तथा आर्थिक दुरावस्थाको अध्ययन अनुसन्धान गरी समुदायको विकासका लागि नेपाल सरकारलाई सुझाव दिने । | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | मुस्लिम आयोग । |
| | समिति वा कार्यदल गठन गरी नगरी विशेषज्ञ सेवा लिने । | | राष्ट्रिय मानव अधि कार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु | मुस्लिम आयोग । |

## अनुसूची ७

# समन्वय र सहकार्यको रणनीतिक ढाँचा तर्जूमाको क्रममा आयोजना गरिएको अन्तरक्रिया/छलफल कार्यक्रमका फोटाहरू



























Download





















# राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू


**केन्द्रीय कार्यालय**
हरिहर भवन, पुल्चोक, ललितपुर
फोन : ०१–५०१००१५, (हटलाइन : ०१–५०१००००)
फ्याक्स : ०१-५५४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल
ई-मेल : nhrc@nhrcnepal.org

**प्रदेश नं. १ कार्यालय, विराटनगर**
फोन : ०२१-५१२९३१, ५९०९९३
फ्याक्स : ०२१-५१११००
ई-मेल : nhrcbrt@nhrcnepal.org

**मधेश प्रदेश कार्यालय, जनकपुर**
फोन : ०४१-५९०३१३/१४
फ्याक्स : ०४१-५९०३१५
ई-मेल : nhrcjnk@nhrcnepal.org

**बागमती प्रदेश कार्यालय, हेटौंडा**
फोन : ०५७–५९१२११, ५९१३११
फ्याक्स : ०५७-५९१३११
ई-मेल : nhrcsnp@nhrcnepal.org

**गण्डकी प्रदेश कार्यालय, पोखरा**
फोन : ०६१–५८६०५९, ५८६०८१
फ्याक्स : ०६१–५३५८७५
ई-मेल : nhrcpkr@nhrcnepal.org

**लुम्बिनी प्रदेश कार्यालय, बुटवल**
फोन : ०७१-४१०१७५
फ्याक्स : ०७१-४१०१७६
ई-मेल : nhrcbtl@nhrcnepl.org

**कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेत**
फोन : ०८३-५९०२२४
फ्याक्स : ०८३-५९०२२४
ई-मेल : nhrcskt@nhrcnepl.org

**सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**
फोन : ०९१-५२५६२१, ५२५६२२
फ्याक्स : ०९१-५२५६२३
ई-मेल : nhrcdhn@nhrcnepal.org

**प्रदेश नं. १ शाखा कार्यालय, दिक्तेल**
फोन : ०३६-४२०२८४,
ई-मेल : nhrckht@nhrcnepal.org

**लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज**
फोन : ०८१-५३६७०७/८
फ्याक्स : ०८१-५३६७०६
ई-मेल : nhrcnpj@nhrcnepal.org

**कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला**
फोन : ०८७-५२०२२२
ई-मेल : nhrcjum@nhrcnepal.org